

# लाहुरे पतिको आकर्षण

• समीक्षा कोइराला

पोखरा– पोखरा, लामाचौर निवासी २० वर्षीया ज्योति गुरुङ आफ्नो जीवनमा आएको परिवर्तनबाट दङ्ग छिन् । डेढ वर्षअघि मात्र बेलायती सैनिक निर्जङ गुरुङसँग विवाह भएपछि नै उनले परिवर्तनको अनुभव गरेकी हुन् । एक निजी विद्यालयमा अध्यापन गराइरहेकी ज्योतिको जीवनले अहिले बेग्लै मोड लिएको छ । आर्थिक स्थिति सबल भएकाले नै आफ्नो जीवनशैलीमा परिवर्तन आएको ज्योति बताउँछिन् । सानै उमेरमा विवाह गरिदिए पनि ज्योतिजस्ता धेरै युवती आफूलाई निकै भाग्यशाली सम्झन्छन् । लाहुरेसँग विवाह गर्ने होडमा रहेका पोखरेली युवतीहरू बेलायती सेनामा कार्यरत जीवन साथी पाउँदा फुरुङ्ग हुन्छन्, गेसोको आन्दोलनको सफलतासँगै बेलायती सैनिकमा कार्यरत व्यक्तिलाई छोरी दिने आर्कषण ह्वातै बढेको छ । अहिले बेलायती सेनामा कार्यरत नेपालीले पनि बेलायतीसरह तलब/सुविधा पाउने प्रावधान बनेको छ । पन्ध्र वर्षभित्रै उनीहरूले आवासीय अनुमति पनि प्राप्त गर्छन् ।

'नेपालमा बेरोजगारीको समस्याका साथै विकसित देशमा स्थायी बसोबास एवं रोजगारको अवसर नै आकर्षणको मुख्य कारण हो,' भूतपूर्व महिला सैनिक संघ, पोखराकी अध्यक्ष मीना गुरुङ बताउँछिन् । ब्रिटिस आर्मीमा आफ्नो छोरा कार्यरत भएकाले नै कुशल बुहारी भित्र्याउन पाएकोमा उनी दङ्ग छिन् । अर्चलबोट घर भएकी मीना पुनको विवाहका लागी बाबु-आमाले 'लाहुरे' खोज्नुपरेन । उनले इन्टरनेटको माध्यमबाट आफ्नो जीवनसाथी आफैं भेटिन् । एक बेलायती सैनिक इन्टरनेटमार्फत उनको मित्र बने । मित्रता बिस्तारै प्रेममा र त्यसपछि विवाहमा परिणत भयो । बदलिँदो समयको नौलो किसिमको प्रेम, तर रोजाइ भने 'लाहुरे' नै । अहिले पनि गुरुङ, मगर समाजमा बेलायती सेनाको रोजगारसँग तुलना गर्नलायक कुनै रोजगारी छैन ।

'अध्ययनमा राम्रो सफलता पाइरहेका र सम्भावना बोकेका युवा पनि समुदायकै दबाबका कारण सेनामा भर्ती हुन्छन्,' मिना गुरुङ गुनासो पोख्छिन् । 'बेलायती सेनाप्रतिको आकर्षणलाई स्पष्ट पार्दै मीना पुन प्रसन्न मुद्रामा भन्छिन्– 'लाहुरे भनेपछि बुबा-आमाले हाम्रो सम्बन्धलाई स्वीकार गर्नुहुन्छ भन्ने कुरामा म ढुक्क थिएँ ।' सेनामा भर्ती हुने होडसँगै सैनिक परिवारले पनि विदेशमा बसोबास गर्ने सपना सजाउँदैछन् । 'विदेश बस्ने मौका छोडेर पनि किन नेपाल फर्कने ?' भविष्यको योजनाका सम्बन्धमा प्रश्न गर्दा पुन प्रतिप्रश्न गर्छिन् ।

१६ वर्षअघि विवाह गरेकी अञ्जली पुन पनि आफ्नो सन्तानको सुनिश्चित भविष्यका लागि बेलायतमै बसोबास गर्ने विचारमा रहेको बताउँछिन् । बेलायती सेनाका सबै परिवार विदेश पलायन हुने योजनामा छन् भन्नु पनि गलत हुन्छ । अहिले धेरै सैनिक परिवार स्वदेशी भूमिका लागि छट्पटाइरहेका छन् । शिक्षाको अवसरले जागृत नवयुवाहरू हुन् वा विदेश बसाइको तीतो अनुभव सँगाल्ने भूतपूर्व सैनिक, आफ्नो देशको विकल्प नहुने कुरा गर्छन् ।

भर्खरै बेलायत हानिएकी ज्योतिको पनि यस्तै धारणा छ । पैसा कमाउन विदेश जानुपर्ने बाध्यता भए पनि स्वदेशको सुख कहीं नपाइने उनी बताउँछिन् । ज्योतिको भनाइमा पति निर्जङ पनि सहमति जनाउँदै थप्छन्, 'जीवनको उत्तरार्द्धमा नेपाल आएर देशका लागि केही गर्ने विचार छ ।' अहिलेका युवाहरू भूतपूर्व सैनिकले सामाजिक क्षेत्रमा दिएको योगदानले पनि प्रभावित भएका हुन सक्छन् । विदेशी भूमिमा पसिना चुहाउनुपर्ने बाध्यताका बाबजुद राष्ट्रका लागि केही गर्छु भन्ने प्रतिबद्धतालाई प्रशंसनीय मान्नुपर्छ ।

समाजसेवाकै कुरा गर्दा भूतपूर्व सैनिक श्रीमतीहरूको योगदान उल्लेखनीय छ । आफ्नो स्तरबाट उनीहरू विभिन्न संघका माध्यमले जागरणका कार्यक्रममा, सरसफाइ तथा टोलसुधारका कार्यक्रमहरूमा आफूलाई व्यस्त बनाइरहेका छन् । सामाजिक कार्यका अतिरिक्त उनीहरू आफैं छुट्टै व्यवसाय /रोजगारमा पनि सम्भावनाको खोजी गर्दैछन् । जीवनमा विद्यालयको मुखै नदेखेकी ५६ वर्षीया नौमाया गुरुङले अहिले आफूलाई एक सफल उद्यमीका रूपमा स्थापित गराएकी छिन् ।

विवाहअघि नै व्यवसाय सुरु गरेकी नौमायालाई श्रीमान्को बेलायती सेनाको नोकरीले कुनै अवरोध ल्याएन । फलतः उनले कुशलताका साथ दुर्गा काष्ठ उद्योग चलाएकी छिन् । लाहुरे समुदायका आम बाबुआमाको भन्दा भिन्न सोच राख्दै नौमायाले आफ्ना सन्तानलाई लाहुरे बनाउने चाहना राखिनन् तर उनी वैदेशिक रोजगारप्रति नकरात्मक

बाँकी पृष्ठ १० मा






साइबर गर्ल
सेलिना राई



## झम डिजाइनर प्रतिस्पर्धाको

नयाँ बानेश्वरस्थित
अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको
ल्होत्से हलमा भव्य रूपमा
सजाइएको ४२ फिट लामो र्‍याम्प ।
पृष्ठभूमिमा सांगीतिक धुनको
माथि मधुरो
जान
एन्ड
मा तयार
स्लभलेस
गाउनमा
मोडल
धानको

आकर्षक क्याटवाकसँगै गत
शनिबार डिजाइनर कन्टेस्ट-
२००७ प्रारम्भ भएको थियो ।

एकपछि अर्को गर्दै र्‍याम्पमा
उत्रिएका एक दर्जन व्यावसायिक
मोडलले प्रतिस्पर्धामा सहभागी
भएका फेसन डिजाइनरका
सिर्जनालाई दर्शक एवं
निर्णायकहरूमाझ प्रस्तुत गरे ।
पोखराको गुलमोहर, काठमाडौंको
एन.ई.एफ.टी. तथा बुटवलको
साफ्ट डिजाइनिङ संस्थाका
फेसन डिजाइनरले तयार पारेका
पहिरनहरूको उक्त प्रतिस्पर्धामा
कलर कम्बिनेसन,
र शैलीको आकर्षक
रहेका सुन्दर एवं
पार्टीवेयरको बाहुल्यता
ाजधानीस्थित नेपाल
अफ फेसन टेक्नोलोजी
फ.टी.) का लागि सुधा
नन्ना श्रेष्ठ र समिता
यमाझीको आयोजनामा
उक्त कार्यक्रमको
न बी.एल. हाउसको
थियो ।
ाप्ताहिकका सम्पादक
काल, कोरियोग्राफर
ुब्बा मानन्धर, डिजाइनर
मेहर बज्राचार्य तथा
नर फोटोग्राफर राजभाइ
ल सम्मिलित निर्णायक-
डलको मूल्यांकनमा

बाँकी अन्तिम पातोमा

## क्यासेट

### रिजल्ट





गायक बाबु बोगटीको नयाँ एकल गीतिसंग्रह 'रिजल्ट' दर्शक-श्रोतामाझ आएको छ। म्युजिक डटकमले बजारमा ल्याएको यो संग्रहको जमुना गीतको म्युजिक भिडियो पनि सार्वजनिक भैसकेको छ। आठवटा गीत समाविष्ट यो संग्रहमा शब्द तथा संगीत ज्ञानी कुमारी बोगटी, यश कुमार, बाबु बोगटी, मोहित मुनाल, राम सिटौला, प्रतिमा श्रेष्ठ, राजु सिंह, भूपेन्द्र खड्का एवं प्रकाश पोखरेलको छ।

### डाँडै काटिछौ




संगीत सागर म्युजिकले लोकदोहोरी गीतिसंग्रह 'डाँडै काटिछौं' बजारमा ल्याएको छ। संग्रहको भाग १ मा 'डाँडै काटिछौं' तथा भाग २ मा 'चौबन्दी र चोलीले चट्टै' शीर्षकका गीत समावेश छन्। गुरुप्रसाद भट्टराईको लय तथा शब्द रहेको यो संग्रहमा कुलेन्द्र विक, राधिका हमाल, अञ्जना गुरुङ, नीरा पुन, गुरुप्रसाद भट्टराई तथा दीपक कुमार बूढाथोकीको स्वर सुन्न सकिन्छ।

### समर्पण तिमीमा




छोरा वाङ्दी लामाको स्मृतिमा आमा मञ्जु लामाले रचेका गीतहरूको गीतिसंग्रह 'समर्पण तिमीमा' श्रोतामाझ आएको छ। गीतिसंग्रहमा नौवटा गीत समावेश छन्। संग्रहका सबै गीत मञ्जु लामाले लेखेकी छिन् भने संगीत न्हयु बज्राचार्य, राजु लामा, उदय सोताङ, सुरेश कुमार तथा श्रेया सोताङको छ। त्यस्तै स्वर सुकमित गुरुङ, राजु लामा, मनिला सोताङ, सुरेश कुमार, उदय सोताङ, श्रेया सोताङ, न्हयु बज्राचार्यले दिएका छन्।

## रंगमञ्च

**हल्यान्डका** प्रसिद्ध कलाकारहरू तथा सर्वनाम नाट्य समूहको प्रस्तुति रहेको नाटक 'याकोभ इन नेपाल' गत सोमबार रसियन कल्चर सेन्टर कमलपोखरीमा मञ्चन भयो। कम संवाद र हाउभाउ बढी भएको यो नाटकले विश्वभर फैलिरहेको हिंसा र अशान्तिलाई आफ्नो विषय बनाएको थियो। सर्वनामका अध्यक्ष तथा रंगकर्मी अशेष मल्लका अनुसार कुनै दिन हिंसा र अशान्ति सदाका लागि टुङ्गिएर विश्वभर शान्ति आउने कामना नाटकले गरेको छ। करिब एक साताअघि यो नाटक पोखरामा पनि मञ्चन भएको थियो। त्यसैगरी सर्वनाम र हल्यान्डको उक्त समूहबीच सांस्कृतिक आदान-प्रदानका लागि पाँच वर्षको सम्झौता भएको छ।

**फ्रेन्च** लेखक अल्वेयर कामुले एक शताब्दीअघिको सत्य घटनामा लेखेको कथा 'द-जस्ट' को नेपाली रूपान्तरण नाटक 'न्यायप्रेमी' पुरानो बानेश्वरस्थित गुरुकुलमा मञ्चन भैरहेको छ। आरोहण-गुरुकुलको आयोजनामा गत शनिबारदेखि मञ्चन प्रारम्भ भएको उक्त नाटक रूसी पृष्ठभूमिमा आधारित छ। जारशाही शासनविरुद्ध विद्यार्थीले गरेको विद्रोहको यो कथालाई लेखक कामुले सन १९४९ मा द-जस्ट शीर्षकको कथामा उतारेका थिए। सुनील पोखरेलले निर्देशन गरेको यो नाटकमा त्रिभुवन विश्वविद्यालयका अंग्रेजी प्राध्यापक डा. सञ्जीव उप्रेती, पत्रकार तथा डकुमेन्ट्री निर्देशक दिलभूषण पाठक, रंगकर्मीहरू निशा शर्मा, प्रवीण खतिवडा, सौगात मल्ल, सरिता गिरी आदिले अभिनय गरेका छन्। उक्त नाटक कल्पना घिमिरेले अनुवाद गरेकी हुन्। नाटक सोमबार र बुधबारबाहेक भदौ २२ गतेसम्म मञ्चन हुनेछ।

## ग्यालरी

**नेपाली** चित्रकलाको इतिहासलाई पुनर्ताजगी गराउने उद्देश्यले गत साता एक चित्रकला प्रदर्शनी आयोजित गरियो। ललितपुरको पुल्चोकस्थित पार्क ग्यालरीमा अघिल्लो साताको बुधबार प्रारम्भ भएको उक्त प्रदर्शनी गत शनिबार सम्पन्न भएको थियो। नेपाली चित्रकलाका अग्रजहरू चन्द्रमान मास्के, तेजबहादुर चित्रकार, बालकृष्ण सम र रामानन्द जोशीका करिब ५० वर्षअघिका १९ वटा चित्र प्रदर्शनीमा राखिएका थिए। कलाकार मास्केले बन्दी जीवन बिताइरहेका राजनीतिज्ञ पुष्करनाथ उप्रेतीको क्यानभास पनि यो प्रदर्शनीबाटै सार्वजनिक भएको थियो। 'अग्रज कलाकारहरूको सिर्जना' शीर्षकको उक्त प्रदर्शनीमा तत्कालीन नेपाली समाज एवं जीवनशैली झल्काउने चित्रहरू राखिएका थिए।

**कलाकार** सुनिल सिग्देलको एकल चित्रकला प्रदर्शनी दरबारमार्गस्थित द आर्ट सपमा गत शुक्रबार प्रारम्भ भएको छ। 'ह्युमन बोन्साइ' शीर्षकको उक्त प्रदर्शनी भदौ ७ गतेसम्म चल्नेछ। मूर्त, अर्धमूर्त तथा अमूर्त शैलीमा कोरिएका चित्रहरू यो प्रदर्शनीमा राखिएका छन्।

**कलाकार** प्रमिला बज्राचार्यको एकल चित्रकला प्रदर्शनी जात्रा क्याफे एन्ड बारमा आगामी आइतबार प्रारम्भ हुने भएको छ। 'दृष्टि' शीर्षकको उक्त प्रदर्शनी आगामी बिहीबारसम्म चल्नेछ।

**अमेरिकामा** गत १० वर्षदेखि बस्दै आएका कलाकार कपिलमणि दीक्षितको एकल चित्रकला प्रदर्शनी लाजिम्पाटस्थित होली आर्ट ग्यालरीमा गत बुधबार सम्पन्न भयो। 'ड्रन फ्रम लाइभ' शीर्षकको उक्त प्रदर्शनीमा २० वटा चित्रकला राखिएका थिए। चित्रकलाहरू विशेषगरी नारी शरीरको सुन्दरतामा केन्द्रित थिए।

**फोटो** सर्कलको आयोजनामा अंग्रेजी महिनाको हरेक शनिबार आयोजना हुने तस्बिर प्रदर्शनीका क्रममा यसपटक फोटोपत्रकारहरू मुकुन्द बोगटी, नरेन्द्र श्रेष्ठ तथा पिटर लले विभिन्न शीर्षकमा खिचेका तस्बिर प्रदर्शन गरिएको छ। गत शनिबार सुन्धारास्थित बेकरी क्याफेमा आयोजित उक्त प्रदर्शनीमा फोटोपत्रकार बोगटीले युनेस्कोको सामुदायिक विकास कार्यक्रम, श्रेष्ठले बाढीपीडित पुनर्स्थापना तथा लले कमैया शीर्षकमा खिचेका तस्बिरको प्रदर्शनसहित अन्तर्क्रिया कार्यक्रम पनि राखिएको थियो।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

साता अनुकूल रहनेछ। परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। अरूबाट सहयोग पनि पाउनुहोला। यात्रा गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता प्राप्त हुनेछ। ठूला व्यक्तिबाट सहयोगको अपेक्षा गरिनेछ। मंगलबार तथा बुधबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। अरूबाट आलोचना पनि हुन सक्छ।

### वृष

गलत विचार बढ्नाले कामकाज बिग्रन सक्छ। मन दुविधाग्रस्त रहनेछ। शत्रु एवं रिस बढ्नेछन्। स्वास्थ्य गडबड रहन सक्छ। घरेलु समस्याले सताउनेछ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। मंगलबार तथा बुधबार प्रसन्नताका साथै व्यवसाय बढ्ने, काममा सफलता मिल्ने तथा यात्रा हुने योग छ। अरूबाट सहयोग पनि पाउनुहोला।

### मिथुन

घरेलु समस्या सताउनेछ। मित्र बनेर धोका दिनेहरू प्रशस्तै हुनेछन्। स्वास्थ्य गडबड रहनेछ। काममा सफलता पाउन मुस्किल पर्नेछ। कुरा काट्नेहरू एवं शत्रु बढ्नेछन्। मन दुविधाग्रस्त रहनेछ। व्यवसायमा अवरोध आउनेछ। यात्रामा समस्या आउन सक्छ। अध्ययनमा सफलता मिल्नेछ। बौद्धिक कार्यमा जोड दिनुहोला।

### कर्कट

पराक्रम एवं सोच्ने शक्ति बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययन अनि बौद्धिक कार्यमा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। मानसम्मान पनि प्राप्त होला। बोल्दा विचार पुऱ्याउनुपर्ने बेला छ। धनमाल हराउन सक्छ। काम गर्दा गोपनियता अपनाउनुहोला। यात्राको पनि सम्भावना छ।

### सिंह

सुरुमा विवाद बढ्नेछ। धन नाश भएर मन खिन्न हुनसक्छ। कुरा काट्नेहरू बढ्नेछन्। शरीरमा आलस्यता बढ्नेछ। विश्वास गरेकाहरूले धोका दिनेछन्। पतिपत्नीबीच विवाद देखा पर्न सक्छ। यात्रामा समस्या आउन सक्छ। शनिबारदेखि पराक्रम एवं आम्दानी बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। घरेलु कार्यमा सफलता प्राप्त होला। नयाँ मित्रको आगमन हुनेछ।

### कन्या

खर्च अलि बढी नै गर्नुपर्ला। विवादका साथै गलत विचार बढ्न सक्छ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग भए पनि सफलताका लागि अलि बढी नै प्रयास गर्नुपर्ला। बोलीको प्रभाव बढ्नेछ। आफन्तहरूबाट प्राप्त हुने सहयोग कायमै रहनेछ। व्यवसाय एवं यात्रामा समस्या आउन सक्छ। भाग्य बलियो छ। धार्मिक कार्यमा रुचि बढ्नेछ।

### तुला

समय बलवान् छ। काममा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। बोलीको प्रभाव बढ्नेछ। अरूबाट सम्मान पनि पाउनुहोला। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। चिन्ता बढ्न सक्छ। शनिबारदेखि समय राम्रो रहनेछ।

### वृश्चिक

खर्च गर्नुपरे पनि राम्रै उपलब्धि हासिल हुनेछ। काममा सफलता पाइने योग छ। धन आर्जन हुनसक्छ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। पराक्रम बढ्नुका साथै नयाँ काम पाइने योग छ। व्यवसाय बढ्ने तथा यात्रा हुने योग यथावत् रहनेछ। अध्ययनमा सफलता प्राप्त हुनेछ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। शनिबार तथा आइतबार दुविधा बढ्नेछ।

### धनु

ग्रह-गोचर राम्रा छन्। भाग्य बलियो हुँदैछ। कर्म पनि राम्रो छ। मानसम्मान पाउनुहोला। धन आर्जन हुन सक्छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसाय बढ्ने तथा यात्रा हुने देखिन्छ। अध्ययनमा सफलता पाइने समय छैन। सफलताका लागि घरबाहिर रहनु उचित हुन्छ। मंगलबार तथा बुधबार खर्च एवं विवाद बढ्नेछ।

### मकर

सफलताका लागि स्वास्थ्यमा ध्यान पुऱ्याउनुहोला। काम गर्ने उत्साह बढे पनि सुरुमा नैराश्यता एवं उदासीनता बढ्नेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। शनिबारदेखि मानसम्मान एवं काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। बिहीबार चिन्ता बढ्न सक्छ।

### कुम्भ

सुरुमा स्वास्थ्य बिग्रन सक्छ। दुविधा एवं शत्रु बढ्नेछन्। समयमा निर्णय नहुँदा हात परेको काम फुत्कन सक्छ। घरेलु समस्याले सताउनेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। आइतबारदेखि भाग्यले साथ दिने, मान-सम्मानका साथै काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। व्यवसाय बढ्ने एवं यात्रा हुने देखिन्छ।

### मीन

यात्रा गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता मिल्नेछ। भाग्यले साथ दिनेछ। धार्मिक कार्यमा मन जानेछ। अरूबाट सहयोग पनि पाउनुहोला। शनिबार, आइतबार तथा सोमबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### यो साताको पञ्चाङ्ग

भदौ १ गते : नाग पञ्चमी, मुक्ति दिवस (मुलुकी ऐन दिवस)

## साता संक्षेप

**साउन २५** नुवाकोटमा माओवादीले हतियार लुटे, हतियार लुट्ने घटना पार्टीको नीतिविपरीत भएको भन्दै माओवादीद्वारा घटनालाई न्यूनीकरण गर्ने प्रयास ।

- नक्कली भारतीय नोट बजारमा छ्यापछ्याप्ती, ठूलो परिमाणको भा.रु.सहित काठमाडौंमा पाकिस्तानी नागरिक पक्राउ ।
- संसद्बाट आर्थिक वर्ष २०६४-६५ को बजेट पारित, माओवादी, जनमोर्चा तथा वाममोर्चा तटस्थ, नेमकिपा विपक्षमा, दुवै कांग्रेस, एमाले तथा सद्भावना पक्षमा ।

**साउन २६** एक साता लामो लिम्बुवान-खुम्बुवानको आन्दोलन स्थगित, सरकारसँग वार्ता गर्न वार्ता टोली गठन ।

- माओवादीद्वारा डावर उद्योग बन्द, डावर नेपालद्वारा फिर्ता जाने चेतावनी ।
- निजि विद्यालयद्वारा २५ प्रतिशत शुल्क बढाउने निर्णय, अभिभावक संघको विरोध ।

**साउन २७** नेपालमा तीन नयाँ विदेशी विमान कम्पनीले उडान थाल्ने, नेपालबाट उडान गरिरहेका ५ विमान कम्पनीले पनि उडान संख्या थप्ने ।

- माओवादी निकट मजदुरहरूले अन्नपूर्ण पोस्ट तथा दि हिमालयन टाइम्स वितरणमा फेरि रोक लगाए, एचबीसी एफएमका प्रमुख कार्यकारी वीरेन्द्र दाहालद्वारा प्रेसमाथिको हस्तक्षेपको विरोधमा आमरण अनसन ।

**साउन २८** नेपाली कांग्रेसको एकीकरण प्रक्रियामा पद बाधक रहेको नेताहरूको भनाइ ।

- जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा हत्या गरिएका गाविससचिव रामहरि पोखरेलको परिवारलाई सरकारद्वारा १० लाख सहयोग ।
- माओवादीद्वारा पाँचौं विस्तारित बैठकको निर्णय सार्वजनिक, मंसिरमा संविधानसभा हुन नसके सरकार छाड्ने चेतावनी ।
- नुवाकोटमा लुटिएका हतियार प्रहरीलाई हस्तान्तरण, हतियार लुट्नेहरू वाईसीएलको नियन्त्रणमा ।
- कालिकोटमा झाडापखालाको प्रकोप, ३ बालकसहित २५ को मृत्यु, अझै पनि चिकित्सक पुगेनन् ।
- लगातारको वर्षाले नेपालको सबैभन्दा पुरानो केन्द्रीय कारागार भत्कियो, बन्दी सार्न थालियो ।

**साउन २९** चर्चित लाउडा एयरका अभियुक्तहरूलाई विशेष अदालतद्वारा सफाइ, निगमलाई भएको घाटालाई भ्रष्टाचार भन्न नमिल्ने ठहर ।

- बैतडी श्रीकोटमा गएको पहिरोमा परी एकै परिवारका ६ जना पुरिए ।

**साउन ३०** सरकारमा कांग्रेस हाबी भएको आरोपसहित माओवादीद्वारा संसद् बैठक बहिष्कार ।

- नेविसंघ-अखिल क्रान्तिकारीबीच फेरि भिडन्त, दर्जनौं घाइते, प्रहरीद्वारा ४६ जना गिरफ्तार ।
- प्रधानमन्त्रीको स्वास्थ्यका कारण चीन भ्रमण पछि सर्‍यो, माओवादीका अध्यक्ष प्रचण्ड पनि प्रधानमन्त्रीको भ्रमणपछि मात्र चीन जाने ।

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

राजा संविधानसभाको विरोधमा छन् भनेर जसरी प्रचार गरिँदैछ, त्यसमा कुनै सत्यता छैन । राजा देशमा भएका निर्णय स्वीकार गर्ने व्यक्ति हुन् । त्यसैले संविधानसभामा राजा असहमत छन् भन्ने कुरा म मान्दिनँ । जे गरेर पनि राजालाई बद्नाम गर्नेहरूले के बुझ्नुपर्छ भने जनमत-सङ्ग्रहका लागि स्वीकृति दिने तथा मरिसकेको संसद्लाई ब्यूँताएर दलको जिम्मा लगाउने पनि राजा नै थिए ।

**डा. दुर्गा पोखरेल**
**पूर्वअध्यक्ष, महिला आयोग**

नेविसंघमा साथीहरूले दिएको मत गणतन्त्रका लागि हो । अब हामीले संविधानसभामा गणतन्त्रको नारा लिएर जनतामा नजाने हो भने त्यसले हाम्रा सभापति गिरिजाप्रसाद कोइरालाको इतिहास पनि मेटाउने सम्भावना छ । हामीले समयको माग बुझेर नै उचित नाराका साथ संविधानसभामा जानुपर्छ ।

**प्रदीप पौडेल, अध्यक्ष, नेविसंघ**

जेठ अन्तिम वा असारको सुरुमा संविधानसभाको निर्वाचन गरेर त्यसको पहिलो बैठकबाट राजतन्त्रको छिनोफानो गर्ने सहमति भएको थियो । त्यो कुरा धरापमा पर्‍यो, जसरी ०७ सालमा भएको थियो । अब संविधानसभाको निर्वाचन मंसिरमा गर्ने भनिँदैछ, त्यसबीच प्रतिगामी शक्तिहरूलाई खेल्ने मौका दिइँदैछ । हामी यसको विरोधमा छौं । किनभने यो निर्वाचन मंसिरमा पनि हुँदैन ।

**गणेशबहादुर पुन**
**अध्यक्ष, योङ कम्युनिस्ट लिग**

नेपाली काङ्ग्रेस वाईसीएलको गतिविधि देखाएर संविधानसभाको निर्वाचन पर सार्दैछ । नेकपा (एमाले) समानुमातिक निर्वाचन प्रणालीको पक्षमा छ र जबसम्म यो निर्णय हुँदैन, मिति घोषणाको विपक्षमा छ । नेकपा (माओवादी) संविधानसभाको निर्वाचनभन्दा संसद्बाटै गणतन्त्र घोषणा गर्ने र त्यसपछि संविधानसभाको निर्वाचनका बारेमा विचार गर्ने पक्षमा छ । प्रमुख दलका यी बाझिएका कुराले संविधानसभा निर्वाचनको मितिलाई असर पार्छ ।

**शंकर पोखरेल, नेता, नेकपा (एमाले)**

संविधानसभाको निर्वाचनमा २ सय ४० सिटमा सबै आदिवासी जनजातिलाई मिलाउन सकिएन भने हामीले सरकारसँग गरेको सम्झौताको अर्थ रहँदैन । तेस्रो पटक संविधान संशोधन गरेर भए पनि जनजातिका सबै सबाल अटाउनुपर्छ भनेर हामीले भनिसकेका छौं । सम्झौता हुनेबित्तिकै सरकारले हाम्रा कुरा लागू गर्छ भन्ने लाग्दैन, त्यसैले दबाबस्वरूप हामी हाम्रा विरोधका कार्यक्रम जारी राख्छौं ।

**डा. ओम गुरुङ, नेता, आदिवासी जनजाति**

म मंसिरमा चिर्वाचन हुने कुरामा पूर्ण रूपमा ढुक्क छैन । मंसिरमा पनि संविधानसभाको निर्वाचन हुन सकेन भने तीन कुरा हुनसक्छ । पहिलो, दुई कांग्रेसको एकीकरण । दोस्रो, कांग्रेसको एकीकरण हुन नसकेको अवस्थामा दुई कांग्रेसमध्ये एकसँग नेकपा (एमाले) को सहकार्य । तेस्रो, शान्ति स्थापनाको सर्तमा आठ दलको एकता । त्यस कारण मंसिरमा पनि चिर्वाचन हुन सकेन भने पनि स्थिति बिग्रिहाल्ने देख्दिनँ ।

**डा. मीनेन्द्र रिजाल, नेका (प्रजातान्त्रिक)**

अहिले निर्वाचन हुने हो भने के पक्का छ भने नेपालमा बामपन्थीहरूले आफ्नो पकड जमाउँछन् । यो कुरा नेपाली कांग्रेसलगायत दरबारले राम्रोसँग बुझेका छन् । उनीहरू नेपालमा बामपन्थी शासन होस् भन्ने चाहँदैनन् । त्यसैले कहिले जग्गा फिर्ताको कुरा त कहिले वाइसीएलले ज्यादती गर्‍यो भन्दै निर्वाचनलाई विषयान्तर गर्न खोजिरहेका छन् ।

**देवेन्द्र पौडेल, नेता, नेकपा (माओवादी)**

## सम्पादकीय

# स्वतन्त्र प्रेसमाथि हस्तक्षेप बन्द गर

अहिले अन्नपूर्ण दैनिक, द हिमालयन अंग्रेजी दैनिक, एच.बी.सी. एफ.एम.लगायतका सञ्चारमाध्यमहरू बन्द छन् । यी सञ्चारमाध्यमहरू बन्द हुनुका पछाडि नेकपा माओवादीनिकट अखिल नेपाल सञ्चार छापाखाना तथा प्रकाशन मजदुर संघलाई कुनै न कुनै रूपमा जिम्मेवार रहेको बताइएको छ । कुनै पनि किसिमको आन्दोलनको मार स्वतन्त्र प्रेसमाथि पर्नु हुँदैन भन्ने मान्यताका विपरीत अहिले माओवादी निकटका छापाखाना सम्बद्ध मजदुरहरूले आफू कार्यरत संस्थामाथि जे जसरी प्रहार गरिरहेका छन् त्यसले नेपालमा स्वतन्त्र प्रेसको मर्यादालाई तहसनहस बनाउन मुख्य भूमिका खेलेको छ । अहिले सम्बद्ध मजदुरहरूका मागलाई पूरा गर्न नसक्ने अवस्थामा पुगेपछि केही प्रकाशन तथा प्रसारण संस्था बन्द हुनुलाई कुनै पनि रूपमा न्यायोचित भन्न सकिने अवस्था छैन । खासगरी निर्वाध प्रेस स्वतन्त्रताको पक्षमा उभिएका आममानिसका लागि कुनै पनि अखबार वा रेडियो र टेलिभिजन बन्द हुनु भनेको सबै किसिमका स्वतन्त्रताको गन्तव्यसम्म पुग्ने बाटो बन्द हुनु हो ।

माथि उल्लेखित सञ्चारमाध्यमहरू बन्द गरिएपछि पनि सरकार मूकदर्शक भएको घटनाप्रति चिन्ता व्यक्त गर्दै नेपाल मिडिया सोसाइटीले दु:ख व्यक्त गरेको छ । कुनै पनि प्रकाशन तथा प्रसारण बन्द हुँदा जनताको सुसूचित हुने अधिकार हनन हुन्छ भन्ने मान्यताका पक्षपाती कुनै पनि न्यायप्रेमी नागरिक चुप लागेर बस्नु थप पीडादायक हुनसक्छ । अहिलेको अवस्थालाई सरकारले जतिसक्दो चाँडो निकास दिन सक्नुपर्छ । कुनै बेला नेपालजस्तो मुलुकमा सरकार नै स्वतन्त्र प्रेसको विरोधमा देखिन्थ्यो, तर अहिलेको अवस्था त्यस्तो छैन । सरकार तथा सम्बिन्धित मन्त्रालयले बारम्बार स्वतन्त्र प्रेसको वकालत गरे पनि, कानुनले स्वतन्त्र प्रेसलाई जतिसुकै संरक्षण दिए पनि सरकारमा सामेल एउटा राजनैतिक दलकै भातृ संस्था बताउने संगठनले स्वतन्त्र प्रेसमाथि मजदुरहरूको हक–हित हनन गरेको आरोप तेर्स्याएर प्रकाशन तथा प्रसारण नै बन्द हुने स्थिति सिर्जना गरिनु लाजमर्दो कुरा हो । यो स्थितिको जतिसक्दो चाँडो अन्त्य हुनुपर्छ ।

प्रजातन्त्रको आधुनिक परिभाषाले स्वतन्त्र प्रेसलाई राज्यको चौथो अंगका रूपमा स्वीकार गरेको छ । जसरी राज्यका अरू तीन अंगले एक–अर्कालाई हस्तक्षेप नगरी नियन्त्रण गर्ने प्रयास गर्छन्, त्यसैगरी स्वतन्त्र प्रेसले जनताका हक–अधिकारहरूमाथि राज्यका कुनै पनि अंगले हस्तक्षेप गर्न नसकोस् भन्ने उद्देश्यका साथ आफ्नो धर्म निर्वाह गरिरहेको हुन्छ । यस्तो अवस्थामा स्वतन्त्र प्रेस नै घाइते हुने गरी जब स्वतन्त्र प्रेसमाथि प्रहार हुन्छ, त्यसबेला राज्यले आफ्नो पहिलो दायित्वका रूपमा स्वतन्त्र प्रेसलाई त्यस्ता सबै खाले प्रहारबाट बचाउन सक्नुपर्छ, तर हाम्रो सन्दर्भमा अहिले राज्य लाचार देखिएको छ । राज्यको यस्तो लाचारीका विरुद्ध अहिले सम्पूर्ण प्रेसजगत् आन्दोलित हुनुपरेको छ । स्वतन्त्र प्रेसको यो आन्दोलनका पछाडि प्रेस जगत्मा लगानी गर्ने उद्योगपति वा पूँजीपतिको स्वार्थ नभै जनताको सुसूचित हुने अधिकार अग्रस्थानमा छ भन्ने कुरा हामी सबैले बुझ्न सक्नुपर्छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न ।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### नाम छुट्यो

मैले सम्भव भएसम्म साप्ताहिक पढ्न छुटाएको छैन, कहिलेकाहीँ कारणवश छुटेको हुन सक्छ । यसै प्रसंगमा गत साउन ११ गते तथा १८ गतेको साप्ताहिकमा युएईलाई नजिकबाट नियाल्दा शीर्षकको लेख प्रकाशित भएको छ । उक्त लेख मेरो हुँदाहुँदै पनि त्यहाँ मेरो नाम उल्लेख छैन । अघिल्लो अंक प्राप्त गर्न नसकेकाले मैले इन्टरनेटमार्फत साप्ताहिक पढेको थिएँ । उक्त लेखमा मैले लेखकको नाम प्रकाशित भएको पाइनँ । लेख पूरा नभएकाले बाँकी अर्को अंकमा भनिएको थियो तर अर्को अंकमा पनि लेखकको नाम प्रकाशित भएको पाइएन ।

के साप्ताहिक जस्तो विश्वसनीय पत्रिकाले यसो गर्न मिल्छ ? के यसले पत्रकारिताको मर्ममै आघात हुँदैन ? कुनै पनि लेख-रचना लेखकको नाम नै नराखी प्रकाशित गर्नु पत्रकारिताको धर्मको उपहास गर्नु होइन ? यस्तै-यस्तै प्रश्नले अहिले मलाई सताइरहेको छ । कृपया यस विषयमा स्पष्ट पारिदिनुहुन अनुरोध गर्दछु ।

**–दामोदर नेपाल**
**सम्पादक, नेपाल दुबई डटकम**
**अबुधावी, यूएई**

*(उक्त लेखमा लेखकको नाम नियतवश छुटाइएको होइन भन्ने कुरा स्पष्ट पार्न चाहन्छौं । इमेलबाट प्राप्त उक्त लेखमा केही प्राविधिक कारणले लेखकको नाम प्रकाशित गर्न हामी असमर्थ भयौं । पत्रद्वारा उक्त लेख आफ्नो भएको स्पष्ट पारिदिनुभएकोमा हार्दिक धन्यवाद । –सम्पादक)*

### किन यस्तो ?

हामीमध्ये कतिपय प्रवासी नेपाली शुक्रबारको दिन दोहोरी साँझ, डिस्को जान्छौं, साथीभाइहरू मिलेर तुम्बा तान्छौं, उस्तै परे परस्त्रीसँग लहसिन पनि बेर मान्दैनौं । यस्तै-यस्तै कार्यमा हामीले पैसा बगाएका हुन्छौं । हामी सम्पन्न हुन्थ्यौ भने प्रवासमा आउने नै थिएनौं । केही मात्रामा भए पनि परिवारको आर्थिक स्तर बढाउन नै हामी प्रवासमा आएका हुन्छौं, तर खै त्यतातिर सोचेको ? घरमा परिवारको कस्तो अवस्था छ ? परिवारले पेटभरि खान पाएको छ कि छैन ? त्यो सोच्दैनौं, तर प्रवासमा अनावश्यक रूपमा पैसा खेर फालिरहेका हुन्छौं ।

भर्खरै भीषण वर्षाले देशका विभिन्न स्थानमा भएको धनजन तथा व्यक्तिहरूको विचल्ली देखेर केही मात्रामा भए पनि प्रवासी नेपालीहरूबाट आर्थिक सहयोग गर्न सकिन्छ कि भनेर नेपाली दाजुभाइहरूलाई अनुरोध गर्दा कतिपय दाजुभाइले ५ दिर्हाम्स पनि दिन हिचकिचाए । ५ दिर्हाम्स दिइहाले पनि उनीहरूले धेरै पटक सोचे– बेकारमा दिएको जस्तो गरी, साँच्चै मलाई यस्तो व्यवहारले मन दुख्यो तर केही भन्न सकिनँ । आपत्-विपत् परेको खण्डमा हामी प्रवासी नेपालीहरू एकजुट भएर एक जनाले ५ दिर्हाम्स मात्र संकलन गरी सम्बन्धित ठाउँमा पुर्याउन सक्यौं भने ठूलो आर्थिक सहयोग हुने थियो । अनाहकमा पैसा खर्च गर्दा पनि कतिपय प्रवासी दु:खी हुँदैनन् तर आपत्-विपत् परेको समयमा चन्दा वा राहत दिँदा उनीहरूको दाँतबाट पसिना चुहिन्छ । आजैदेखि हामी सम्पूर्ण प्रवासी नेपालीहरू एकजुट भएर देशमा भएको धनजनको क्षतिका लागि आर्थिक राहत संकलन गरी सम्बन्धित ठाउँमा पुर्याऔं । एक महिनामा गर्ने अनावश्यक खर्च बाढीपीडितलाई राहतस्वरूप उपलब्ध गराई सहयोग गरौं ।

**–खेमनाथ पौडेल, युएई**

### राजनैतिक हस्तक्षेप कहिलेसम्म ?

त्रिभुवन, पोखरा र पूर्वाञ्चल विश्वविद्यालयले एक वर्षभन्दा बढी समय उपकुलपतिविहीन अवस्थामा रहनुपरेको थियो । लोकतन्त्रको आन्दोलन सफल भैसक्दा पनि राजनैतिक दलहरूको खिचातानीका कारण उपकुलपति नियुक्त हुन सकेन, जसको फलस्वरूप यी तिनै विश्वविद्यालयमा वर्षभरिका काम पेन्डिङ अवस्थामा छन् । विश्वविद्यालयजस्तो प्राज्ञिक क्षेत्रमा दलीय स्वार्थ बोकेर आफ्ना मानिस भर्ती गराउने नाममा समग्र शिक्षाक्षेत्रलाई अस्तव्यस्त बनाउने काम भयो । जे होस्, अहिले दलहरूले भागबन्डा गरेर उपकुलपति नियुक्त गरेका छन् । विश्वविद्यालयको उपकुलपति नियुक्त गर्न पार्टीको लेटर प्याडमा आएको सिफारिशलाई कहिलेसम्म निरन्तरता दिने ? विश्वविद्यालयजस्तो प्राज्ञिक भनिएको क्षेत्रमा दलीय उपकुलपतिको भूमिका के हुनसक्छ ? यसरी नियुक्त भएका उपकुलपतिले सबै दललाई रिझाउने र सिफारिस गर्ने दलको निर्देशन मान्ने काम गर्दागर्दै आफ्नो दायित्व निर्वाह गर्न भुल्छन् । जसले गर्दा नेपाली उत्पादनलाई विश्वव्यापी प्रतिस्पर्धामा खरो रूपमा उतार्न विश्वविद्यालय असमर्थ हुन्छ । विश्वविद्यालयमा राजनैतिक हस्तक्षेप हुने भएकाले पनि पोखरा र पूर्वाञ्चलजस्ता नयाँ विश्वविद्यालयले आफ्नो भूमिकालाई प्रस्ट्याउन सकेका छैनन् । आखिर कहिलेसम्म चल्छ यस प्रकारको भागबन्डा ?

**सुनील जोशी, काठमाडौं**
**(पुरस्कृत पत्र)**

### खुसीको खबर

साप्ताहिक समय-समयमा परिमार्जित हुँदै आएको छ जुन हाम्रा लागि खुसीको कुरा हो । यसै क्रममा लभगुरु रेखा पनि प्रशंसायोग्य नै छ तर पनि उक्त स्तम्भमा रेखा थापाका जुन तस्बिर प्रकाशित हुन्छन् ती अनुपयुक्त र भद्दा देखिन्छन् । रेखा थापाको फोटो ठूलो हुनुका साथै अंग प्रदर्शन गरिएको हुन्छ । साप्ताहिकले अंग प्रदर्शनलाई प्राथमिकता दिएको पो हो कि ? त्यसका साथसाथै विदेशी तस्बिरहरू पनि बढी नै प्रकाशित भएको पाएका छौं । यी कुराहरूमा ध्यान दिइयोस् ।

**–सुविन श्रेष्ठ, हेम्जा, पोखरा**

## तीतो सत्य

- सफल व्यक्तिहरू कर्ममा विश्वास गर्छन् भने असफलहरू भाग्यमा ।
- खराब कार्यको नतिजा ढिलै भएपनि खराब नै आउँछ ।
- माया कसैलाई दिनका लागि हो, कसैबाट लिनका लागि होइन ।
- भोजनभन्दा मीठो भोक हुन्छ, रोगभन्दा तीतो शोक हुन्छ ।

**ज्योति सुब्बा, विराटनगर**

- जीवन एकप्रकारको खेती हो । यसमा जे रोपिन्छ, त्यही उब्जन्छ ।
- हातको फूल बिर्सेर आकाशको तारा समाउन खोज्नु मूर्खता हो ।
- स्तर नमिल्नेसँग कदापि प्रेम गर्नुहुँदैन ।

**– तोरण गुरुङ**

- आफैंले जन्माएर हुर्काएका सन्तानले आफैंलाई लात हान्छन् भने सन्तान जन्माउनु नै किन ?
- सरलताभित्र नै जटिलता लुकेको हुन्छ ।
- मूर्खतापूर्ण स्वभावले कसैको मन छुँदैन ।
- मानिस ठूलो कलाले हुन्छ मालाले होइन ।

**रामबहादुर गुरुङ**

- थोरै बोल अनि बोलेका कुरालाई प्रयोगमा ल्याऊ ।
- पैसा महत्त्वपूर्ण होइन, महत्त्वपूर्ण बनाइएको मात्र हो ।
- मूर्खलाई चेतनाको आभास हुन्छ तर ग्रहण गर्न सक्दैन ।

**विमला राई**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

## मुखाले

यस्तै हो भने जस्तोसुकै आयोग बनाए पनि राजालाई कारबाही गर्न सकिँदैन ।

**कृष्ण पहाडी, मानवअधिकारवादी**

दलहरू इमान्दार भए अझै पनि संविधानसभाको निर्वाचन हुन्छ ।

**इयान मार्टिन**
**प्रमुख, संयुक्त राष्ट्रसंघीय मिसन**

राजतन्त्र रहेसम्म संविधानसभा हुन दिँदैनौं ।

**डा. बाबुराम भट्टराई**
**नेता, नेकपा (माओवादी)**

प्रस्तावित सत्यनिरूपण तथा मेलमिलाप आयोग विधेयकमा रहेको गम्भीर अपराधीलाई क्षमादानको प्रावधान त्रुटिपूर्ण छ ।

**डा. एन्ड्र्यु हल, बेलायती राजदूत**

मलाई यो भन्दा दु:ख लागिरहेको छ कि कुनै पनि दलले संविधानसभाका लागि देखाउनुपर्ने तत्परता आजको मितिसम्म देखाएका छैनन् ।

**भोजराज पोखरेल**
**प्रमुख निर्वाचनआयुक्त**

माओवादीसँग तत्काले पार्टी एकताको सम्भावना छैन ।

**अमिक शेरचन, अध्यक्ष, जनमोर्चा नेपाल**

कांग्रेस एकीकरणको सम्भावना टाढा हुँदैछ ।

**शेरबहादुर देउवा**
**सभापति, प्रजातान्त्रिक कांग्रेस**

माओवादीले जस्तै अरू दलले मधेसमा कडाइ नगर्ने हो भने तराई टुक्रन्छ ।

**भक्तराज कन्दङ्वा**
**केन्द्रीय सल्लाहकार, नेकपा (माओवादी)**

नेपालमा जति जाति, भाषा र भूगोलको विविधता छ, त्यही आधारमा राज्यको पुन:संरचना हुनुपर्छ ।

**डा. ओम गुरुङ, जनजाति नेता**

## नीति-नियम

पराधीन अर्थात् अरूको अधीनमा हुनु जस्तो ठूलो दु:ख तथा स्वाधीन रहनु जस्तो अर्को सुख कुनै हुँदैन । घरबाहिर प्रवासमा नरहने र स्वाधीनमै आफ्नै घरमा रहने व्यक्ति सुखी हुन्छ ।

एउटै वस्तुमाथि दुई व्यक्तिले आ–आफ्नो आधिपत्य जमाउन खोज्दा अथवा एक–अर्काको ठूलो काममा हानि पुर्याउने उद्देश्य राख्नाले शत्रुता हुन्छ ।

बाबुको सम्पूर्ण सम्पत्ति सबै मेरो हो अरू दाजुभाइको होइन । दाजुभाइ पनि मेरै अधीनमा रहुन्, उनीहरूको अधीनमा आफू नरहुँ भन्नु ठीक होइन । जो दाजुभाइलाई अलग्गै राखेर एक्लै सबै सम्पत्ति भोग गर्छु भन्छन् तिनले 'परमशत्रु' को उपमा पाउँछन् । जो केवल द्वेष मात्र गर्छन्– ती एक–अर्काका शत्रु बन्छन् ।

आमापट्टिका सम्बन्धित मावली खलक, बाबुपट्टिका खलक, आफ्नी छोरी, श्रीमती, ससुराली खलक, साली, भाञ्जी, नाति–नातिनी, साढुभाइ खलक, फुपू तथा उनका खलक, गुरु आदि स्वाभाविक मित्र (साथी) हुन् ।

–शुक्रनीति

अनुवाद : रामहरि बञ्जारा

## सहर चर्चा



साउन- भदौ लागेपछि मेहन्दी लगाउने महिलाहरूको संख्या ह्वात्तै बढ्छ । यसै बेला मेहन्दीका गुरु भएर देखा परेका छन्– कुलदीप वार्ष्णेय । कुलदीपले अघिल्लो वर्ष मात्रै १३ हजारभन्दा बढी महिलाको हात मेहन्दीले सिँगारे । 'यसपटक त गनेको पनि छैन,' उनी भन्छन् । कुलदीपले डिल्लीबजारस्थित मुम्बई मेहन्दी सेन्टरबाटै २ सयभन्दा बढीलाई मेहन्दी लगाउने तालिम दिइसकेका छन् । 'अहिले मेरा अधिकांश चेली युरोप, अमेरिका तथा अरबतिर काम गरिरहेका छन्,' कुलदीपले गर्व गर्दै बताए । युरोप-अमेरिकातिर अस्थायी टाटुका रूपमा मेहन्दीको क्रेज निकै भएकाले त्यता काम पाउन गाह्रो नभएको उनको भनाइ थियो । कुनै बेला सडकको पेटीमा बसेर मेहन्दी लगाउँदै हिंड्ने कुलदीप अहिले गुरु भएर काठमाडौं, धरान, पोखरा आदि स्थानका सेमिनार एवं प्रशिक्षणमा व्यस्त हुन थालेका छन् भने सौन्दर्य व्यवसायीहरूले उनको सम्मानमा कार्यक्रम पनि गरिसकेका छन् । कुलदीप मेहन्दीका हजारौं डिजाइन भर्न जान्दछन् । उनी भन्छन्– 'वास्तवमा मास्टर डिजाइन त पाँचवटा मात्र हुन्छ, त्यसैबाट हजारौं डिजाइन निकाल्न सकिन्छ ।

## साइबर गर्ल

# फरासिली सेलिना

सेलिना राई धरानको मोडलिङ जगत्मा परिचित छिन् । यलम्बर मार्गकी सेलिना नयाँ ठाउँ घुम्न र साथीहरू बटुलेर रमाइलो गर्न खप्पिस छिन् । धरान, इटहरी र काठमाडौंका एक दर्जनभन्दा बढी फेसन-सोमा क्याटवाक गरिसकेकी सेलिनाले विज्ञापन तथा म्युजिक भीडियोहरूमा पनि अभिनय गरेकी छिन् । सन् २००२ मा धरानमा सम्पन्न मिस पूर्वाञ्चल ब्युटी कन्टेस्टको टप टेनसम्म प्रवेश गर्दै फरासिली सेलिनाले आफ्नो मोडलिङ यात्रा प्रारम्भ गरेकी थिइन् । भविष्यमा राम्रो अवसर प्राप्त भए मात्रै मोडलिङलाई निरन्तरता दिने योजनामा रहेको बताउँदै सेलिना भन्छिन्- 'एकताका नेपाली मोडलिङमा राम्रो क्यारियरको सम्भावना थियो, तर देशको परिस्थितिसँगै त्यो सम्भावना पनि तुहियो ।

लाहुरे पिताकी हङकङमा जन्मिएकी कान्छी छोरी सेलिना धैर्यतालाई नै सफलताको कडी मान्छिन् । भनेको कुरा नपुग्दा उनी खूबै रिसाउँछिन् अनि आफैं चुप लागेर बस्छिन् । ज मुभीकी फ्यान रोमान्टिक मुभी चाहन्नन् । शारीरि ३२×२५×३६ की फिट ४ इन्च अ क्यारियर बनाएप विवाहका बारेम उनले बताइन् सम्बन्धमा सेलिना 'एक-अर्काको ब सहारा हो, तर प्रेम निरन्तरता दि आपसी समझदा आवश्यक छ ।'

**–राजु घिसिङ**



## हाम्रो नेपालमा

### दाउराको भारी बोकेर विद्यालय



डडेल्धुराको महेन्द्र माध्यमिक विद्यालयकी एक छात्रा दाउराको भारी बोकेर पढ्न आउँछिन्। टिफिनका बेला उनी उक्त दाउराको भारी विद्यालयनजिकैको गाउँमा बेच्छिन् र टिफिनपछिको पढाइ पूरा गर्छिन्। त्यसपछि साँझ साथीहरूसँगै घर फर्कन्छिन्। यो अनौठो काम गर्नु सरिता कैनीको रहर होइन, बाध्यता हो। आफूलाई पढ्न रहर लागे पनि आमाबुबाले कामका कारण स्वीकृति नदिएपछि शिक्षकहरूले उनलाई यसरी पढ्ने वातावरण मिलाइदिएका हुन्। निर्मला कैनीका आमाबुबा जंगलनजिकै छाप्रो बनाएर बस्छन् भने उनको विद्यालय सदरमुकामनजिकै छ। यही कुराको फाइदा निर्मलाले उठाएकी हुन्।

विद्यालयबाट आएपछि निर्मला जंगल पस्छिन् र एक भारी दाउरा बोकेर घर फर्कन्छिन्। बिहान त्यही भारी बोकेर उनी विद्यालय जान्छिन्। टिफिनको समयमा उनले दाउरा बेचेर केही आम्दानी गर्छिन्। त्यही पैसाले उनी आफ्नो अध्ययन पूरा गर्छिन्।

### खानेपानीको अभावमा बसाइँ-सराइ

खानेपानीको अभावमा बसाइँ सर्नुपर्ने कुरा सुन्दा अचम्म लाग्न सक्छ तर धनकुटा जिल्लाको कुरुले तेनुपा गा.वि.स. वाड नं. १ खानीगाउँका दलित बस्तीका आधा दर्जन घर-परिवार खानेपानीकै अभावकै कारण बसाइँ सर्न लागेको सोही गाउँका वीरबल विश्वकर्मा बताउँछन्। ६४ वर्षीय वीरबल भन्छन्– 'दुई घण्टा टाढाबाट पानी बोकेर खानुपर्छ, पानी बोक्दै दिन बित्छ। त्यसरी पानी बोकेर खानुभन्दा बरु बसाइँ सर्नु नै ठीक हो।' बसाइँ सर्ने तरखरमा रहेका अर्का बहादुर विश्वकर्मा भन्छन्– 'यस बेलासम्म त पानी बोकेर खाइयो, अब त मनले हरेस खान थालेपछि बसाइँ सर्नुको विकल्प रहेन।'

–भिषा काफ्ले

### सबैभन्दा अग्लो भवन

अमेरिकामा ट्वीन टावर भत्केर के भयो, मलेसियामा त्योभन्दा अग्ला त्यस्तै दुई भवन तयार भैसकेका थिए। हाम्रो नेपालमा त्यस्ता भवन कहिले बन्लान् भनेर सौँच्दै हुनुहुन्छ भने ढुक्क हुनुहोस्, नेपालमा पनि अग्लो भवन बन्दैछ। त्यो भवन विश्वकै अग्लो त हुनेछैन तर नेपालमा बन्ने गरेका अग्ला भनिएका घरभन्दा कैयौं तला अग्लो हुनेछ। यो भवन सिंहदरबार प्लाजामा निर्माण हुनेछ जुन ३५ तले आधुनिक प्रविधियुक्त हुनेछ। नेपाल टेलिकमले निर्माण गर्न लागेको उक्त भवनले ६९ रोपनी जग्गा ओगट्नेछ। उक्त भवन निर्माणका लागि ५ अर्ब रुपैयाँ खर्च लाग्नेछ।

### प्रसाद चढाउन शुल्क

ईश्वरलाई प्रसाद चढाउन पनि शुल्क लाग्छ ? अरूतिर त थाहा छैन हाम्रो नेपालमा भने प्रसाद चढाउन पनि शुल्क लाग्न थालेको छ। यस्तो शुल्क गोरखा दरबार नजिकै रहेको गोरखनाथ मन्दिरमा लाग्न थालेको छ। गोरखनाथलाई पीठोबाट बनेको मीठो परिकार रोट असाध्यै मनपर्ने किंवदन्ती छ। रोट चढाएपछि गोरखनाथले मनोवाञ्छित फल दिन्छन् भन्ने विश्वास पनि गरिन्छ। यही विश्वासका आधारमा गोरखनाथ क्षेत्र वरपरका १३ जिल्लाका भक्तजनहरू त्यहाँ रोट चढाउन आउँछन्। यसरी आउने भक्तजनलाई रोट चढाए बापत १० रुपैयाँ शुल्क लिने गरिएको छ। १० रुपैयाँ नतिरेसम्म रोट चढाउन नपाइने, रोट नचढाए गोरखनाथ खुसी नहुने, गोरखनाथ खुसी नभए मनोवाञ्छित फल नपाइने भएपछि भक्तजनहरू खुरुखुरु १० रुपैयाँ तिर्दै रोट चढाउँछन्। १० रुपैयाँ तिरेपछि भक्तजनले मन्दिरबाट बिल पनि पाउँछन्। लोकतान्त्रिक सरकारले दरबारको खर्च कटौति गरेपछि गोरखा दरबारलाई खर्च नपुगेको भन्दै पुजारीले यस्तो व्यवस्था गरेका हुन्।

## मेरो विचार

### के हो संविधानसभा ?

देशका सम्पूर्ण तह र तप्काका जनताको सम्मानजनक र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरी देशको ऐन-कानुन बनाउने लोकतान्त्रिक अभ्यासलाई संविधानसभा भनिन्छ। यसबाटै सम्पूर्ण तह र तप्काको जनताको समावेशी र सार्वभौमिकतालाई प्रत्याभूत गर्ने तथा उनीहरूको अस्तित्व स्वीकार गर्ने संविधान निर्माण हुन सक्छ। संविधानसभाले विभिन्न पृष्ठभूमिका जनताको राज्य सञ्चालन र राजनैतिक प्रक्रियामा सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्छ।

नेपालमा संविधानसभाको बहस वि.सं.२००४ देखि नै सुरु भएको पाइन्छ। २००७ सालको सम्बोधनमा तत्कालीन राजा त्रिभुवनले संविधानसभामार्फत नयाँ संविधान निर्माण गर्ने उद्घोष गरेका थिए। जनआन्दोलन-२ को सफलतासँगै संविधानसभा सम्पूर्ण राजनैतिक दलको साझा सहमतिको विषय बनेको छ। अन्तरिम संविधानको दोस्रो संशोधनअनुसार संविधानसभाका कुल ४ सय ९७ सभासद्मध्ये प्रत्यक्ष निर्वाचनबाट २ सय ४०, समानुपातिक निर्वाचन प्रणालीबाट २ सय ४० र बाँकी १७ सभासद्को मनोनयन मन्त्रिपरिषद्ले गर्नेछ। यो संविधानसभाले नै २ सय ३८ वर्षभन्दा पुरानो राजतन्त्रको भविष्य निर्धारण गर्नेछ भने नेपालले संघीय शासन प्रणालीको अभ्यास गर्नेछ।

समावेशी लोकतन्त्रलाई संस्थागत र सदृढ तुल्याउने, हिंसात्मक विद्रोहलाई शान्तिपूर्ण राजनीतिमा अवतरण गराउने, दलित, अल्पसंख्यक, जनजाति आदिलाई राज्यको मूलधारमा ल्याउने प्रयास पनि यसै संविधानसभाले गर्नेछ। संविधानसभाको मुख्य ध्येय दलित, महिला, जनजाति, अपाङ्ग, अनाथ, पिछडिएका अल्पसंख्यक, मधेसी आदिको राज्य संरचनामा समानुपातिक प्रतिनिधित्वको सुनिश्चतता गरी केन्द्रीकृत प्रणालीको अन्त्य गरी राज्यको पुनर्संरचना गर्नु हो। संविधानसभामा प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, आधारभूत मानवअधिकार, प्रेस स्वतन्त्रता, सक्षम न्याय प्रणाली तथा कानुनी राज्यको अवधारणा त्यस्तै लोकतन्त्र, शान्ति, अग्रगमन र देशको स्वतन्त्रता र अखण्डता तथा सार्वभौमिकता र स्वाभिमानको सुनिश्चितता हुनुपर्छ।

–यम थापा, तालामाराङ ७, सिन्धुपाल्चोक

## कान्तिपुर समाचार डायरी

### नेपालको जनसंख्या दुई करोड साठी लाख

नेपालको कुल जनसंख्या २ करोड ६० लाख पुगेको छ। जनसङ्ख्या तथा वातावरण मन्त्रालयका अनुसार संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष, विश्व बैंकलगायतका संस्थाका अध्ययनका आधारमा उक्त संख्या प्रक्षेपण गरिएको हो। मन्त्रालयका अनुसार पछिल्लो समयमा जनसंख्या वृद्धिदर २ दशमलव २५ प्रतिशत छ। यसअघि २०५८ सालमा गरिएको जनगणनामा यो वृद्धिदर २ दशमलव १ प्रतिशत थियो। वर्तमान जनसंख्या वृद्धिका आधारमा मूल्यांकन गर्दा एउटी महिलाले ३ भन्दा बढी शिशु जन्माइरहेका छन्। नेपालमा बालबालिकाको संख्या धेरै भएका कारण थप २० वर्षसम्म जनसंख्या घट्ने लक्षण छैन। बरु ३१ वर्षभित्र नेपालको जनसंख्या ४ करोड पुग्ने अनुमान गरिएको छ। नेपालमा कुल जनसंख्याको ७ प्रतिशत वृद्ध-वृद्धा छन्।

### उन्नाइस संस्थान घाटामा

सरकारको प्रत्यक्ष निगरानीमा चलेका ३६ सार्वजनिक संस्थानमध्ये १९ वटा संस्थान घाटामा छन्। ती संस्थानहरूमा सरकारले ६५ अर्ब ६८ करोड लगानी गरेको छ भने ती संस्थानहरूले ६२ अर्ब ७२ करोड रुपैयाँ ऋण लिएका छन्। चलेका संस्थानमध्ये सबैभन्दा बढी नाफा नेपाल टेलिकमले गरेको छ। त्यसपछि नाफा कमाउने संस्थानमा राष्ट्रिय वाणिज्य बैंक तथा नागरिक उड्डयन प्राधिकरण छन्। टेलिकमले गत वर्ष मात्र १ अर्ब ४१ करोड नाफा गरेको छ भने राष्ट्रिय वाणिज्य बैंकले ३० करोड तथा नागरिक उड्डयन प्राधिकरणले २० करोड नाफा गरेका छन्। आफ्नो कारोबार बढाउने संस्थानहरूमा नेपाल दुग्ध विकास संस्थान तथा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी छन्। नाफा कमाउने संस्थानमा गोरखापत्र संस्थान, जनक शिक्षा सामग्री केन्द्र पनि छन्। घाटा बेहोर्ने संस्थामा विद्युत प्राधिकरण, खानेपानी संस्थान, नेपाल टेलिभिजन, नेपाल वायु सेवा निगम, नेपाल आयल निगम, सांस्कृतिक संस्थान आदि मुख्य छन्।

# वनविज्ञान विषयमा विद्यार्थी आकर्षण

विद्यार्थीहरूलाई प्राकृतिक सम्पदाको अध्ययन-अध्यापन गराउने उद्देश्यले नेपालमा वनविज्ञान विषयमा दुईवटा सरकारी क्याम्पस स्थापना गरिएको छ। 'हरियो वन नेपालको धन' भन्ने प्रसिद्ध उक्तिलाई व्यावहारिक रूपमा उतार्न त्रिभुवन विश्वविद्यालयले पोखरा र हेटौंडामा ती क्याम्पस स्थापना गरेको हो। त्रिभुवन विश्वविद्यालयका यी फरेस्ट्री क्याम्पसमा अध्ययन गर्न विद्यार्थीले एसएलसीमा कम्तीमा दोस्रो श्रेणी ल्याउनुपर्ने प्रावधान छ।



त्रिभुवन विश्वविद्यालयले वनविज्ञान विषय दुई तरिकाबाट अध्ययन-अध्यापन गराइरहेको छ। एउटा सरकारी शुल्क, अर्को पूर्ण शुल्क। वनविज्ञानका लागि पोखरा र हेटौंडामा गरी ४५-४५ सिट छुट्याइएको छ। यी दुवै क्याम्पसमा ४५ सिटमध्ये ३५ सिट सरकारी कोटा हुन् भने बाँकी १० सिट पूर्ण शुल्कअन्तर्गतका सिट हुन्। ३५ सरकारी सिटमध्ये २६ साधारण सिट, ४ महिला सिट, २ दुर्गम सिट, १ थारू सिट, १ विभागीय सिट एवं १ स्टाफ सिट हुन्। सरकारी सिटमा वनविज्ञानको अध्ययन महँगो छैन। अन्य सरकारी क्याम्पस सरह यसमा शुल्क निर्धारण गरिएको छ।

त्यस्तै पूर्ण शुल्कअन्तर्गत छुट्याइएको दस सिटमा जो-कोही भर्ना हुन सक्छन्। पूर्ण शुल्कअन्तर्गत प्रमाणपत्र तहका लागि ७५ देखि ८० हजार रुपैयाँ निर्धारण गरिएको छ। उक्त रकम विद्यार्थीले भर्नाको समयमा बुझाउनुपर्ने हुन्छ। विश्वविद्यालयले वनविज्ञानअन्तर्गत छुट्याएको थारू सिट मध्यपश्चिमाञ्चल तथा सुदूरपश्चिमाञ्चलका थारूलाई बढी प्राथमिकता दिइन्छ। प्रमाणपत्र तहका लागि आवेदन फारम हेटौंडा तथा पोखराका सम्बन्धित क्याम्पस एवं डिनको कार्यालय कीर्तिपुरबाट लिन सकिन्छ।

वनविज्ञान अध्ययन गर्न चाहने विद्यार्थीले अनिवार्य अंग्रेजी, अनिवार्य गणित तथा विज्ञान विषयमा एक-एक सय पूर्णांक लिई एसएलसी परीक्षा उत्तीर्ण हुनुपर्छ। वनविज्ञानअन्तर्गत प्रवेश परीक्षामा सोधिने प्रश्नपत्र वस्तुगत किसिमका हुन्छन्। प्रवेश परीक्षामा अंग्रेजी, अनिवार्य गणित एवं विज्ञान विषयका प्रश्न सोधिन्छन्। भर्नाका लागि योग्यताक्रम निर्धारण गर्दा एसएलसी वा सो सरहको परीक्षाको कुल प्राप्तांकको २० प्रतिशत र प्रवेश परीक्षाको कुल प्राप्तांकको ८० प्रतिशत जोडी तयार गरिन्छ। प्रवेश परीक्षा उत्तीर्ण गर्न प्रत्येक विषयमा न्यूनतम ४० प्रतिशत अंक प्राप्त गरेकै हुनुपर्छ। वनविज्ञानका लागि हेटौंडा एवं पोखरामा भदौ महिनाको पहिलो वा दोस्रो सातासम्ममा प्रवेश परीक्षा लिइन्छ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गत नै पोखरा र हेटौंडामा वनविज्ञान विषयमा स्नातक तहको अध्यापन गराइन्छ। विद्यार्थीले स्नातकका लागि न्यूनतम शैक्षिक योग्यता त्रिभुवन विश्वविद्यालयबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट वनविज्ञान विषयमा प्राविधिक प्रमाणपत्र तह वा विज्ञान विषयमा प्रमाणपत्र तह वा प्लस टुमा कुल प्राप्तांकको कम्तीमा ५० प्रतिशत अंक हासिल गरेको हुनुपर्छ। स्नातक तहमा फरेस्ट्रीअन्तर्गत हेटौंडा क्याम्पसमा २० सिट छुट्याइएको छ भने पोखरातर्फ ४० सिट छुट्याइएको छ। हेटौंडा क्याम्पसका २० कोटामध्ये साधारण ६, महिला १, पूर्ण शुल्कीय ७, विभागीय ५ तथा स्टाफ सिट १ छन्।

त्यस्तै पोखरा क्याम्पसतर्फका ४० सिटमध्ये ३० वटा फरेस्ट्री समूहतर्फ छन् भने बाँकी १० सिट विज्ञान समूहतर्फ छन्। पोखरास्थित फरेस्ट्रीका ३० सिटमध्ये साधारण सिट १६, महिला सिट २, पूर्ण शुल्कीय सिट ६, विभागीय सिट ४, दूर्गम सिट र स्टाफ सिट १-१ छन्। वनविज्ञानमा स्नातक तहअन्तर्गत पूर्णशुल्कीय कोटामा अध्ययन गर्न चाहने विद्यार्थीले भर्नाका लागि छनौट भैसकेपछि १ लाख ५० हजार बुझाउनुपर्छ। स्नातक तहका लागि क्याम्पसले प्रवेश परीक्षा साउन महिनाभित्र लिने गरेको छ। प्रवेश परीक्षामा सोधिने प्रश्नहरू भनेका गणित, फरेस्ट्री, जीवनविज्ञान, फिजिक्स तथा केमेस्ट्रीका वस्तुगत प्रश्न हुन्। वनविज्ञानमा तीनवर्षे स्नातक अध्यापन गराइन्छ।

पोखरास्थित फरेस्ट्री क्याम्पसले दुई वर्षे स्नातकोत्तर तह पनि सञ्चालन गरेको छ। स्नातकोत्तर तहअन्तर्गत क्याम्पसले तीन विषय फरेस्ट्री, वाटरसेड म्यानेजमेन्ट र नेचुरल रिसोर्सेज म्यानेजमेन्ट एन्ड रुरल डेभलपमेन्टका कक्षा सञ्चालन गर्दै आएको छ। फरेस्ट्रीमा स्नातकोत्तर गर्न फरेस्ट्री विषयमै स्नातक हुनु आवश्यक छ। फरेस्ट्रीका लागि क्याम्पसले स्नातकोत्तरमा २१ सिट छुट्याएको छ जसअन्तर्गत १० वटा न्यूनतम शुल्क, १० वटा पूर्ण शुल्क एवं १ सिट स्टाफ कोटा छन्। त्यस्तै वाटरसेड म्यानेजमेन्ट विषयमा स्नातकोत्तर गर्नका लागि बीएस्सी फरेस्ट्री, बीएस्सी एग्रिकल्चर, बीएस्सी वातावरण विज्ञान विषयमा स्नातक हुनु आवश्यक छ। यो विषयअन्तर्गत ११ वटा सिट छुट्याइएको छ। ११ सिटमध्ये ५ सिट न्यूनतम, ५ सिट पूर्ण शुल्क र १ सिट स्टाफ कोटा हुन्। त्यस्तै नेचुरल रिसोर्स म्यानेजमेन्ट एन्ड रुरल डेभलपमेन्ट विषय अध्ययन गर्न पनि बीएस्सी फरेस्ट्री, बीएस्सी वातावरण विज्ञान, बीएस्सी एग्रिकल्चर अध्ययन गरेको हुनुपर्छ। यस विषयमा पनि ११ सिट छुट्याइएको छ जसमा ५ सिट न्यूनतम शुल्क, ५ सिट पूर्णशुल्क र १ सिट स्टाफ कोटा छन्।

माथि उल्लेखित सबै विषयमा स्नातकोत्तरका लागि पूर्णशुल्कअन्तर्गत २ लाख ५० हजार रुपैयाँ बुझाउनुपर्छ भने न्यूनतम शुल्कअन्तर्गत सामान्य सरकारी खर्च लाग्छ। त्यस्तै पूर्णशुल्कअन्तर्गत विदेशी विद्यार्थीको हकमा दुई वर्षमा ६ हजार ५ सय अमेरिकी डलर तोकिएको छ। स्नातकोत्तरका लागि पोखरास्थित क्याम्पसले प्रवेश परीक्षाका लागि विद्यार्थी आह्वान पुस महिनाको दोस्रो सातातिर गर्छ। स्नातकोत्तर अध्ययनका लागि विद्यार्थी छनौट २० प्रतिशत अंक बीएस्सीबाट तथा बाँकी ८० प्रतिशत अंक प्रवेश परीक्षाबाट मिलाएर जोडिन्छ।

प्राकृतिक सम्पदाको धनी देश भएकाले यहाँका विद्यार्थीहरू वनविज्ञानको अध्ययन गर्न अग्रसर देखिन्छन्। कम विद्यार्थी उत्पादन भए पनि यसमा रोजगारीको अवसर धेरै छ। वनविज्ञानमा प्रवीणता प्रमाणपत्र हासिल गरेपछि रेन्जर भइने र उक्त पदको खाँचो नेपालमा जहिले पनि भएकाले विद्यार्थीहरू यो विषयप्रति आकर्षित भएका हुन्। संसारभरि रहेका विभिन्न जडीबुटीदेखि बोटबिरुवटासम्मको अध्ययन गर्न पाइने हुनाले विद्यार्थीले वनविज्ञान अध्ययनमा रुचि देखाउने गरेका छन्।

**–गिरिश**

# ललितकला र संगीतको अध्ययन



पेन्टिङ, मुद्रण, मूर्ति निर्माण, शिल्प, साहित्य, संगीत तथा नृत्यसँग सम्बन्धित कलालाई ललितकला भनिन्छ। यो धेरै पहिलेदेखि चलिआएको कला हो। ललितकलाले कुनै पनि देशको संस्कृति तथा सामाजिक व्यवस्थालाई प्रतिनिधित्व गर्छ। त्यसैले ललितकलाको कार्यक्षेत्र व्यापक छ। यो क्षेत्रमा लाग्ने व्यक्ति यसको व्यावहारिक ज्ञानका साथै सैद्धान्तिक ज्ञानमा समेत पारंगत हुनु आवश्यक छ। अझ नेपाल त यो क्षेत्रमा धनी भएका कारण यसमा थोरै रुचि राख्नेहरूले पनि धेरै गर्न सक्छन्।

सरकारी क्षेत्रबाट ललितकला अध्यापन गराउने कलेज नेपालमा एउटा मात्र छ, त्यो हो ललितकला क्याम्पस। यहाँ ख्यातिप्राप्त मूर्तिकार तथा चित्रकारहरूले अध्यापन गराउँछन्। एसएलसी उत्तीर्ण विद्यार्थीहरू यहाँ अध्ययन गर्न सक्छन्। उनीहरूको रुचि र सामान्य प्रवेश परीक्षाका आधारमा यहाँ भर्ना लिइन्छ। यहाँ पेन्टिङ, वास्तुकला, मूर्तिकला, धातुकला आदि सिकाइन्छ। ललितकलाअन्तर्गत चित्रकारितामा ७५ जना तथा मूर्तिकलाअन्तर्गत २० जनाको भर्ना क्षमता छ। विद्यार्थीको चाहना र दबाबका कारण यो संख्या सधैं बढ्ने कुरा प्रशासक भगत थापा बताउँछन्।

त्रिभुवन विश्वविद्यालयअन्तर्गत ललितकला क्याम्पस, नेपाल मानविकी क्याम्पस र पद्मकन्या क्याम्पसमा संगीतको पढाइ हुन्छ। यो बिषय अध्ययन गर्न विद्यार्थीमा संगीतप्रति रुचि हुनु पर्छ। यी क्याम्पसहरूमा संगीतअन्तर्गत भोकल, तबला, हार्मोनियम, सितार आदि सिकाइन्छ।

यसका साथै ललितकला क्याम्पसमा चित्रकला र मूर्तिकलाको पनि पढाइ हुन्छ। संगीतक्षेत्रमै क्यारियर बनाउन चाहनेहरूले यहाँ अध्ययन गर्न सक्छन्। चित्र र मूर्ति बनाएर नेपालको प्राचीन कला र संस्कृतिको संरक्षण गर्न चाहनेहरू चित्रकला र मूर्तिकला अध्ययन गर्न सक्छन्। यी क्याम्पसमा भर्ना हुनका लागि एसएलसी उत्तीर्णहरूले आवेदन दिन सक्छन्। प्रवेश परीक्षामा प्राप्त गरेको अंक र एसएलसीको अंकका आधारमा योग्यताक्रम निर्धारण गरिन्छ।

काठमाडौं विश्वविद्यालयले पनि संगीतको अध्यापन गर्छ। यो विश्वविद्यालयअन्तर्गत स्कुल अफ आर्ट्सअन्तर्गत डिपार्टमेन्ट अफ म्युजिकको स्थापना गरिएको छ। यो डिपार्टमेन्टले विभिन्न प्रकारका कोर्स तयार गरेको छ। कुनै निश्चित वाद्ययन्त्रमा मात्र विशेषज्ञता हासिल गर्न चाहने तर डिग्री प्राप्त गर्न नचाहनेहरूका लागि प्राक्टिकल म्युजिक कक्षाको व्यवस्था छ। यो कक्षा एक सातामा २ दिन चल्छ। भोकल म्युजिक, बाँसुरी, सितार, सरोद, तबला, सारंगी, पियानो, गितार, धिमे, नवबाजा र मादलका बारेमा यो कक्षामा प्रयोगात्मक ज्ञान हासिल गर्न सकिन्छ। यो कोर्सका लागि महिनाको ८ सय रुपैयाँ शुल्क लाग्छ। आफूले चाहेअनुसारको अवधिका लागि यो कोर्स अध्ययन गर्न सकिन्छ। यसका लागि कुनै निश्चित समय तोकिएको छैन।

एसएलसी उत्तीर्णहरू डिप्लोमा कोर्समा भर्ना हुन सक्छन्। भोकल, गितार र तबला गरी ३ वटा छुट्टाछुट्टै विषयमा यो कोर्स अध्ययन गर्न सकिन्छ। यी तीनवटै विषयमा अंग्रेजी, म्युजिक थ्योरी, विश्व इतिहास र नेपालको भूगोल, समाजशास्त्र तथा मानवशास्त्र र साउन्ड रेकर्डिङ एवं एम्प्लिफिकेसनसमेत अध्ययन गर्नुपर्छ। यो कोर्स एक वर्षमै सकिन्छ। एसएलसी अथवा प्लस टु

**बाँकी पृष्ठ ७ मा**

# ओभरसियर अध्ययनमा सम्भावना

एसएलसीपछिको प्राविधिक शिक्षामा ओभरसियर एक आकर्षक विषय हो। यसलाई डिप्लोमा इन इन्जिनियरिङ पनि भनिन्छ। सामान्यतः ३ वर्षको अध्ययनपश्चात् एउटा विद्यार्थी ओभरसियर बन्न सक्छ। यो विषय पढेर परीक्षा उत्तीर्ण गरेपश्चात् उसका लागि इन्जिनियरिङमा स्नातक गर्ने बाटो पनि खुल्छ। सामान्य भाषामा उनीहरूलाई जुनियर इन्जिनियर पनि भनिन्छ।

विभिन्न विषयमा ओभरसियर अध्ययन गर्न सकिन्छ। सिभिल इन्जिनियरिङ गरेका विद्यार्थीले भवन, सिञ्चाइ, सडक, खानेपानी, ढलनिकास आदिको निर्माण तथा मर्मतका क्षेत्रमा ज्ञान हासिल गर्छन्। आर्किटेक्चर उत्तीर्ण विद्यार्थीले विभिन्न आर्किटेक्चरल ड्रइङ (नक्सा)हरू बनाउन सक्छन्। उनीहरूमा भवन निर्माण सुपरिवेक्षण गर्न सक्ने क्षमता हुन्छ।

इलेक्ट्रिकलमा डिप्लोमा उत्तीर्ण विद्यार्थीले विद्युत्सम्बन्धी विभिन्न साना तथा मझौला उपकरणको सञ्चालन, मर्मत तथा सुपरिवेक्षण गर्न सक्छन्। इलेक्ट्रोनिक्समा डिप्लोमा उत्तीर्ण विद्यार्थीले घरेलु तथा सञ्चारसम्बन्धी विभिन्न इलेक्ट्रोनिक सरसामानहरू सञ्चालन, जडान तथा मर्मत गर्न सक्छन्। मेकानिकल पढेका विद्यार्थीले विभिन्न किसिमका मेसिन चलाउन, जडान गर्न, मर्मत गर्न, ग्रिल र प्लम्बिङको काम गर्न सक्छन्। अटोमोबाइलमा डिप्लोमा उत्तीर्णहरू विभिन्न किसिमका सवारी साधनहरूको मर्मत-सम्भार गर्न समर्थ हुन्छन्।

रेफ्रिजेरेसन एन्ड एयर कन्डिसनिङ पढेकाहरू नै यसका बारेमा जानकारी राख्नुका साथै यी मेसिनहरूको सञ्चालन एवं मर्मत गर्ने ज्ञान हासिल गर्छन्। कम्प्युटरमा डिप्लोमा उत्तीर्णहरू कम्प्युटर तथा सञ्चारसम्बन्धी एवं अन्य इलेक्ट्रोनिक्स सामानहरू मर्मत एवं जडान गर्न सक्छन्। यी सबै विषय अध्ययन गरेर ओभरसियर बनेकाहरू नेपाल सरकारका विभिन्न मन्त्रालयमा सुब्बा वा सोसरहको जागिर पाउन सक्छन्। यसबाहेक उनीहरू आफैं कुनै व्यावसायिक संस्था स्थापना गरेर स्वतन्त्र पेसा अपनाउन सक्छन्।

स्थापना कालदेखि लामो समयसम्म ओभरसियरको अध्ययन त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरूमा मात्र गर्न सकिन्थ्यो। वि. सं. २०४५ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) को स्थापनापश्चात् अन्य निजी शैक्षिक संस्थाहरू पनि यो विषयको अध्यापनमा संलग्न हुन थाले। हाल त्रिभुवन विश्वविद्यालयअन्तर्गतका थापाथली क्याम्पस काठमाडौं, पूर्वाञ्चल क्याम्पस धरान तथा पश्चिमाञ्चल क्याम्पस पोखरामा यो विषयको अध्यापन हुन्छ, तर सिटिइभिटीअन्तर्गत नेपालका धेरै शैक्षिक संस्थाहरूमा ओभरसियरको अध्यापन हुन्छ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पसहरूमा ओभरसियरको अध्ययनका लागि असार-साउनतिर आवेदन माग गरिन्छ। एसएलसीमा अंग्रेजी, गणित र विज्ञान विषय लिई उत्तीर्ण जोसुकैले यसका लागि आवेदन दिन सक्छन्। प्राविधिक एसएलसी उत्तीर्णहरूले भने यसमा आवेदन दिनका लागि न्यूनतम ६७ प्रतिशत अंक ल्याएको हुनुपर्छ। आवेदनपश्चात् प्रवेश परीक्षा लिइन्छ। प्रवेश परीक्षामा अंग्रेजी, गणित तथा विज्ञान विषयका प्रश्न सोधिन्छ।

यो परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरूमध्ये बढी अंक प्राप्त गर्नेहरू आफूले रोजेको विषय पढ्नका लागि छानिन्छन्। यी क्याम्पस सिटिइभिटीको तुलनामा शुल्क सस्ता हुन्छन्। त्यसैगरी पहिलेदेखि नै अध्यापन गराइरहेका कारण पनि धेरै विद्यार्थीको आकर्षणको केन्द्र यी कलेज नै हुन्छन्, तर थोरै भर्ना क्षमता र धेरै आवेदनका कारण यहाँ भर्ना पाउन कडा प्रतिस्पर्धा गर्नुपर्छ।

अहिले त्रिभुवन विश्वविद्यालयले नियमित र पूर्ण शुल्क गरी २ प्रकारको शुल्क लिन्छ। पूर्ण शुल्कमा भर्ना हुन नियमितभन्दा अतिरिक्त शुल्क तिर्नुपर्छ, तर यसका लागि पनि प्रवेश परीक्षामा भने उत्तीर्ण हुनै पर्छ। यी क्याम्पसहरूमा पनि फरक-फरक भर्ना क्षमता छ। थापाथली क्याम्पसमा नियमिततर्फ आर्किटेक्चरमा ३६, सिभिलमा ४८, मेकानिकलमा २४, अटोमोबाइलमा २४, इलेक्ट्रोनिक्समा १२ तथा कम्प्युटरमा १२ जनालाई भर्ना लिइन्छ। त्यसैगरी पूर्ण शुल्कीय तर्फ आर्किटेक्चरमा १२, सिभिलमा ४८, इलेक्ट्रोनिक्समा ३६, कम्प्युटरमा ३६ जनालाई भर्ना लिइन्छ। त्यसैगरी पूर्वाञ्चल क्याम्पस, धरानमा नियमिततर्फ सिभिलमा ३६, इलेक्ट्रिकलमा ३६, मेकानिकलमा २४, रेफ्रिजेरेसन एन्ड एयर कन्डिसनिङमा २४, इलेक्ट्रोनिक्समा २४ तथा कम्प्युटरमा २४ जनाले भर्ना पाउँछन्। यसबाहेक पूर्ण शुल्कीयतर्फ सिभिलमा १२, इलेक्ट्रिकलमा १२, इलेक्ट्रोनिक्समा २४ तथा कम्प्युटरमा २४ जनालाई भर्ना लिइन्छ।

पश्चिमाञ्चल क्याम्पस, पोखरामा नियमिततर्फ सिभिलमा १ सय ४४ जना, इलेक्ट्रिकलमा ४८, इलेक्ट्रेनिक्समा ४८, अटोमोबाइलमा २४, मेकानिकलमा २४ तथा कम्प्युटरमा १२ जनालाई भर्ना लिइन्छ। यही क्याम्पसमा पूर्ण शुल्कीय प्रणालीमा सिभिलमा ४८, इलेक्ट्रिकलमा ४८ तथा कम्प्युटरमा ३६ जनालाई भर्ना लिइन्छ, तर यी सबै विषयमा पूर्ण रूपमा प्रतिस्पर्धा भने गराइँदैन। कतिपय सिट विभिन्न क्षेत्रका लागि छुट्याइएको छ। तीमध्ये दुर्गम स्थानका लागि २५ स्थान छुट्याइएको छ। त्रिभुवन विश्वविद्यालयले नेपालका २५ जिल्लालाई दुर्गम जिल्लाका रूपमा घोषणा गरेको छ। ती जिल्लामा पढेका विद्यार्थीबीच छुट्टै प्रतियोगिता हुन्छ र उनीहरूले चाहेको विषय पढ्न पाउँछन्। त्यसैगरी महिलाका लागि १० प्रतिशत स्थान छुट्याइएको छ। त्यसका अतिरिक्त मुस्ताङ कोटा, संघसंस्था कोटा, शिक्षक-कर्मचारी कोटा, शिक्षक तथा कर्मचारीका छोराछोरी कोटा तथा सरकारी कार्यालय तथा सरकारी स्वामित्व भएका संस्थाहरूका लागि सुरक्षित कोटाअन्तर्गत पनि केही स्थान सुरक्षित हुन्छन्, तर यी कोटामा भर्ना हुन चाहनेहरूका बीचमा पनि प्रतियोगिता हुन्छ। यी र अन्य सबै स्थानमा भर्ना हुनका लागि प्रवेश परीक्षामा सम्मिलित हुनुपर्छ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पसहरूमा नियमिततर्फ भर्ना भएका विद्यार्थीहरूले एक वर्षमा लगभग ५ हजारजति खर्च गर्नुपर्छ, तर पूर्ण शुल्कतर्फ भर्ना भएकाहरूको ३० हजारजति खर्च हुन्छ, जसमध्ये कतिपय शुल्कपछि फिर्ता हुन्छ। यसो हुँदा नियमिततर्फ भर्ना भएकाहरूको तीन वर्षभित्रमा १५ हजारको हाराहारी र पूर्ण शुल्कीयतर्फ एक लाखको हाराहारीमा खर्च लाग्छ, तर पूर्ण शुल्कीयमा पनि धेरै पैसा अध्ययनपश्चात् फिर्ता हुन्छ। यसबाहेक विभिन्न छात्रवृत्ति पनि उपलब्ध हुन्छ। यसले गर्दा पनि शुल्कमा सहुलियत हुन्छ।

सिटिइभिटीअन्तर्गतका क्याम्पसहरूले पनि भर्ना प्रक्रियाका लागि त्रिभुवन विश्वविद्यालयकै प्रक्रिया अपनाउँछन्। प्रतिस्पर्धाबाट छानिएकाहरू आफूले चाहेको क्याम्पसमा निश्चित विषय पढ्नका लागि योग्य हुन्छन्। त्रिभुवन विश्वविद्यालयकै प्रवेश परीक्षा उत्तीर्ण गरेका तर योग्यताक्रममा पर्न नसकेकाहरूलाई पनि यी कलेजहरूले भर्ना लिन्छन्। यी क्याम्पसहरूको शुल्क भने त्रिभुवन विश्वविद्यालयको तुलनामा महँगो हुन्छ। सामान्यतः अध्ययन अवधिभर १ लाखको हाराहारीमा शुल्क तिर्नुपर्छ।



### सिटिइभिटीअन्तर्गतका केही कलेज

| | कलेज | कार्यक्रम |
|---|---|---|
| १. | एक्मी इन्जिनियरिङ कलेज, काठमाडौं | सिभिल, कम्प्युटर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स |
| २. | एड्भान्स कलेज अफ इन्जिनियरिङ, ललितपुर | सिभिल, कम्प्युटर, इलेक्ट्रिकल |
| ३. | अरनिको इन्स्टिच्युट अफ टेक्नोलोजी, बनेपा | कम्प्युटर |
| ४. | बैजनाथ इन्जिनियरिङ कलेज, महेन्द्रनगर | सिभिल |
| ५. | वीरगन्ज टेक्नोलोजी इन्स्टिच्युट, वीरगन्ज | कम्प्युटर, मेकानिकल, इलेक्ट्रोनिक्स |
| ६. | जनकपुर इन्जिनियरिङ कलेज | कम्प्युटर |
| ७. | काठमाडौं इन्स्टिच्युट अफ टेक्नोलोजी काठमाडौं | सिभिल, कम्प्युटर, इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल |
| ८. | ख्वप पोलिटेक्निक स्कुल, भक्तपुर | सिभिल |
| ९. | लुम्बिनी इन्जिनियरिङ कलेज, रूपन्देही | कम्प्युटर, मेकानिकल |
| १०. | नेपाल पोलिटेक्निक इन्स्टिच्युट, चितवन | सिभिल |
| ११. | पाल्पा इन्जिनियरिङ कलेज, पाल्पा | सिभिल |
| १२. | पोखरा इन्जिनियरिङ कलेज, कास्की | कम्प्युटर, आर्किटेक्चर, इलेक्ट्रोनिक्स |
| १३. | स्कुल अफ जोमेट्रिक, काठमाडौं | सर्भे |
| १४. | सुनसरी टेक्निकल इन्स्टिच्युट, धरान | कम्प्युटर |
| १५. | सुष्मा टेक्निकल इन्स्टिच्युट, धरान | सिभिल |

# ललितकला र संगीतको अध्ययन

**वृष्ठ ६ बाट जारी**

उत्तीर्णहरूसमेत यो कोर्सका लागि भर्ना हुन सक्छन्। यो कोर्स अध्ययन गरेपछि विद्यार्थीहरू बीए र बीम्युजका लागि योग्य हुन्छन्।

काठमाडौं विश्वविद्यालयले म्युजिक स्टडिजअन्तर्गत स्नातक तहका कक्षा पनि सञ्चालन गरेको छ। यसलाई बीए इन म्युजिक स्टडिज नामकरण गरिएको छ। यो कोर्स तीन वर्षको हुन्छ। यसमा विशेष गरी संगीतको नयाँ क्षेत्र इथ्नोम्युजिकोलोजी र संसारको नयाँ-नयाँ ट्रेन्डका बारेमा अध्ययन गरिन्छ। यसमा विशेष गरी दक्षिण एसियाली तथा पश्चिमी संगीतका बारेमा फोकस गरिन्छ। यसमा विभिन्न विषय समेटिएको छ। संगीतका क्षेत्रमा अनुसन्धान, डकुमेन्टेसन, म्युजिक एन्ड मिडिया म्यानेजमेन्ट तथा म्युजिक एजुकेसनका बारेमा गहिरिएर जान चाहनेहरूका लागि यो कोर्स निकै फलदायी हुने कुरा डिपार्टमेन्टका प्रशासक राजु ह्यौमिखा बताउँछन्।

स्नातक कक्षाकै रूपमा अर्को ब्याचलर इन म्युजिक अर्थात् बिम्युज कोर्स पनि विश्वविद्यालयले सञ्चालन गर्छ। यो विषय अध्ययन गरेका विद्यार्थीहरू भविष्यमा राम्रो पर्फर्मर र कम्पोजर बन्न सक्छन्। यो कोर्स पनि दुई वर्षको हुन्छ। यसबाट प्याक्टिकल म्युजिक तथा समाज र विश्वका विभिन्न म्युजिकल क्षेत्रका बारेमा व्यावहारिक ज्ञान प्राप्त गर्न सकिन्छ।

यसबाहेक विश्वविद्यालयले स्नातकोत्तरका कक्षा पनि सञ्चालन गरेको छ। यसलाई एमए इन इथ्नोम्युजिकोलोजी नामकरण गरिएको छ। कुनै पनि विषयमा स्नातक उत्तीर्णहरू यो कोर्सका लागि भर्ना हुन सक्छन्। संगीतमा विशेषज्ञता हासिल गरी आफ्नो देश र अन्य देशको समेत संगीतसम्बन्धी सामग्रीहरूलाई डकुमेन्टेसन गरी राख्न सक्षम बनाउने उद्देश्यले यो कोर्स निर्माण गरिएको कुरा ह्यौमिखा बताउँछन्। दुईवर्षे यो कोर्सअन्तर्गत विभिन्न प्रकारका फिल्ड वर्क एवं सेमिनार आयोजित गरिन्छ। संगीतका क्षेत्रमा यो कोर्स अध्ययन गरेर दक्ष संगीतकर्मी बन्न सक्छ। डिप्लोमादेखि माथिका सबै कोर्स अध्ययनका लागि महिनामा ३ हजार ५ सय रुपैया शुल्क तिर्नुपर्छ। त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा सिर्जना कलेज अफ फाइन आर्ट्समा पनि कलासम्बन्धी अध्यापन गराइन्छ।

**–एकराज**

विज्ञान

# अब गुगल अर्थमा आवाज पनि



गुगल अर्थले छोटो समयमा जति लोकप्रियता कमायो त्यति नै विवादास्पद पनि बन्यो । सामान्य मात्र होइन, सुरक्षाका दृष्टिले निकै संवेदनशील मानिएका स्थानका तस्बिर उपलब्ध गराएर गुगल अर्थले धेरैको मायाका साथै आक्रोशसमेत खेप्नुपर्‍यो तर अब गुगल अर्थमा भू-उपग्रहको मद्दतमा अन्तरिक्षबाट खिचिएका पृथ्वीका तस्बिर अवलोकनकर्ताले आवाज पनि सुन्न सक्नेछन् । अब गुगल अर्थमा कुनै एक ठाउँमा बसेर विश्वका विभिन्न ठाउँ र सडक हेर्ने मात्र होइन, त्यहाँको आवाजसमेत सुन्न सकिनेछ ।

अमेरिकाको क्यालिफोर्नियास्थित वाइल्ड स्यानच्युरी कम्पनीले निर्माण गरेको सफ्टवेयरको मद्दतले विश्वका विभिन्न स्थानका आवाजको रेकर्ड सुन्न सकिनेछ । उक्त सफ्टवेयरलाई वाइल्ड स्यानच्युरी नाम दिइएको छ । उक्त सफ्टवेयरमा ३ हजार ५ सय घण्टाभन्दा बढी लामो आवाज रेकर्ड गरिएको छ, जुन विश्वका विभिन्न महत्त्वपूर्ण स्थानबाट जुटाइएको हो । आवाज रेकर्ड गर्ने सफ्टवेयर निर्माण कम्पनीसँग गुगलको चाँडै सम्झौता गर्दैछ । वाइल्ड स्यानच्युरी निर्देशक बर्नी क्रुज भन्छन्– एउटा तस्बिरले हजारौं शब्दले भन्न खोजेको कुरा बयान गर्छ तर एउटा आवाज हजारौं तस्बिरबराबर हुन्छ । क्रुजले ४० वर्षदेखि विभिन्न ठाउँ घुमी फरक किसिमका आवाज रेकर्ड गर्दै यसलाई निरन्तरता दिइरहेका छन् ।

जङ्गल, सहर, गाउँ, मरुभूमि, हिमाल, पहाड, समुन्द्रलगायत विभिन्न स्थानको आभास दिलाउने आवाज उनले आफ्नो सफ्टवेयरमा संग्रह गरेका छन् भने १५ हजारभन्दा बढी जीवजन्तुका आवाज उक्त सफ्टवेयरमा छ । यो विश्वको सबैभन्दा ठूलो आवाजको लाइब्रेरी हो, क्रुज स्पष्ट पार्छन् । क्रुज भन्छन्– गुगल अर्थमा कुनै खास क्षेत्रमा ‘जुम इन’ गरे त्यहाँको आवाज सुन्ने विकल्प पाउन सकिन्छ, जहाँ क्लिक गरेर साउन्डट्र्याक सुन्न सकिन्छ । यसका लागि गुगल तथा वाइल्ड स्यानच्युरीबीच आधिकारिक सम्झौता हुँदासम्म पर्खनुपर्ने हुन्छ ।

यसले गुगल अर्थका अवलोकनकर्तालाई बढी आनन्द दिनुका साथै गुगल अर्थको पनि लोकप्रियता बढाउने विश्वास क्रुजको छ । स्यानच्युरीबीच सम्झौता भैनसके पनि गत जेठ १५ गते अमेरिकामा उनीहरूले यसको पहिलो प्रदर्शन गरे । प्रदर्शनीमा गुगल अर्थका दुई दर्जनभन्दा बढी तस्बिर आवाजसहित अवलोकनकर्तामाझ देखाइएको थियो ।

सम्झौतापछि हजारौं साउन्डट्र्याक गुगल अर्थमा राखिने गुगलले जनाएको छ । समयअनुसार थरीथरीका आवाज पनि थपिँदै लगिनेछ । समयको परिवर्तनसँगै फेरिने आवाजलाई गुगल अर्थमा अपडेट गर्ने योजना गुगलको छ जसको माध्यमबाट अवलोकनकर्तालाई सहरको जनसंख्या बढेको कुरा त्यहाँको आवाजबाट पनि थाहा होस्, जसले उनीहरूलाई वास्तविकतासँग नजिक बनाउनेछ ।

## जिज्ञासा

–सुदन झा, कम्प्युटर कन्सल्टेन्ट

**प्रश्न : डसमा डस मेमोरीको युजर डिस्प्ले हुन्छ कि हुँदैन ? कम्प्युटरका मुख्य प्रोग्रामहरू के-के हुन् ? अहिले कुन-कुन विषयमा बढी ध्यान दिनुपर्ला ?**

**–सुदीप अर्याल, इमेलबाट**

**उत्तर** : डसमा डस मेमोरीको युजर डिस्प्ले प्रत्यक्ष रूपमा हुँदैन तर डसमा डस मेमोरी युजर भने पक्कै हुन्छ, जसको मेमोरी युज डिस्प्ले गर्न मेन कमान्ड प्रयोग गर्नुपर्छ । यसका लागि सिप्रोम्टमा गएर CM/Mem/C.P टाइप गर्नुहोस् । अनि डसको मेमोरी क्यापासिटी देखिन्छ ।

कम्प्युटरका मुख्य प्रोग्राम दुई प्रकारका छन् । हाइ लेभल ल्याङ्ग्वेज (एचएलएल) र अर्को लो लेभल ल्याङ्ग्वेज (एलएलएल) । हामीले जति पनि एप्लिकेसन प्याकेज प्रयोग गर्छौं ती सबै हाइ लेभल ल्याङ्ग्वेजमा गरिन्छ । जस्तै हार्डवेयरसँग सम्बन्धित प्रोग्रामहरू लो लेभल ल्याङ्ग्वेजमा बनाइन्छ । आजभोलि भिजुयल बेसिक, भिजुयल फक्सप्रो, भिजुयल सीबाट एप्लिकेसन सफटवेयरहरू बनाइन्छ । विशेषगरेर सफ्टवेयरमा पनि डाटाबेस, सर्भर कन्फाइगरेसन, वेब डेभेलोपमेन्ट आदिमा बढी स्कोप देखिन्छ । नेपालको सन्दर्भमा एप्लिकेसन सफटवेयरमा बढी ध्यान दिनु अझ राम्रो हुन्छ । किनभने नेपालमा हार्डवेयर कम्पनीहरू कमै छन् तर यसो भन्दैमा हार्डवेयरलाई पटक्कै स्थान नदिनेचाहिं होइन ।

# धनकुटामा कम्प्युटर शिक्षा

कम्प्युटर शिक्षा नेपालमा केही वर्षपहिले भित्रिएको हो । धनकुटामा पनि यसको प्रभाव पर्न थालेको छ । विभिन्न प्रशिक्षण केन्द्रहरूमा कम्प्युटर ट्रेनिङ केही समय अघिदेखि नै थालिएको थियो, तर हाल यो अनिवार्यजस्तै हुन थालेको छ । विभिन्न संघ-संस्थामा कामका लागि दिइने विज्ञापनमा कम्प्युटर शिक्षालाई अनिवार्य रूपमा समावेश गर्न थालिएपछि यसको प्रभावकारिता बढेको छ । कम्प्युटर शिक्षा सरकारी कर्मचारी तथा युवाहरूले बढी मात्रामा लिने गरेका छन् ।

धनकुटाका अधिकांश विद्यालयमा यसै वर्षदेखि कम्प्युटर शिक्षा समावेश गरिएकाले यसको उपयोगिता बढेको छ । धनकुटा बहुमुखी क्याम्पसमा उच्च शिक्षा लिन आउनेहरूले अध्ययनका अतिरिक्त कम्प्युटर कोर्स लिने गरेको पाइन्छ । करिब १०-१५ वटा प्रशिक्षण केन्द्र र ७-८ वटा साइवर रहेको धनकुटा सदरमुकाममा विद्यार्थीहरूको चाप अत्याधिक बढी छ भने प्रशिक्षण केन्द्र एवं साइवर खोल्ने क्रम पनि तीव्र छ ।

‘धेरै टाढाका समाचार एकै क्षणमा पाइने, आफ्ना साथीभाइहरूसँग भेटघाट हुने र मूल्य पनि सस्तो हुने हुँदा साइवर गइन्छ,’ -विशाल श्रेष्ठले भने । खासगरी युवा पुस्तामा प्रभाव रहेको इमेल-इन्टरनेटको धनकुटामा तीव्र विकास भैरहेको छ । पहिले एउटा मात्र साइवर थियो, त्यहाँ गएर धेरै बेर कुर्नुपर्ने समस्या र इमेल-इन्टरनेट साइटहरू पनि अत्यधिक ढिलो खुल्ने हुँदा युवाहरू त्यति साइवर जाँदैनथे, हिजोआज त्यो समस्या केही मात्रामा कम भएको छ । इमेल-इन्टरनेट नेपाल टेलिकमबाट वितरित डायल अप फोनका माध्यमबाट चलाइएको छ ।

यो सेवाले इमेल-इन्टरनेटको गति त्यति छिटो नभए पनि पहिलेको स्थितिमा सुधार आएको छ । वाइरलेस सेवाको विस्तार गर्न सके यो समस्या समाधान हुन सक्ने साइवर सञ्चालकहरू बताउँछन् । ‘आफूले दिन सकेको सेवाबाट हामी सन्तुष्ट छौं र व्यापार पनि राम्रै चलेको छ,’ एक साइवर सञ्चालक सरोज भुजेल भन्छन् । धनकुटामा विकास हुँदै गएको साइवरको प्रभाव यहाँका कर्मचारी वर्गमा पनि परेको छ । ‘इमेल-इन्टरनेटले हाम्रो खाली समय सदुपयोग गर्न सहयोग गरेको छ ।’ एक जना कर्मचारीले बताए ।

साइवरले धनकुटाको विकासलाई समेत सहयोग गरेको छ । यहाँबाट प्रकाशित हुने पत्रिकाहरूलाई समाचार संकलन गर्न सजिलो हुँदै गएको छ । यहाँबाट सञ्चालित विभिन्न वेबसाइटमा धनकुटाको जानकारी र यहाँका पत्रिकाहरूसहित अन्य जानकारी पढ्न पाइने भएको छ । यसले धनकुटालाई अन्य ठाउँमा चिनाउन सहयोग गरेको छ । व्यापार व्यवसाय बढाउन विज्ञापन दिने कार्यले तीव्रता पाएको छ । धनकुटा जिल्लाको विकासलाई यहाँ सञ्चालित साइवर र कम्प्युटर प्रशिक्षण केन्द्रहरूले ठूलो भूमिका निर्वाह गर्न सक्ने बुद्धिजीवीहरू बताउँछन् । ‘विभिन्न गैसस तथा अन्य कार्यालयबाट विभिन्न ठाउँमा प्रोपोजल पेस गर्न र जानकारी पाउनसमेत सजिलो भएको छ,’ गैसस महासंघ अध्यक्ष तथा हुसाडेक नेपालका निर्देशक तथा महासचिव विदुर सुवेदी भन्छन् । युवाहरूले अध्ययनका अतिरिक्त अन्य ज्ञान लिन साइवर जाने गरेको पाइन्छ । त्यस्तै उनीहरूको उद्देश्य नयाँ साथी बनाउने तथा नयाँ जानकारी लिने हुन्छ ।

**–दीपेन्द्र काफ्ले**

## रक्तचाप र मस्तिष्क

ब्रिस्टोल युनिभर्सिटीका वैज्ञानिकहरूले मानिसमा हुने उच्च रक्तचापको कारण मस्तिष्क भएको तथ्य पत्ता लगाएका छन् । हालसम्म यसको कारण मुटु, मृगौला अथवा रक्तनलीहरूलाई मानिन्थ्यो ।

यसबाट उच्च रक्तचापको उपचारमा नयाँ सम्भावना देखा परेको छ । वैज्ञानिकहरूले मुसामा यो परीक्षण गरेका थिए । उनीहरूले जाम-१ नामक प्रोटिन निकाले । यो प्रोटिन मस्तिष्कमा रहेका सेता रक्तकणहरूसँग बसेको हुन्छ र यसले रक्तसञ्चारलाई अवरुद्ध गरेको हुन्छ । फलस्वरूप मस्तिष्कमा पर्याप्त मात्रामा अक्सिजन पुग्न सक्दैन र उच्च रक्तचापको समस्या हुन्छ । यो समस्या कसरी हटाउन सकिन्छ भन्ने विषयमा अझै स्पष्ट भैसकेको छैन । अबको अभियान यो तथ्य पत्ता लगाउने कार्यमा हुने कुरा पनि अनुसन्धानकर्ताहरूले बताएका छन् ।

## रजस्वला रोक्ने औषधी

मासिक रजस्वला रोक्ने नयाँ औषधीको प्रयोगका लागि अमेरिकाको फुड एन्ड ड्रग एडमिनिस्ट्रेसनले स्वीकृति दिएको छ । यो औषधीले महिलाको मासिक चक्र रोकिनुका साथै गर्भवती हुनबाट समेत बचाउँछ । वेथ नामक कम्पनीले निर्माण गरेको यो औषधीको नाम लिवरेल हो । यसमा जन्मान्तरका लागि प्रयोग गरिँदै आएको इथिनिल एस्ट्राडिओल तथा लिभोनोजेस्ट्रलजस्ता हार्मोन प्रयोग गरिएको छ । यो औषधी नियमित रूपमा तीन सातासम्म खानुपर्छ । त्यसपछि मासिक चक्रका लागि एक साता छोड्नुपर्छ, केही समय यो दबाई खाएपछि महिलाको मासिक चक्र पूर्ण रूपमा रोकिन्छ, तर यो प्रक्रिया महिलाका लागि उपयुक्त नभएको जानकारी पनि ड्रग एडमिनिस्ट्रेसनले दिएको छ ।

## बोनम्यारोबाट शुक्रकीट

जर्मन वैज्ञानिकहरूले मानिसको हाडमा रहेको बोनम्यारोबाट शुक्रकीटको कोष विकसित गरेका छन् । यसलाई पूर्ण विकसित कोषमा विकसित गरिए गर्भाधानसम्बन्धी समस्या भएका व्यक्तिहरूलाई महत्वपूर्ण फाइदा पुग्नेछ । युनिभर्सिटी अफ गटिन्जन तथा मेडिकल स्कुल अफ ह्यानोभरका अनुसन्धानकर्ताहरूले यस प्रकारको कोष विकसित गरेका हुन् । उनीहरूले एक जना व्यक्तिको शरीरबाट स्टेम कोष निकाले । स्टेम कोष एक प्रकारको अविकसित कोष हो । यसलाई अन्य कोषको रूपमा विकास गर्न सकिन्छ । यही स्टेम कोषलाई नै उनीहरूले शुक्रकीटको कोषका रूपमा विकास गरेका हुन् । आगामी ५ वर्षभित्रमा यसलाई पूर्ण विकसित कोषका रूपमा विकास गर्न सकिने कुरा पनि वैज्ञानिकहरूले बताएका छन् । संसारका धेरै देशमा यो कामका लागि स्वीकृति प्रदान गरिएको छैन । स्वयं जर्मनीमा समेत यो कार्य प्रतिबन्धित छ । यसो भए कुनै अन्य मानिसको बोनम्यारोको अवैध प्रयोग हुने सम्भावना हुन्छ । यसो भएमा मानिसको वंशानुगत गुणमा समेत गम्भीर असर पर्न सक्छ ।

## मलेरियाका कारण एड्सको विस्तार

अफ्रिकाको केन्यामा अनुसन्धान गरिरहेका स्वास्थ्य विशेषज्ञहरूले मलेरियाले प्राणघातक एड्सलाई विस्तार गर्दै लगेको तथ्य सार्वजनिक गरेका छन् । मलेरियाका रोगीलाई एड्सले सजिलै सिकार बनाउँछ भने, मलेरिया र एड्स दुवै रोगबाट ग्रसित बिरामीले अरू स्वस्थ्य मानिसमा एड्स सजिलै र छिटो सार्ने गरेको एक अध्ययनले देखाएको छ । मलेरिया र एड्स रोगीहरूका बीचमा एड्स सजिलै सर्ने गरेको देखिन्छ । मलेरिया र एड्स रोगीहरूले मानिसमा एड्स सजिलै र छिटो सार्ने गरेको पाइएको छ । मलेरिया सार्ने लामखुट्टेको टोकाइबाट यो रोग सर्ने नभै बिरामीहरूबाट सुई, रगत आदानप्रदान गर्दा एवं यौनसम्पर्कबाट यी रोगहरू सजिलै र छिटो सर्ने गरेको तथ्य साइन्स जर्नलमा प्रकाशित एक अध्ययन-प्रतिवेदनमा उल्लेख छ । मलेरियाका रोगीहरूले एड्सलाई दस गुणाका दरमा विस्तार गरेको र यसैका कारण अफ्रिकामा अहिलेसम्म लाखौं बिरामीको मृत्य भैसकेको अध्ययनमा उल्लेख छ ।

## कुखुरा र क्यान्सर

ब्रिटिस वैज्ञानिकहरूले क्यान्सर रोग निवारण गर्ने अन्डा दिने कुखुराको विकास गरेका छन् । स्कटल्यान्डको इडिनवर्गमा रहेको अनुसन्धान केन्द्रमा पाँच पुस्ताको अनुवंशिक कुखुराको उत्पादन गरी त्यसबाट क्यान्सर रोग निवारण गर्ने प्रोटिन भएको अन्डा उत्पादन गरी भएको छ । त्यस प्रकारको अनुवंशिक तवरले तयार पारिएको कुखुरा हजारौंको संख्यामा उत्पादन गर्न सकिने र ती कुखुराले सहजै अन्डा दिने भएकाले क्यान्सर रोगको औषधी निकै सुलभ हुने वैज्ञानिकहरूको दाबी छ ।

## सज्जाको ठाउँमा सञ्चिता





**नायिका सज्जा मैनालीले विवाहपश्चात् चलचित्र क्षेत्रलाई बाई-बाई गरेपछि उनको स्थानमा अर्की नायिका सञ्चिता लुइँटेललाई लिन थालिएको छ। त्यसो त सुन्दरता र प्रबल सम्भावना हुँदाहुँदै पनि पछि परेकी सञ्चिता आफ्नै किसिमको स्थान बनाउन सक्ने नायिका हुन्। यद्यपि सज्जाको अघोषित बिदाइपछि सञ्चिता एकाएक व्यस्त भएकी छिन्। हाल निर्माणको क्रममा रहेका धेरै चलचित्रमा अनुबन्धित सञ्चिता रातारात कसरी व्यस्त बनिन् त ? चलचित्र क्षेत्रलाई राम्रोसँग बुझ्नेकाहरू भन्छन्- हिजो सज्जालाई सिफारिस गरेर चलचित्र लिइदिनेहरू अहिले सञ्चिताका लागि सहयोगी बनेका छन्। बाह्र वर्षपछि खोलो त फर्कन्छ भन्ने उखान फेरि एकपटक सञ्चिताको जीवनमा चरितार्थ भएको छ।**

## फर्किन् रुष्मा

नेपाली चलचित्रमा नव नायिकाको आगमन बढिरहेको बेला एउटी पुरानी नायिकाको पुनरागमन भएको छ। उनी हुन्– रुष्मा राई। रुष्माले अब अभिनयलाई नै गरिखाने मेसो बनाउने भएकी छिन्। उनले चार वर्षअघि निर्माण भएको चलचित्र 'सहिदगेट'मा अभिनय गरिसकेकी छिन्। 'सहिदगेट' व्यावसायिक रूपमा त असफल भयो नै, उक्त चलचित्रमा निर्वाह गरेको चरित्र पनि सुहाउँदो नभएका कारण अन्य चलचित्रमा आफूले मौका नपाएको हो कि भन्ने लागेको छ रुष्मालाई। चलचित्र असफल भए पनि आफूमा



पनि केही कमजोरी रहेको स्वीकार गर्ने रुष्मा अब भने पहिलेको कमजोरी दोहोरिन नदिने बताउँछिन्। पछिल्लो पटक मिसन लभ इन सिक्किममा मुख्य भूमिकामा अनुबन्धित रुष्मा तनमनले अभिनय गर्ने पक्षमा छिन्। अभिनयसम्बन्धी केही प्रशिक्षणसमेत लिएकी रुष्मा मिसन लभ इन सिक्किममा आफूले हासिल गरेको ज्ञान देखाएरै छाड्ने कुरामा प्रतिबद्ध छिन्। कलाकारका लागि प्रशिक्षण अनिवार्य रहेछ भन्ने रुष्माले केही टेलिचलचित्र तथा म्युजिक भिडियोमा पनि अभिनय गरेकी छिन्।

## ठीक बोल्नुभो



पैंतालीसवटा चलचित्र लेखेपछि सुरज सुब्बा 'नाल्बो'लाई बल्ल ज्ञान भएछ कि उनको कथा बेच्ने पसलमा ताजा कथाभन्दा बासी कथा पो धमाधम बिक्री भैरहेका रहेछन्। कुनै बासी हिन्दी चलचित्रबाट दुरुस्त सारिएका बासी कथालाई नयाँ प्याकेटमा हालेर बेच्न सुब्बा पनि त खप्पिस रहेछन्। बालबच्चा पाल्ने खर्च उनले ती बासी कथाको बिक्रीबाटै जोगाड गर्दा रहेछन्। लेख्नमा भन्दा बोल्नमा पारंगत सुब्बाले हालसालै 'मेरो पसलमा सार्थक कथा किन्न कोही आउँदैनन्। म बारम्बार बासी कथा बेच्न बाध्य छु।' भनेपछि सुरजले लेखेका जति सबै चलचित्र छन्, ती पनि बासी भए। त्यसमा अभिनय गर्ने कलाकार, प्राविधिक, निर्देशकले पनि बासी काम गरिरहेका छन्। किनकि चलचित्रमा कथालाई मूल जरा मानिन्छ। अनि निर्माताले ती चलचित्रलाई कसरी नयाँ चलचित्र भन्न सकेका होलान् ? बल्ल थाहा भयो– नेपाली चलचित्रमा नयाँपन किन आउन सकेको छैन ?

## निर्देशकको पिरती



जता जाँदा पनि सँगै नारिएर हिँड्ने दुई निर्देशकको घनिष्ठता हिजोआज चर्चाको विषय भएको छ। अनुभवी चलचित्र निर्देशक नरेश पौड्याल तथा तन्नेरी निर्देशक श्याम भट्टराईबीच पिरती नै बसेको छ। '४३ वर्षीय पौड्याल र २८ वर्षीय भट्टराईको जोडी पनि गजबकै छ' श्यामकी जीवनसँगिनी अर्थात् नायिका रञ्जना शर्मा भन्दै थिइन्। कतिपय चलचित्रकर्मीबीच पानी बाराबारकै स्थिति छ। सँगै अभिनय गर्ने कतिपय कलाकारबीच पनि बोलचाल छैन। त्यसमाथि निर्देशक-निर्देशक बीच बढी चिसोपन छ, तर नरेश पौड्याल र श्याम भट्टराईका बीचमा यी कुरा बिल्कुलै लागू हुँदैनन्।

नेपाली चलचित्रकै कान्छा निर्देशक भट्टराई अग्रजका नाताले सरसल्लाहका लागि पौड्यालमै आश्रित रहने गरेका छन्। पौड्यालले पनि उनलाई सहकर्मीकै रूपमा हरप्रकारले सहयोग गरिरहेका छन्। कुममा कुम जोड्दै दुवैले भने- 'एउटै क्षेत्रमा काम गर्ने भएपछि केका लागि मनमुटाव गर्नु, मिलेर काम गर्दा चलचित्र क्षेत्र पनि फस्टाउँछ।'

अस्वस्थ प्रतिस्पर्धाले पनि नेपाली चलचित्र क्षेत्र पछि परेको कुरा दुवै स्वीकार गर्छन्। नरेश पौड्यालकै केही चलचित्रमा श्यामले सहायक भएर पनि काम गरिसकेका छन्। श्याम र नरेशको प्रत्यक्ष भेटघाट र चिनाजानी सात वर्षअघि सम्बन्ध नामक सिरियल निर्माणका क्रममा भए पनि उनीहरूको सम्बन्ध प्रगाढ भएको एक वर्ष मात्र पुग्न थालेको छ। दुवै हाँस्दै भन्छन्- 'हाम्रो यो मित्रता देखावटी होइन, वास्तविकता हो।'

## कमलकृष्णको कला



चलचित्र 'हाम्रो सानो घर होला' मा संगीत दिएर चिनिएका कमलकृष्ण संगीतकार कम अभिनेता बढी हुन्। कमलकृष्णले 'खरको छानो', 'हाम्रो सानो घर होला' र हाल प्रदर्शनमा आएको 'मर्यादा' तीन चलचित्रमा संगीत दिएका छन्। उनले नेपाली, भोजपुरी र चौधरी भाषामा गरी दर्जनभन्दा बढी चलचित्रमा अभिनय गरेका छन्।

'मेरो संगीत 'गड गिफ्ट' हो, अभिनयचाहिँ मेरो क्षमताले तयार भएको हो,' -कमलकृष्ण भन्छन्। उनले अभिनय गरेका नेपाली चलचित्र 'बन्दकी', 'अञ्जानमै माया बस्ला है', 'हाम्रो सानो घर होला', 'खरको छानो' आदि हुन्। टेलिचलचित्रतर्फ चाहिं आफूलाई शम्भु प्रधानको 'पुरुष' ले चिनाएको उनी बताउँछन्। कमलकृष्णले बलिउडको बालाजी फिल्म्सका केही सिरियलमार्फत पनि अभिनय-क्षमता प्रदर्शन गरिसकेका छन्। चर्चित हिन्दी धारावाहिक 'चन्द्रकान्ता' मा गरेको अभिनयलाई कमलकृष्ण अविस्मरणीय मान्छन्।

मुम्बईमा बसोबास गर्दै आएका कमलकृष्ण पहिलो प्राथमिकता नेपाली चलचित्रलाई दिने बताउँछन्। पुर्ख्यौली घर पर्वत भए पनि उनी भारत पश्चिम बंगालको जलपाईगुडीमा जन्मिएका र मुम्बईमा हुर्किएका हुन्।

## गफै त हो

# मलाई त्यस्तै पुरुष चाहिन्छ




गायिका पूजा राईका भुँइमा खुट्टा छैनन्। रक गायनमा यति चाँडै स्थापित हुनु र राष्ट्रिय पुरस्कारहरू पाउनु चानचुने कुरा पनि होइन तर यो सफलता अनि थुप्रै प्रशंसकहरूका बाबजुद पूजा राई मागी विवाहकै पक्षमा छिन् र आफ्नो पनि मागी विवाह नै हुने कुरा बताउँछिन्। पूजाको विचारमा सृष्टिलाई अघि बढाउन र बूढेसकालको सुरक्षा एवं सहाराका लागि विवाह गरिन्छ। पूजाको सपनाको राजकुमार महिलालाई आदर-सम्मान गर्ने तथा उनको भावना बुझ्ने खालको हुनुपर्छ, धेरै चतुर पनि होइन, धेरै सोझो पनि होइन। प्रेम कहिलेकाहीं सम्झौता, कहिलेकाहीं आदर त कहिलेकाहीं समझदारी हो भन्ने पूजा प्रेममा बलिदान पनि हुन्छन् भन्छिन् तर उनको अहिलेसम्म कसैसँग चक्कर चलेको छैन, न त विवाहका बारेमा कुनै सोचाइ नै छ। यति कुरा भएपछि पूजाको अर्को चाहना पनि स्पष्ट पारिहालौं- उनको सपनाको राजकुमार कोरियन लुक भएको चाहिँ हुनैपर्छ। लौ अब आफ्नो लुक निर्क्योल गर्नतर्फ लाग्नुहोस् र पूजाको मनमा बस्ने प्रयास गर्नुहोस्। कतै यी रक गायिकाको श्रीमान्को नाम तपाईंकै भाग्यमा त छैन ?

## नम्रताको विदेशयात्रा



नेपाली नायिकाहरूले कलिउड चलचित्र उद्योगबाट बलिउड चलचित्र उद्योगमा फड्को मार्ने प्रयास गरे पनि सफलता भने पाउन सकेका छैनन्। बलिउडमा करिश्मा मानन्धरले 'दंगा-फसाद' र झरना बज्राचार्यले 'लभ इन नेपाल' चलचित्रमा काम गरे पनि उनीहरूले त्यसपछि फेरि काम गर्ने अवसर पाएनन्। झरना बज्राचार्य अझै पनि अवसरको खोजीमा मुम्बईमै छिन्। यही क्रममा नेपाली चलचित्र उद्योगमा भर्खरै मात्र पाइला हालेकी नायिका नम्रता झाले बलिउडको 'ए' ग्रेडको एक हिन्दी चलचित्रमा काम गर्ने अवसर पाएको बताएकी छिन्। 'चलचित्र छायांकनका लागि ९० दिनको सेड्युलका निम्ति उनीहरूले मसँग सम्झौता गरिसकेका छन्', नायिका झाले भनिन्- 'राम्रो ब्यानर भएकाले काम गर्ने भएकी हुँ। यसमा मनोज बाजपेयीलगायत अन्य कलाकार छन्।' नम्रता अभिनीत नेपाली चलचित्र 'हामी साथीभाइ' यतिखेर उपत्यकाबाहिरका चलचित्र घरहरूमा प्रदर्शन भैरहेको छ। केही भोजपुरी चलचित्रमा समेत काम गरिसकेकी नम्रताले भर्खरै मैथिली चलचित्र 'एक चुट्की सिन्दूर' मा नायिकाको भूमिकामा अभिनय गरेकी छिन्। अर्को खुसीको कुरा सुनाऊँ, झाले भनिन्- 'एक हरियाणवी र एक राजस्थानी चलचित्रमा काम गर्ने सम्झौता पनि भैसकेको छ।' नायिका झाका अनुसार हरियाणवी चलचित्रमा २ लाख तथा राजस्थानीमा १ लाख पच्चीस हजार भारतीय रुपैयाँमा उनलाई अनुबन्ध गरिएको छ।

## बुहारी खोजिदिंदैछन् आदित्य



उदितनारायण झा इन्डियन आइडलको निर्णायकको कुर्सीमा बसिरहँदा उनका पुत्र आदित्यनारायण भने त्यस्तै प्रकृतिको जी च्यानलको कार्यक्रम सारेगामाको कार्यक्रम सञ्चालक भएका छन्। दीपा र उदितका यी एक मात्र सन्तानले आफ्नो पढाइ लगभग पूरा गरेका छन् भने अब उनी तन्नेरी पनि भएका छन्। सारेगामाको सञ्चालनका क्रममा गायक-गायिका दम्पतीका यी गायक छोरा रोमान्समा फसेको चर्चा पनि भारतीय सञ्चार माध्यमहरूले गर्न थालेका छन्। भनिन्छ, आदित्य सारेगामाको सञ्चालनका क्रममा त्यसकी एक अमेरिका रिटर्न प्रतियोगी मौली दवेप्रति आसक्त भएका छन्। दवेका सम्बन्धमा प्रश्न गर्दा आदित्य उनलाई आफ्नी स्पेसल फ्रेन्ड बताउँछन्। अब यिनै स्पेसल फ्रेन्ड झा दम्पतीकी बुहारी हुने हुन् कि यो किशोरवयको उन्मादमा सीमित हुने हो भविष्यले नै बताउनेछ।

# देवीलाई मिस पश्चिमाञ्चलको मुकुट




तस्विरहरू : लभ्लीपोखरा डटकम

**द लुक्स फेसन होम एन्ड इभेन्ट म्यानेजमेन्टले साप्ताहिकका पोखरा प्रतिनिधि शिव शर्मालाई सम्मान गरेको छ। मिस पश्चिमाञ्चल-२००७ सौन्दर्य प्रतियोगिताको अवसरमा उनलाई सम्मान गरिएको हो। पोखरामा रहेर पत्रकारितामार्फत मोफसलको फेसन, मोडलिङ एवं पत्रकारिताको अन्य विधासँगै पोखरालाई चिनाउन प्रयासरत रहेको भन्दै कार्यक्रमकी प्रमुख अतिथि गण्डकी अञ्चल प्रहरी कार्यालयकी एसएसपी पार्वती थापाले शर्मालाई सम्मानपत्र प्रदान गरेकी थिइन्। यसैगरी वेबसाइट मार्फत पोखराको मोडलिङ र फेसन क्षेत्रलाई माथि उठाएकोमा स्थानीय लभ्लीपोखरा डटकमका फोटोग्राफर तथा वेबडिजाइनर गणेश खड्कालाई पनि सम्मानित गरिएको थियो।**

पोखरा- खचाखच दर्शकमाझ जुरुक-जुरुक पार्ने सांगीतिक धुनले वातावरण रनक्क भएको थियो। दीपेन्द्र सभागृहको कक्षभित्र सुन्दर तवरले सजाइएको स्टेजमा रंगीचंगी बत्तीको प्रकाश छरियो। दिनको ठीक ३.३० मा वर्ल्ड टच फेसनले तयार पारेको थरीथरीका आकर्षक साडीमा कलकलाउँदा सुन्दरीहरू हात हल्लाउँदै मञ्चमा प्रकट भए।

एक वर्षको अन्तरालपछि भएको पश्चिमाञ्चलकै ठूलो सुन्दरी प्रतियोगिता रवीन्द्र बज्राचार्यको कोरियोग्राफीमा द लुक्स फेसन होम्स एन्ड इभेन्ट म्यानेजमेन्टले आयोजना गरेको हो। सुरुमै निर्धक्कसँग उत्कृष्ट परिचय दिएकी अग्ली गोरी सुन्दरी देवी पुन आमदर्शकको नजरमा छाइसकेकी थिइन्। धेरैले कार्यक्रमको अन्त्यसम्म पनि उनकै पक्षमा हुटिङ गरिरहेका थिए। टप सेभनमा पुगेका सुन्दरीहरूलाई निर्णायकहरूले एउटै प्रश्न सोधेका थिए, तपाईं आफूबाहेक कसलाई मिस पश्चिमाञ्चल चुन्न चाहनुहुन्छ भन्दा धेरैले देवीकै नाम लिएका थिए।

आफ्ना १३ जना प्रतिस्पर्धीलाई पछाडि पार्दै अर्चलबोट पोखराकी १९ वर्षीय देवी पुन यस वर्षको मिस पश्चिमाञ्चलको मुकुट पहिरिने भाग्यमानी सुन्दरी बनिन्। उपाधिसँगै उनले मिस ट्यालेन्टको टाइटल पनि पाइन्। गत वर्षकी मिस पश्चिमाञ्चलकी फस्ट रनर-अप पुष्पा कार्कीले उनलाई ताज पहिराएकी थिइन्। ताज पहिरिएपछि हर्षले गद्गद भएकी देवीले आफ्नो जिम्मेवारी बढेको बताउँदै साप्ताहिकसँग भनिन्- 'अब म सुन्दरी प्रतियोगिताप्रतिको नकारात्मक धारणा परिवर्तन गर्न हरतरहले लाग्नेछु।' ५ फिट ५ इन्च अग्ली देवी नृत्य, पत्रपत्रिकाको अध्ययन र समाजसेवामा रुचि राख्छिन्। उनको लक्ष्य भने सफल डेन्टिस्ट बन्ने छ।

दर्शकको नजरमा परेकी प्रतियोगिताकी सबैभन्दा अग्ली सुन्दरी १९ वर्षीया सुनयना पालिखे फस्टर रनर-अप बनिन्। अग्ली र मिलेको जीउडाल भएकी गणेशटोल, पोखराकी पालिखेले बेस्ट फिगरको टाइटल पनि हात पारिन। मोडलिङलाई अगाडि बढाउने उद्देश्य सँगालेकी सुनयनाको एउटै लक्ष्य भने मिस नेपाल प्रतियोगितामा सहभागिता जनाउनु हो। अहिले उनि पनि कान्तिपुर इन्स्ट्युच्युट अफ हेल्थ साइन्समा डेन्टिस्को अध्ययनमा व्यस्त छिन्। प्रतियोगितामा लेखनाथ, कास्कीकी १९ वर्षीया माया गुरुङ सेकन्ड रनर-अप बनिन्। पोखरा उच्च मा.वि.बाट पल्स टु सकेकी मायाले मिस पर्सानालिटीको टाइटल पनि जितिन। माया पोखराकी उदाउँदी मोडल पनि हुन्। उनले केही र्‍याम्पमा क्याटवाकसमेत गरिसकेकी छिन्। प्रतियोगितामा रेनु कुँवर मिस ब्युटीफुल हेयर, कोमल हिराचन ब्युटीफुल स्माइल, विजु थापा फ्रेण्डसिप, दीपा पुन डिसिपिलिन, सरु मानन्धर मिस क्याटवाक र बेस्ट ड्रेस, सुनीता केसी मिस फोटोजेनिक तथा नम्रता गुरुङले बेस्ट डान्सको टाइटल जितेका थिए।

परिचय राउन्ड, ड्रेस राउन्ड, टप सेभेन हुँदै टप फाइभ चरणबाट पर्यटन सुन्दरी छानिएको थियो। सेभी बुटीको ड्रेस डिजाइन, ब्युटीक्लब एसको हेयर स्टाइल र मेकअपमा सुन्दरीहरू चिरिच्याँट्ट देखिएका थिए। प्रतियोगितामा कुनै पनि टाइटल हात नपारेपछि केही प्रतिस्पर्धीका आफन्तले धाँधली भयो भन्दै उग्रता प्रदर्शन गरेका थिए। उक्त अवसरमा पश्चिमाञ्चलकी उत्कृष्ट नृत्यांगना नैना बाटाजुले कार्यक्रम अवधिभर पटक-पटक हिन्दी तथा नेपाली रिमिक्स गीतहरूमा आकर्षक नृत्यहरू प्रस्तुत गरेर कार्यक्रमलाई रोचक तुल्याएकी थिइन्।

स्थानीय कलाकारहरू पनि गीत र प्रहसन प्रस्तुत गरेका थिए।। प्रतियोगितामा उपाधिसँगै फस्ट रनरअप र सेकन्ड रनरअप हुने विजेताहरूलाई आगामी वर्ष काठमाडौंमा हुने मिस नेपाल प्रतियोगितामा सहभागिता गराइने आयोजकहरूले जानकारी दिएका छन्। अघिल्लो वर्ष युवा-युवती दुवैलाई समेटेर गरिएको मिस्टर एन्ड मिस पश्चिमाञ्चल प्रतियोगितामा सुनीता हेउ मिस पश्चिमाञ्चल र सुवास पौडेल मिस्टर पश्चिमाञ्चल भएका थिए।

**-शिव शर्मा**



निर्माणाधीन चलचित्र 'मिसन पैसा' मा मुख्य नायिकाको भूमिकामा अभिनय गरिरहेकी निशा अधिकारी सौन्दर्य प्रतियोगिता, भिडियो जक्की, टेलिश्रृङ्खला हुँदै चलचित्रको संसारमा प्रवेश गरेकी हुन्। निशाले मिसन पैसामा एक्सन लेडीका रूपमा अभिनय गर्न छ महिना सोबुकाइ कराँतेको तालिम लिएकी थिइन्। पाल्पामा जन्मिएकी निशा हाल बालुवाटारमा बस्दै आएकी छिन्।

## फुर्सदको कुराकानी

**अहिले के गर्दै हुनुहुन्छ ?**
चलचित्र मिसन पैसा, टेलिश्रृङ्खला घरपेटी बाका अतिरिक्त विज्ञापन तथा म्युजिक भिडियोहरू गरिरहेकी छु।

**सौन्दर्य प्रतियोगितामा शीर्ष उपाधि जितेपछि कस्तो अवसर पाउनुभयो ?**
मिस इन्टरनेसनल नेपाल-२००५ जितेपछि जापानमा आयोजित अन्तर्राष्ट्रिय स्तरको प्रतियोगितामा भाग लिने अवसर पाए। कान्तिपुर टेलिभिजनमा जागिर खाएँ। अहिले स्वतन्त्र रूपमा कार्यरत छु।

**पढाइ कहाँ पुग्यो ?**
ए लेभल सकें, अब इन्टरनेसनल रिलेसनसिप, बिजनेस साइकोलोजी र पर्फमेन्स आर्टमध्ये कुनै एक विषयमा उच्च शिक्षा हासिल गर्ने इच्छा छ।

**मिस न पैसामा अभिनय गर्ने अवसर कसरी जुट्यो ?**
निर्देशक सिमोश सुनुवारसँग म्युजिक भिडियोमा काम गर्दादेखि नै चिनजान थियो। चलचित्रको विषय मन परेपछि काम गर्ने कुरा भयो।

**टेलिभिजन र चलचित्रमध्ये कुनमा सहज लाग्यो ?**
टेलिभिजनमा एक वर्ष काम गरें, त्यहाँ आएपछि धेरै कुरा सिक्न पाएँ। क्यामेरा फेस गर्न सिकें। चलचित्रमा भर्खरै मात्र प्रवेश गरेको छु, भिजिसकेको छैन।

**ठूलो पर्दा र सानो पर्दाको अभिनयमा के फरक पाउनुभयो ?**
डिजिटल प्रविधिमा काम गरिसकेकाले दुवैमा उस्तै लाग्यो।

**चलचित्रमा काम गर्दाको अनुभूति कस्तो रह्यो ?**
पहिलो चलचित्र भएकाले केही प्रेसर भयो। चलचित्रमा निखिल उप्रेती, म, सुरज आरडी, आयुशा बस्नेत, अमिर गौतम मुख्य भूमिकामा छौं। सकारात्मक भूमिका र सशक्त चरित्रमा अभिनय गरेकाले व्यक्तिगत रूपमा सन्तुष्ट छु।

**अभिनयप्रति लगाव थियो ?**
रुचि भएकैले यो क्षेत्रमा आएकी हुँ।

**कस्ता कलाकारको अभिनयले निशालाई प्रभावित बनाएको छ ?**
यहाँ हरिवंश आचार्य, बलिउडमा अमिताभ बच्चन, रानी मुखर्जी तथा प्रीति जिन्टाको अभिनयबाट प्रभावित छु।

**नेपाली चलचित्रप्रति तपाईंको दृष्टिकोण ?**
नेपाली चलचित्र गीत र द्वन्द्वको भरमा टिकेको छ, कथा बलियो हुँदैन। प्रेमपिण्ड, वसन्ती, नुमाफुङ केही राम्रा चलचित्र हुन्।

**फुर्सदको समयमा के गर्नुहुन्छ ?**
उपन्यास पढ्छु। टेलिभिजन हेर्छु। साथीभाइ र परिवारसँग समय बिताउँछु।

**डेटिङ नि ?**
समय नै छैन।

**ब्वाइफ्रेन्ड ?**
छ पनि होला, छैन पनि होला।

**कहिले सार्वजनिक गर्ने ?**
विवाह निश्चित भएपछि, हाहाहा....

**विवाह कहिले गर्ने त ?**
अझै तीन वर्ष लाग्छ।

**प्रेम प्रस्ताव ?**
आउँछन्, ठीकै, धेरै होइन।

**आफू कत्ति राम्री छु जस्तो लाग्छ ?**
ठीकै हो, नराम्री पनि होइन र धेरै राम्री पनि होइन।

**विवाहअघि शारीरिक सम्पर्क ?**
कानुनी र सामाजिक दुवै दृष्टिकोणले विवाहअघि शारीरिक सम्पर्कलाई स्वीकार गरिँदैन। मेरो विचारमा दुवै जनाको सहमति छ भने ठीकै हो, नत्र गलत।

**विवाहको प्रस्ताव कत्तिको आइरहेका छन् ?**
आइहाल्छन् नि, त्यसलाई सामान्य रूपमा लिन्छु।

**निशाका आगामी योजना के छन् त ?**
कर्म गर्दै जाऊ फलको आशा नगर भनेजस्तै म पनि कर्म गर्दै गएकी छु।

# लाहुरे पतिको आकर्षण





पृष्ठ १ बाट जारी

भने छैनन्। 'वैदेशिक रोजगारको आर्जनको सदुपयोग हुनुपर्छ, नौमाया भन्छिन्, 'धनलाई राम्रोसँग सदुपयोग गरियो भने बिदेसिनुपर्ने बाध्यताको अन्त्य हुन्छ।' लाहुरेसँग विवाह भएपछि महिलाहरू केही गर्न आवश्यक मान्दैनन् भन्ने सोच तोडिएको छ। चाहे ब्यूटिपार्लर खोलेर होस् वा कुनै रोजगार गरेर होस्, उनीहरू आत्मनिर्भर बन्नु आवश्यक भएको विचार राख्छन्।

'काम गर्नु पैसाका लागि मात्र नभएर आफ्नो परिचयका लागि पनि महत्त्वपूर्ण छ।' भर्खरै विवाह-बन्धनमा बाँधिएकी दिव्या गुरुङ बताउँछिन्। उनी आफ्नो श्रीमान्सँगै बिदेसिने योजनामा भए पनि आफ्नो नर्सिङ पेसालाई निरन्तरता दिने योजनामा छिन्।

साथीहरूले अब त तिमी लाहुरेनी, बसी-बसी खाए पुग्छ भन्दा खिल्ली गरेजस्तो लाग्छ।' ज्योति श्रीमान्को पेसालाई सम्मान गरे पनि उसको कमाइमा मात्र निर्भर नहुने धारणा व्यक्त गर्छिन्। भूतपूर्व सैनिक महिलाहरूको व्यवसायिक सफलता नवविवाहिता ज्योति, शर्मिला तथा दिव्याजस्ता युवतीहरूलाई ठूलो प्रेरणा मिलेको छ। उषा गुरुङ वैचारिक जागरण आउनुमा शिक्षाको ठूलो भूमिका भएको धारणा व्यक्त गर्छिन्।

तमुधिं कास्कीकी नारी संयोजक उषा आफू शिक्षित भएकाले नै आत्मनिर्भर भएको बताउँछिन्। एउटा निजी विद्यालयको संस्थापक सदस्यसमेत रहेकी उषा, सामाजिक कार्यमा पनि उत्तिकै अग्रसर छिन्। आर्थिक सम्पन्नताका बीच शिक्षाको कमीले केही विकृतिको सिकार बन्नुपरेको अनुमान उषाको छ। त्यसैले, हिजोसम्म गहना किन्न र फेसनमा हिंड्ने यी महिलाहरूमा केही नयाँ कुरा जान्न सुन्न मन छ।

विभा गुरुङले विदेश जाने प्रक्रियामा रहेका बेलायती सैनिक श्रीमतीलाई अङ्ग्रेजी सिकाउने जिम्मा लिएकी छिन्। बेलायतमा स्थायी बसोबासको अनुमति पाएपछि यी महिलाहरू अङ्ग्रेजी भाषा सिक्न लालायित भएका हुन्। अङ्ग्रेजी भाषाको प्रशिक्षण लिइरहेकी नानु भन्छिन्- समयअनुसार चल्न पनि त अङ्ग्रेजी भाषा जान्नुपर्‍यो नि। अङ्ग्रेजी भाषामा पोख्त नभए पनि अरूले बोलेको मात्रै बुझ्न पाए पनि धेरै ठूलो उपलब्धि हुने नानुको विचार छ। भाषाको प्रशिक्षण सिध्याएपछि विदेश जानुअघि एउटा पार्टीमा भेट भएकी गङ्गा गुरुङले त अङ्ग्रेजीमै भनिन्– 'आइ फिल मोर कन्फिडेन्ट देन विफोर।' (ममा पहिलेभन्दा धेरै आत्मविश्वास जागेको छ)

परिवर्तनशिल समाजसँगै यी समाजका महिलामा थुप्रै सकारात्मक परिवर्तन देखिएका छन्। शिक्षाको अभावका बाबजुद हामी यो स्थानमा आइपुग्यौं भने अहिलेको पुस्ताले धेरै गर्न सक्छ ? नौमाया भन्छिन्– 'सैनिक श्रीमतीमा आएको वैचारिक परिवर्तनले सम्भावनाका ढोकाहरू खोलेको छ।' उषा गुरुङ भन्छिन्– 'यसले देशकै अर्थतन्त्रमा टेवा पुर्‍याउन सक्छ।'

# नेपाली गाउँले केटो ब्राजिलियनको ज्वाइँ




नेपाली-नेपाली तथा छिमेकी गाउँ वा देशका नागरिक बीचमा विवाह हुनु नौलो कुरा होइन, तर एउटा नेपाली गाउँले ठिटो र अर्कै गोलार्द्धमा अवस्थित ब्राजिलकी ठिटीबीचमा विवाह भएको सुन्दा धेरैलाई आश्चर्य लाग्न सक्छ। यही ११ अगस्ट २००७ का दिन युएईको अबुधावीस्थित एभान्जिलिकल चर्चमा आयोजित भव्य समारोहका बीच राज धिमाल र सिल्भाना वैवाहिक सम्बन्धमा बाँधिएका छन्। मोरङ जिल्ला राजघाट १, अठियाबारीमा करिब २७ वर्षअघि जन्मिएका राज वैदेशिक रोजगारीका क्रममा २ वर्षपहिले युएई आइपुगेका थिए। यहाँस्थित अल फराह कम्पनीमा श्रमिकका रूपमा काम गर्दै आएका धिमाल डेढ वर्षदेखि क्रिश्चियन धर्ममा लागेर चर्च जान थालेका थिए। चर्चमा आउने-जाने क्रममै उनको भेट सिल्भानासँग भएको थियो। उनको सिल्भानासँग परिचय भएको पनि १ वर्ष मात्र भएको छ, तर अब उनीहरू दम्पती बनिसकेका छन्। विवाह कार्यक्रममा उपस्थित केन्या, फिलिपिन्स, ब्राजिल, इथियोपिया, मलेसिया, भारत आदि देशका नागरिकले नेपाली भाषामै गीत गाएका थिए। अझ बेहुली आफैले नेपाली गीत गाउँदा उपस्थित अन्य नेपालीहरू पनि आश्चर्यमा परेका थिए। अठियाबारीको सामान्य परिवारमा जन्मिएका धिमाल अहिले ब्राजिलको सम्पन्न परिवारको ज्वाइँ बनेका छन्।

**–खेमनाथ पौडेल**

**म एक विवाहित नारी हुँ। मेरा एक छोरा र एक छोरी छन्। श्रीमान्को राम्रै ठाउँमा नोकरी छ, तर उहाँको र मेरो विचार मिल्दैन, उहाँ मैले सोचेजस्तो हुनुहुन्न। हरेक कुरामा किचकिच हुन्छ। मलाई पाठेघरसम्बन्धी रोग भएकाले उहाँ मसँग यौनसम्बन्ध राख्नुहुन्न। श्रीमान्को यस्तो व्यवहारपछि मैले एक अविवाहित युवकसँग आफ्नो सम्पर्क बढाएँ। अहिले ती युवकले मलाई धेरै माया गर्छन्। म पनि उसलाई त्यति नै माया गर्छु। उसले मेरो सबै कुरा र रोगसमेत थाहा पाएर पनि मलाई स्वीकार गरेको छ। हामी दुवैको घर सँगसँगै छ। हामी दुवै सदाका लागि एक हुन चाहन्छौं। मैले आफ्नो श्रीमानसँग पनि लभ म्यारिज गरेकी थिएँ, तर अहिलेको परिस्थितिमा म आफ्नो श्रीमान्सँग भन्दा ती युवकसँग बाँकी जीवन शान्तिले बिताउन सक्छु जस्तो लाग्छ, मैले के गरे ठीक होला ?**

**एक पीडित महिला**

तपाईंले आफ्नो समस्या आफैंले बल्झाउनुभएको छ। तपाईंको श्रीमान्को तपाईंप्रतिको व्यवहारको कुरा त्यति विश्वासयोग्य देखिँदैन, तपाईंले आफ्ना रोगका बारेमा श्रीमान्सँग पर्याप्त सल्लाह गर्नुभएको छ भन्ने आधार तपाईंको पत्रमा देखिँदैन। तसर्थ तपाईंले आफ्नो रोगका बारेमा श्रीमान्सँग छलफल गरेर राम्रो चिकित्सकसँग सम्पर्क गर्नुपर्छ। यसका साथै तपाईंले आफ्ना श्रीमान्प्रतिको धारणामा पनि परिवर्तन ल्याउनुपर्ने हुन्छ। मुख्य कुरा तपाईंका छोराछोरीको भविष्यको हो। छोराछोरीको भविष्यका लागि पनि कतिपय अवस्थामा तपाईंले श्रीमान्सँग सम्झौता गर्नुपर्ने हुन्छ। जहाँसम्म तपाईंको प्रेमीको कुरा छ, उसले तपाईंको शोषण गरिरहेको प्रस्ट हुन्छ। उसले तपाईंबाट प्राप्त गरिरहेको यौनसुख उसको स्वार्थमा भएकाले ऊ अहिले तपाईंका लागि जे पनि गर्न तयार रहेको देखिन्छ। मुख्य त के हो भने, जुन दिन तपाईंले आफ्नो श्रीमान्लाई छाडेर ऊसँग जीवन बिताउने निर्णय गर्नुहुन्छ त्यो दिन निश्चय पनि त्यो युवक तपाईंबाट टाढा हुनेछ। तपाईंले सोचविचार गरेर आफ्नो भविष्यका बारेमा निर्णय गर्नु राम्रो हुन्छ। यसका लागि तपाईले कुशल मनोचिकित्सकको पनि सल्लाह लिन सक्नुहुन्छ।



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## फिल्मी खबर

**चलचित्र** निर्माता, निर्देशक तथा द्वन्द्व निर्देशक योगेन्द्र श्रेष्ठलाई पितृशोक परेको छ। उनका बाबु गंगाबहादुर श्रेष्ठको गत सोमबार ६५ वर्षको उमेरमा दमको रोगका कारण निधन भएको हो। योगेन्द्रका जेठा दाइ नरेन्द्रले चलचित्र 'खेलाडी' निर्माण गरेका थिए। उनको एक जना भाइ पनि छन्। योगेन्द्र तीन दाजुभाइमध्ये माहिलो हुन्। योगेन्द्र हाल चलचित्र 'सैनिक' को निर्माण गरिरहेका छन्।

**नेपाल** चलचित्र कलाकार संघले राजधानीमा गत मंगलबार कलाकारहरूको र्‍याली आयोजना गरेर बाढी-पहिरोपीडितहरूको सहयोगार्थ नगद ५९ हजार ३ सय ५२ रुपैयाँ तथा १ लाख बराबरको लत्ताकपडा संकलन गरेको छ। यसका साथै संघको पहलमा कलाकारहरूबाट पनि आन्तरिक रूपमा स्वेच्छाले सहयोग रकम संकलन गरिएको छ। र्‍यालीमा कलाकारहरूको कमी देखिए पनि निखिल उप्रेती, निरुता सिंह, सुधांशु जोशी, हरिवंश आचार्य, मदनकृष्ण श्रेष्ठ, प्रकाश ओझा, दीपकराज गिरी, दीपाश्री निरौला, रवि डंगोल, निर्मल शर्मा, सीताराम कट्टेल, केदार घिमिरे आदि भने सक्रिय देखिएका थिए।



**नायिका** निरुता सिंह पनि गायिका भएकी छिन्। विगतमा एक चलचित्रका लागि पार्श्वगायन गरिसकेकी यी नायिकाले यसपटक भने एउटा एल्बमका लागि एकल गीत गाएकी हुन्। आधा दर्जनजति चलचित्रका सहायक निर्देशकको काम गरिसकेका दिवाकर भट्टराईको शब्द तथा संगीतमा तयार भैरहेको एल्बमका लागि आफ्नो स्वरमा उनले गीत रेकर्ड गराएकी हुन्। नायिका सिंहका अनुसार गीत गाउनु उनको रहर हो।

**निर्देशक** किशोर रानाका भाई रञ्जित रानाले निर्देशन गरिरहेको चलचित्र 'बाटुली'को छायाँङ्कन सकिएको छ। सुर्खेत उपत्यका र त्यस वरपर छायाँङ्कन गरिएको यो चलचित्रको छायाँङ्कन टोली ३५ दिनको सुर्खेत बसाइपछि हालै काठमाडौं फर्किएको हो। चलचित्रको शीर्ष भूमिका नायिका रेखा थापाले निर्वाह गरेकी छिन्। एउटी चुलबुले गाउँले युवतीको कथा समेटिएको यो चलचित्रमा राजेश हमाल तथा विराज भट्ट पनि मुख्य भूमिकामा देखा पर्नेछन्।

**नायिका** रेखा थापाले निर्माण गरेको चलचित्र 'किस्मत'को सम्पादन कार्य भैरहेको छ। आउँदो तिहारमा प्रदर्शन गरिने उक्त चलचित्रको निर्देशन उज्ज्वल घिमिरेले गरेका हुन्। म्युजिक भिडियो तथा विज्ञापनहरूमा मोडलिङ गरिरहेका मोडल आर्यन सिग्देलले पहिलो पटक नायक हुने अवसर पाएको उक्त चलचित्रमा रेखा थापाले नै मुख्य भूमिका निर्वाह गरेकी छिन्। महेश खड्काको संगीतमा निर्माण भएको चलचित्र 'किस्मत'मा विराज भट्टले पनि अभिनय गरेका छन्।

**प्रज्ञा** फिल्म्सको प्रस्तुति चलचित्र सपूतको छायाँकन कार्य अन्तिम चरणमा पुगेको छ। सानो पर्दाकी कलाकार तथा निर्मात्री प्रज्ञा जोशीको निर्माण रहेको उक्त चलचित्रमा योगेश घिमिरेको निर्देशन, प्रदीप भारद्वाजको लेखन तथा सुरेश अधिकारीको संगीत छ भने कलाकारमा दिलीप रायमाझी, अरुणिमा लम्साल, सञ्चिता लुइँटेल, विराज भट्ट, हेमन्त बुढाथोकी, प्रज्ञा जोशी आदि छन्। प्रज्ञा जोशीले निर्माण गरेको टेलिचलचित्र सिन्दूर हाल नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको छ।

# आदिवासी कलासंस्कृतिको छुट्टै आकर्षण



बुटवलमा एक सातासम्म चलेको १३ औं विश्व आदिवासी दिवसमा जनजातिहरूको कला-संस्कृति मुख्य आकर्षण बन्यो। यहाँको सिद्धेश्वर मा.वि. प्राङ्गणमा देशभरबाट जम्मा भएका ६० भन्दा बढी आदिवासी जनजातिको वेशभूषा, रहनसहन, कला-संस्कृति एवं परम्परागत खानपानले गैरजनजातिहरूलाई त आकर्षित गर्‍यो नै, आफ्नो जातीय पहिचानमा भन्दा पश्चिमा संस्कृतिमा रमाउने आधुनिक युवापुस्ताको समेत मन लोभ्याउन सफल भयो। जातीय अधिकारका लागि आयोजित दिवसमा सहभागीहरू राजनैतिक विषयमा भन्दा सांस्कृतिक कार्यक्रम र नाचगानमै केन्द्रित देखिन्थे। त्यसो त एक ठाउँका आदिवासीलाई अर्को ठाउँका आदिवासीको वेशभूषा, संस्कृति आदिका बारेमा थाहा नभएकाले उनीहरू एक-अर्काप्रति उत्तिकै चासो देखाइरहेका थिए। पूर्वको झापा, मोरङका सन्थाल, कोच, सियार, उराउ, बराम, झाँगडदेखि सुदूर पश्चिमको डडेल्धुराका राउटेसम्म भेला भएको आदिवासी दिवसमा पश्चिम तराईका रानाथारू तथा हिमाली भेगका ह्योल्मो जातिका महिला-पुरुषका परम्परागत पहिरन र नृत्यले पनि धेरैको ध्यान खिच्यो।

गुरुङ-मगरको सालैजो भाखाको गीत तथा मारुनी र कौरा नृत्य, थकाली र छन्त्यालको तारो हान्ने तथा लोपोन्मुख छेलो फाल्ने खेल पनि आकर्षणकै विषय बने। यसबाहेक गुरुङ, मगर, थारू र नेवारहरूको परम्परागत परिकारले पनि सहभागीलाई बेग्लै स्वाद दिलायो। महोत्सवमा सहभागी प्लस टु की विद्यार्थी बुटवल दीपनगरकी १९ वर्षीय लक्ष्मी मगरले भनिन्- 'आफ्नै जातिको पहिरन र परिकारका बारेमा केही थाहा थिएन, गजब राम्रो र युनिक पो हुँदो रहेछ।'

**–टोपराज शर्मा**

# राजवंशी भाषा, कला र संस्कृति

विराटनगर– विभिन्न जातजातिका मौलिक भाषा-संस्कृति लोप हुँदै गएका छन्। लोप हुन लागेको पुर्खेली राजवंशीको भाषा-संस्कृतिको संरक्षण गर्ने उद्देश्यले गएको शनिबार विराटनगरमा राजवंशीका मौलिक कला र संस्कृतिको प्रदर्शनी गरिएको छ। राजवंशी जातिकै कलाकारहरूले आफ्नै भाषामा गीत, नाटकसहित पर्वहरूमा प्रस्तुत गरिने गीत नृत्य प्रदर्शन गरे।

समाद परिवार, विराटनगरको आयोजनामा भएको राजवंशी सांस्कृतिक कार्यक्रममा कहिल्यै मञ्चमा नआएका कलाकारले पनि उत्कृष्ट प्रतिभा प्रदर्शन गरे। अधबैंसे महिला कलाकारहरूले प्रस्तुत गरेको परम्परागत जटाजटिन दोहोरी शैलीको थियो। साउन-भदौ महिनामा गीति खेलमा गीतका माध्यमबाट प्रश्न गर्ने र उत्तर दिने गरिन्छ। भदौमा राजवंशी जातिले मान्ने तीजजस्तै पर्व जितियाका अवसरमा गाइने जितिया गीत नाटक शैलीको हुन्छ। यो गीत बिवाहिता महिलाले श्रीमान्को लामो आयुको कामना गर्दै गाउँछन्।

दीपनारायण राजवंशीको रचना र प्रवलदीप विश्वासको स्वर/संगीतमा तयार भएको गीतिएल्बम समादका आठ वटा उत्कृष्ट राजवंशी गीतमा नृत्य प्रदर्शन गरियो। कार्यक्रमकै लागि अभ्यास गरेर आएका कलाकारले राजवंशी गीतमा आधुनिक नृत्य प्रस्तुत गरे। राजवंशी भाषा, कला एवं संस्कृतिको संरक्षणमा लागेका व्यक्तिहरूलाई कार्यक्रममा सम्मान गरिएको थियो। अन्य जातजातिका



भाषाजस्तै ओझेलमा परेको राजवंशी भाषाको प्रचारका लागि चलचित्र र गीतहरू निर्माण गर्न लागेको गायक प्रबलदीप बताउँछन्।

पूर्वको झापा, मोरङ र सुनसरीमा रहेका दुई लाख राजवंशीहरू दुईखाले भएकाले विभाजित छन्। विराटनगर आसपास र सुनसरीका केही भागमा आदिवासी राजवंशी छन् भने पूर्वी मोरङ र झापामा बंगाली भाषी राजवंशी छन्। हरेक सरकारी अड्डा तथा शैक्षिक संस्थाहरूमा नेपाली खस भाषा नै प्रयोग हुने भएकाले निजी स्तरबाटै जातजातिका भाषा संरक्षण गर्नुपर्ने आवश्यकता रहेको राजवंशीहरू बताउँछन्।

**–कमल रिमाल**

# युरोप घन्काए क्रान्ति र मौसमीले

बर्लिन- संगीतको चाहना कसलाई हुँदैन ? विशेष गरी युवावर्ग रमाइला गीतसंगीतको पछाडि तन, मन, धन अर्पण गर्न पछि पर्दैनन्। त्यसमा पनि विदेशको कुनै भूमिमा आफ्नै देशका युवापुस्ताका प्रतिनिधि गायक-गायिकाले प्रत्यक्ष गीत सुनाउन थालेपछि त्यहाँ रहेका नेपाली युवाहरूको भीड नबढ्ने त कुरै भएन। डेढ महिनायता जर्मनी र बेल्जियममा पनि यस्तै दृश्य देखियो। 'च्याङ्बा होइ च्याङ्बा' गाएपछि जोडी गायक-गायिकाजत्तिकै भएका गायक क्रान्ति आले तथा गायिका मौसमी गुरुङले डेढ महिनाको बसाइमा जर्मनी र बेल्जियममा रहेका युवा नेपालीहरूलाई त्यही गीतको तालमा नाच्न बाध्य पारे। पार्टी नेपालको संयोजनमा उनीहरू पहिलो पटक त्यहाँ पुगेका थिए। युरोपका एउटै सहरमा भएर पनि व्यस्तताका कारण मुस्किलले भेटिने नेपालीहरूले उक्त जोडीको कार्यक्रमका कारण वर्षौंपछि रमाइलो गर्ने अवसर पनि पाए। हरेक



कार्यक्रमको अन्त्यमा पार्टी नेपालका डिजे रविनले विभिन्न नेपाली गीतको रिमिक्स बजाएर दर्शकहरूलाई नचाउँथे। दर्शकको माग बढेपछि हरेक स्थानमा दुई-दुई पटक कार्यक्रम गर्नुपरेको स्थानीय आयोजक विनय गुरुङले बताए। मौसमी तथा क्रान्तिले त्यहाँ झन्डै डेढ दर्जन कार्यक्रम गरेका थिए।

**–शरण केसी** (**जर्मनी**)

## लिटिल जिनियस नेपाल छानिने

बालबालिकासम्बन्धी प्रतिभा मापन गर्ने प्रतिस्पर्धात्मक कार्यक्रमहरूको लहरमा भोलि शनिबार ड्रिम एरा नामक संस्थाले लिटिल जिनियस नेपाल शीर्षकमा प्रतिस्पर्धा सञ्चालन गर्ने भएको छ। राष्ट्रिय सभागृहमा भोलि सञ्चालन गरिने उक्त प्रतिस्पर्धामा सोफिया महर्जनको कोरियोग्राफी रहनेछ। ७ देखि १२ वर्ष उमेर समूहका बालक र बालिका गरी ५५ जना प्रतिस्पर्धीको सहभागिता रहेको प्रतियोगितामा शीर्ष उपाधि विजेताका अतिरिक्त अन्य विभिन्न विधामा पनि विजेताहरूको छनौट गरिनेछ। बालबालिकालाई अनिवार्य शिक्षा दिऊँ, बालश्रम रोकौं भन्ने मूल नारासहित सञ्चालन गरिने लिटिल जिनियस नेपाल प्रतिस्पर्धाअन्तर्गतको ट्यालेन्ट राउन्ड गत शनिबार सञ्चालन भैसकेको छ।

## चलचित्र



### डन द अन्डरवर्ल्ड

सोफिया सिने आर्ट्सको दोस्रो प्रस्तुति चलचित्र 'डन द अन्डरवर्ल्ड' आज शुक्रबार सार्वजनिक हुँदैछ। रोज राणाको निर्माण तथा ऋषि न्यौपानेको निर्देशन रहेको यो चलचित्रले सार्वजनिक हुनुअगावै पर्याप्त चर्चा बटुलिसकेको छ। चलचित्रमा नायक विराज भट्ट डनका रूपमा प्रस्तुत भएका छन्। डन भए पनि गरिब तथा असहायहरूका सहयोगी विराजप्रति समाजका ठालुहरूले नकारात्मक दृष्टिकोण राखेका हुन्छन्। डन असल मानिस नभएर खराब मानिस हो भन्ने भ्रम हुन्छ। नायिका सञ्चिता लुइँटेलले डनको गतिविधिलाई नजिकबाट नियाल्दै उसको पक्ष लिन्छिन्। त्यही क्रममा दुईबीच प्रेमसम्बन्ध पनि स्थापित हुन्छ। विवाह गरेपछि चलचित्र क्षेत्रबाट संन्यास लिएकी नायिका सज्जा मैनालीले पनि यो चलचित्रमा अभिनय गरेकी छिन्। सम्भवतः सज्जाको अभिनय हेर्न चाहने दर्शकहरूका निम्ति यो अन्तिम चलचित्र हो। द्वन्द्वप्रधान यो चलचित्रको एउटा गीत लोकप्रिय हुने क्रममा छ।

### द लास्ट लिजेन



इसापूर्व ४७६ को घटनाबाट चलचित्र द लास्ट लिजेनको कथा प्रारम्भ हुन्छ। हलिउड चलचित्र उद्योगमा आज सार्वजनिक हुने चलचित्र द लास्ट लिजेन ऐतिहासिक पृष्ठभूमिमा आधारित छ। बलिउडकी चर्चित नायिका ऐश्वर्या रायले अभिनय गरेको यो चलचित्रमा प्राचीन रोममा पद-प्रतिष्ठाका लागि चल्ने द्वन्द्व पनि प्रस्तुत गरिएको छ। यो चलचित्रमा रूपसी ऐश्वर्याको अभिनय पनि प्रशंसायोग्य रहेको विश्लेषकहरू बताउँछन्। द्वन्द्व, साहस एवं हिंसालाई नाटकीय स्वरूप दिएर तयार भएको यो चलचित्र १ घण्टा ४१ मिनेटको छ। डग लेफलरले निर्देशन गरेको यो चलचित्रमा कोलिन फिर्थ, बेन किङ्ग्स्ले, ऐश्वर्या राय, थोमस साङ्स्टार तथा पिटर मुलनको मुख्य भूमिका छ।

### बुढ्ढा मरगया



बलिउड चलचित्र उद्योगमा आज हास्य चलचित्र 'बुढ्ढा मरगया' सार्वजनिक हुँदैछ। हास्य दृश्यहरूले भरपूर यो चलचित्रले दर्शकको मन जित्ने विश्वास लिइएको छ। बलिउड चलचित्र उद्योगमा हास्य चलचित्रले सफल व्यापार गरिरहेको अवस्थामा यो चलचित्रले पनि सफलताको बाटो समात्ने विश्लेषकहरूले बताएका छन्। चलचित्र हेर्ने क्रममा हाँस्दाहाँस्दै पेट बटारिने दृश्यहरू हेर्न पाइने भनिएको यो चलचित्रमा परेश रावल, अनुपम खेर, ओम पुरी, राखी सावन्त, रणवीर शोरे, मुकेश तिवारी, मुरली शर्मा, मन्नत कौर, माधवी सिंह आदि कलाकारले अभिनय गरेका छन्। चलचित्रमा एक धनाढ्य व्यापारी लक्ष्मीकान्तको निधनपछि उनको परिवारमा घट्ने घटनाहरूले दर्शकलाई रोमाञ्चित बनाउनेछ। पारिवारिक कथामा आधारित यो चलचित्र तिनै लक्ष्मीकान्तको परिवारका सदस्यबीच घुमेको छ। राहुल रावैल तथा सुनिल लुलाको निर्माणमा तयार भएको यो चलचित्रलाई रावैलले निर्देशन गरेका छन्। चलचित्रको कथा राजु सैगलले लेखेका हुन्।



राजधानीमा यो साता सम्पन्न कल्चरल फेसन सोमा विभिन्न जात-जाति तथा समुदायका पहिरनहरू प्रदर्शन गरिए।
तस्बिर : महेश प्रधान

# चिनारी वेशभूषा र संस्कृतिको



'झ्याइँ-झ्याइँ, ढ्याङ-ढ्याङ' बजारै थर्काउने गरी घन्किएको ध्वनिले पोखराको मुटु भीमसेनचोकमा सबैको ध्यान तान्यो। हतार-हतार गन्तव्यतिर हिँडेका बटुवा, सवारी चालक, सामान किनबेचमा व्यस्त क्रेता र विक्रेता जिज्ञासु नजरले आवाजतिर नियाले। मखमली चोलो, गुन्यू, पटुकी, चुरापोतेले चिटिक्क परेका युवतीहरू साथमा भोटो, कछाड लगाएर बाजा घन्काउँदै हिँडेका पुरुषहरूको लस्कर। बीच-बीचमा अनुहारभरि रंग पोतेर, झारपात सिउरेर, खुकुरी र तरबार नचाउँदै हिँडेको जमात। हेर्दाहेर्दै शरीर थाके पनि मन आँखा अन्त मोडिन नखोज्ने सुन्दर झाँकी देखेर भीडका अधिकांशले बुझिहाले- 'गुरुङ-गुरुङसेनीहरू ट्होटे पर्व मनाइरहेका रहेछन।'

वर्षौं भयो, साउन र चैतको अन्तिम मंगलबार उभौली र उधौलीका रूपमा गुरुङहरूले यसरी नै ट्होटेपर्व मनाउँदै आएका। गुरुङ भाषामा ट्होटेको भनेको गाउँघर र राज्यबाट शत्रुलाई धपाएर सुखद र समृद्ध जीवन पाउनु हो। 'गाउँघर र राज्यमा भएका शत्रुहरू भगाउन शदियौं पहिले पुर्खाहरूले ट्होटेपर्व मनाउँथे,' तमुधि कास्की सचिव देविराज तमुले भने- 'यो पर्व गुरुङजातिको मौलिक संस्कृति एवं चिनारी भएकाले संरक्षणका लागि सामूहिक रूपमा मनाउँदै आएका छौं।'

पोखरामा विभिन्न उत्सव, महोत्सव, सभा-समारोह र पर्वमा परम्परागत वेशभूषामा प्रस्तुत भएर गुरुङ समुदायले आफ्नो परिचय र पहिचान बनाइसकेका छन। विगतमा भन्दा वर्तमानमा परम्परा, संस्कृतिलाई माया गरेर संरक्षणमा लाग्नेहरूको संख्या बढ्दो छ। बालबालिका, युवायुवती, वृद्धवृद्धा सबै यसमा जुटेका छन्। तमुधिं कास्कीले मौलिक संस्कृतिको जगेर्नाका लागि सबैमा प्रेरणा जगाएको छ। उसले ट्होटेमा सहभागी भएर वेशभूषा, बाजागाजा, सहभागितालगायतका विविध विधामा उत्कृष्ट हुनेलाई प्रोत्साहन गर्दै पुरस्कृत गर्ने परम्परा बसालेको छ। पोखराका ३७ समाजसहित झन्डै ४० समूहका मध्ये सर्वोत्कृष्ट टिममा कोल्मा बाँके, बाजागाजातर्फ प्रथम बगर तमु समाज, झाँकीतर्फ फूलबारी तमु समाज र बढी सहभागितातर्फ दीप तमु समाज पुरस्कृत भए।

**–प्रेम नेपाली**

## सानो पर्दा

**नेपाल** केबुल टेलिभिजन एसोसियसन तथा नेपाल केबुल टिभी संघ केबुल टेलिभिजन व्यवसायका समस्याहरू समाधान गर्न नेपाल सरकारसमक्ष राखेका मागहरूप्रति बेवास्ता गरेको र राज्यले नै भेदभावपूर्ण व्यवहार गरेको आरोपका साथ आन्दोलनमा उत्रिएको छ। यो आन्दोलन पनि आफ्नै प्रकारको छ। आन्दोलनको कार्यक्रमअनुसार गत साउन २८ गतेदेखि साँझ ६ बजेपछि सरकारी टेलिभिजन च्यानल नेपाल टेलिभिजन र एनटिभी टुको प्रसारण केबुलबाट अनिश्चितकालका लागि बन्द गरिएको छ। अब भदौ १ गते सबै नेपाली च्यानलको प्रसारण बन्द हुनेछ। त्यसपछि क्रमशः भदौ ५ गतेबाट अन्य विदेशी समाचार च्यानलहरूको प्रसारण बन्द गर्ने र भदौ १० गतेपछि सबै च्यानल केबुलबाट प्रसारण नगर्ने संघले जनाएको छ। उक्त अवधिभर दुवै संस्थाका कार्यालयमा कालो झन्डा राख्ने तथा कालो पट्टी बाँध्ने पनि संघले बताएको छ।

**जतातत** संविधानसभाको चर्चा चलिरहेको बेला नेपालको सुदूर पश्चिमाञ्चलस्थित दुर्गम स्थानमा जनताले यसका बारेमा कसरी बुझेका छन् वा उनीहरूलाई संविधानसभाको निर्वाचनका बारेमा कसरी बुझाउन सकिन्छ भनेर गरिएको एक सर्वेक्षणको विवरण कार्यक्रम निर्माता तथा प्रस्तोता सुरेश पौडेलले आज साँझदेखि कान्तिपुर टेलिभिजनमा विस्तृत ढंगबाट प्रस्तुत गर्दैछन्। 'समायोजन' शीर्षकमा हरेक शुक्रबार साँझ साढे छ बजेदेखि बजेसम्म प्रसारण हुने उक्त कार्यक्रम पौडेलले सुदूर पश्चिमका दुर्गम जिल्लाहरू भ्रमण गरेर तयार परेका हुन्।

**नेपाल** टेलिभिजनबाट प्रसारण भैरहेको सहभागितामूलक बालकार्यक्रम 'जाँदाजाँदै'को प्रसारण अब एनटिभी टुमा हुन थालेको छ। च्यानल परिवर्तन भएपछि कार्यक्रमको शीर्षकका साथै कार्यक्रमको समय एवं सञ्चालिका पनि परिवर्तन भएका छन्। अब उक्त कार्यक्रम 'हिंड्दा-हिंड्दै' शीर्षकबाट एनटिभी टुमा हरेक शुक्रबार साँझ साढे पाँच बजे आउन थालेको छ। साइनिङ लामाले सञ्चालन गर्ने उक्त कार्यक्रम अब काठमाडौं डनबस्कोमा कक्षा आठमा अध्ययनरत छात्रा शोभा अमगाईंले सञ्चालन गर्न थालेकी छिन्। कार्यक्रमका निर्माता हेमन्त गौतम हुन्।

**कान्तिपुर** टेलिभिजनबाट केही नौला कार्यक्रम आउने भएको छ। तीमध्ये हाल उक्त च्यानलबाट आकर्षणका रूपमा देखाइएको कार्यक्रम 'क्याफे कान्तिपुर' प्रति दर्शकहरूको अभिरुचि बढेको पाइन्छ। कान्तिपुर टेलिभिजनले गत सातादेखि उक्त कार्यक्रममा देखिने कलाकारहरू क्रमशः सन्तोष सिलवाल गिरी, निशा अधिकारी, अभिषेक राणा, ऋचा शर्मा, सुनील र प्रियङ्का थापा एउटा भव्य अत्याधुनिक भवन अगाडि स्लो मोसनमा हिंडेको दृश्य देखाइँदै आएको छ। निकट भविष्यमा प्रसारण हुने उक्त कार्यक्रम हास्य प्रकृतिको हुने बताइन्छ। कार्यक्रमका निर्देशक सूर्यनारायण हुन्। कान्तिपुर टेलिभिजनबाट विदेशी च्यानलबाट आउने रेस्लिङ खेलजस्तै नेपाली रेस्लिङ खेलाडीहरूको रेस्लिङ पनि प्रसारण हुँदैछ। उक्त रेस्लिङका प्रस्तोता सुदिन पोखरेल हुन् भने कार्यक्रममा निर्माता सुरजसिंह ठकुरी हुन्।।

# जुटे कलाकार र सञ्चारकर्मी



**साप्ताहिक समाचार**

काठमाडौं- नेपालको तराई क्षेत्र बाढीको डुबानमा परेका बेला सहयोगका लागि सक्रियता बढिरहेको सन्दर्भमा संगीत, टेलिभिजन, सञ्चार तथा मोडलिङ क्षेत्रका चर्चित अनुहारहरू कसरी पछि पर्न सक्छन् ?

बाढीको चपेटामा परेका आफ्नै देशका जनताको दुःखमा सहयोग गर्न उनीहरू कटिबद्ध भए। लाखौं मानिस प्राकृतिक विपतमा परेका बेला सहयोगका लागि शुक्रबार र शनिबार सञ्चारकर्मीहरूका साथ कलाकारहरू पनि जुटेका थिए। शुक्रबार दिउँसो एक बजे काठमाडौंको वसन्तपुर दरबार क्षेत्रमा कलाकार तथा सञ्चारमीहरूको भीड जम्मा हुन थालिसकेको थियो। आफ्ना प्रिय कलाकारहरूलाई देखेर मानिसहरू पनि उनीहरूसँगै जुट्दै थिए।

रामकृष्ण ढकाल, दीपक बज्राचार्य, योगेश्वर अमात्य, निमा रुम्बा, नलिना चित्रकार, नरेन लिम्बु, भिषण योञ्जनजस्ता संगीतकर्मी मात्र होइनन् तेक्वान्दो खेलाडी संगिना वैद्य, पूर्व मिस नेपाल सुगरिका केसी, मोडल प्रशान्त ताम्राकार आदिलाई देखेर बटुवाहरू छक्क पर्दै थिए भने उनीहरूका सामुन्ने तन्ना वा चन्दा बाकस तेर्साउँदै कलाकारहरूले सहयोग माग्दा सबैको हात स्वतः आफ्नो खल्तीमा जान्थ्यो।

भोलिपल्ट शनिबार साँझ दशरथ रंगशालामा कलाकार तथा सञ्चारकर्मीहरू आमुन्ने-सामुन्ने थिए। अघिल्लो दिनको राहत संकलन कार्यक्रमकै दोस्रो श्रृंखलाका रूपमा शनिबार त्यहाँ उनीहरू एक-अर्काका विरुद्ध मैत्रीपूर्ण रमाइलो फुलबल खेल्दै थिए। सेतो जर्सी लगाएका सञ्चारकर्मी तथा नीलो जर्सी लगाएर कलाकारहरू मैदानमा उत्रिए। रमाइलो किसिमको प्रतिस्पर्धा भएकाले आयोजक, कलाकार, सञ्चारकर्मी तथा दर्शक सबै रमाइलो मुडमा थिए। त्यसैले पनि खेल रमाइलो किसिमबाटै टुङ्गियो। एक गोलको अन्तरबाट कलाकारले प्रतियोगिता जिते। हुनत सञ्चारकर्मी सुरजसिंह ठकुरी, योपेश प्रधान र टम एटउडले एक-एक गोल गरेका थिए तर उनीहरूविरुद्ध कलाकारहरू स्वप्निल शर्मा, केदार श्रेष्ठ, सूर्य थापा र रिजु तुलाधरले चार गोल ठोके।

# पर्रोहा बोलबममा जलार्पण गर्नेहरूको घुइँचो



बुटवल- रूपन्देहीको पर्रोहा गाविसस्थित पर्रोहा परमेश्वर बोलबम धाममा साउन महिनाभर जलार्पण गर्ने भक्तजनहरूको बढी घुइँचो देखियो। महेन्द्र राजमार्गको बुटवल-सालझण्डी सडक खण्डअन्तर्गत रानीबगिया बजारबाट २ किलोमिटर दक्षिण २२ कठ्ठा क्षेत्रफलमा फैलिएको पर्रोहा परमेश्वर मन्दिरमा विशेष गरी सोमबार जलापर्ण गर्नेहरूको भीड लाग्छ। पर्रोहा परमेश्वर बोलबम धाम व्यवस्थापन समितिका अनुसार पछिल्लो सोमबार मात्रै झन्डै ५० हजार भक्तजनले जलार्पण गरे। २०४८ सालदेखि जलार्पण गर्न थालिएको यहाँको शिवलिंगमा रूपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, गुल्मी, चितवन तथा भारतको सीमावर्ती जिल्लाबाट समेत श्रद्धालु शिवभक्तहरू लक्ष्मणघाट, त्रिवेणी, काली गण्डकी, नारायणी, राम्दीघाट तथा भारतका विभिन्न ठाउँबाट जल ल्याएर चढाइन्छ।

२०४८ सालमा भारतको उत्तर प्रदेश राज्यको फरेन्दामा बस्ने स्वामी श्री १०८ रमेश गिरी नागा बाबाले एक दिन सपनामा छिमेकी देश नेपालको रूपन्देही जिल्ला पर्रोहा भन्ने ठाउँमा शिवलिंग छ भन्ने कुरा देखेपछि त्यसैका आधारमा उत्खनन गर्दा शिवलिंग भेटिएकाले मन्दिर बनाई बोलबम धामका रूपमा यसको विकास गर्न थालिएको हो। गत वर्षको श्रावणी मेलामा १० लाखभन्दा बढी भक्तजनले जलार्पण गरेको धाम व्यवस्थापन समितिका अध्यक्ष जोखु चौधरीले साप्ताहिकलाई बताए। उनले पर्याप्त प्रचारप्रसार नहुँदा अझै यो धार्मिक स्थल चर्चामा आउन नसकेको गुनासोसमेत गरे।

## साताको स्वर




## बाबु बोगटी

**जमुना, जमुना कस्तो प्रकारको गीत हो ?**
जमुना शुद्ध पूर्वेली लोकगीत हो। यो गीत चण्डिबिटमा छ। यसमा हुर्रामा प्रयोग गरिने शब्दहरू छन्। यो गीतमा जमुनालाई थेगोका रूपमा प्रयोग गरिएको छ।

**प्रतिक्रिया कस्तो पाउनुभयो त ?**
मिश्रित छ, तर कसैले नराम्रो भनेका छैनन्, बरु उल्टो सान्नानीजस्तै वा त्योभन्दा राम्रो भनेका छन्।

**गीतको आकर्षक पक्ष ?**
जमुना थेगो हो, जसलाई दर्शक-श्रोताले सजिलै टिप्न सक्छन्। त्यसैगरी नाच्ने किसिमको होस् भनेर यसलाई फास्ट बिटमा गीत तयार गरिएको छ।

**यसका लक्षित श्रोता को हुन सक्छन् ?**
बालकदेखि वृद्धसम्म सबैले मन पराएका छन्। खासगरी बालबालिका र युवाहरूलाई लक्षित गरेर यो गीत तयार भएको हो।

**म्युजिक भिडियो तपाईं आफैंलाई कस्तो लाग्यो ?**
गीतले मागेको दृश्य भिडियोमा छ, त्यसैले समग्र रूपमा म्युजिक भिडियो आकर्षक बनेजस्तो लाग्छ।

**गायक** रोशन गुरुङलाई मातृशोक परेको छ। गायक गुरुङको दमकस्थित मूलघरमा गत साता उनकी ७८ वर्षीया आमा हर्कमाया राईको मृत्यु भएको हो। हाल गायक गुरुङ मूलघरमै शोकमा बसेका छन्। दिवंगत राईका तीन छोरा तथा एक छोरी छन्।

**वरिष्ठ** नाट्यकर्मी एवं पुराना गायक हरिप्रसाद रिमाल गत एक वर्षदेखि अस्वस्थ छन्। ब्रोन्काइटिसबाट ग्रस्त रिमाललाई एक वर्षदेखि अक्सिजन दिएर राखिएको छ। नेपाली रंगमञ्चको इतिहासका जीवित सर्जकमध्ये एक रिमालले रंगकर्ममा एक सयभन्दा बढी नाटकमा अभिनय गरेका छन्। समको प्रलाप, अन्धवेग उनले अभिनय गरेका चर्चित नाटक हुन्। त्यसैगरी उनले निर्देशन गरेको नाटक 'के सक्कली के नक्कली' पनि चर्चित नाटकमध्ये एक हो। यथार्थ अभिनयका लागि प्रख्यात नाटककार रिमाल वि.सं. १९८२ मा काठमाडौंको लगनमा जन्मिएका हुन्।

**अठार** वर्षसम्म गीत-संगीत क्षेत्रमा होमिएका एक जना गायकले बल्ल आफ्नो पहिलो एल्बम तयार पारेका छन्। छ कक्षा पढ्दादेखि नै गीत-संगीतप्रति लगाव भएका गायक शिशिर बाङ्देलले एसएलसीपछि अध्ययनका अतिरिक्त गायन वा संगीतकर्ममा समय व्यतीत गरे। प्रभुराज ढकाल तथा अन्य केही संगीतज्ञबाट वर्षौं गायन र संगीतको प्रशिक्षण लिए पनि उनलाई एल्बम तयार पार्न आफू अझै सक्षम नभएको जस्तो लाग्थ्यो। गत आइतबार राजधानीको लाजिम्पाटस्थित एक रेस्टुराँमा आयोजित एल्बम विमोचन कार्यक्रममा उनले भने-'संगीतमा डुब्दै गएकाले रजिस्टर्ड गायक हुनका लागि आफ्नो एउटा गीति एल्बम बजारमा ल्याउनै पर्छ भन्ने कुरा १७-१८ वर्षअघि नै थाहा भए पनि एल्बम निकाल्न संगीतमा परिपक्वता आउनैपर्छ भन्ने सोच्थेँ। मेरो गायनलाई सुनिदिने तथा संगीत सुन्नमा परिपक्व श्रोताहरूको जमात पनि पर्खंदै थिएँ।' कार्यक्रममा बाङ्देलका गुरु ढकालका अतिरिक्त, गायक तथा संगीतकार दीपक थापा, सुवर्ण लिम्बू तथा कवि विप्लव प्रतीकले संयुक्त रूपमा उनको आधुनिक गीतको एल्बम 'सम्झिरहन्छु' विमोचन गरे। कार्यक्रममा म्युजिक भिडियो पनि सार्वजनिक गरियो।

**गायक** अरुण कार्की बजारमा यसै साता आउने आफ्नो पाँचौं एल्बमबाट संगीत जगत्मा एउटा परिवर्तन ल्याउने तयारीमा छन्। मेलोडी पप गीतहरू संग्रहित उनको उक्त एल्बम 'अरुण कार्कीको उमङ्ग'को अडियो सिडी मात्र ८५ रुपैयाँमा बजारमा पाइनेछ। जबकि यसअघि प्रायः सबै एल्बमका अडियो सिडीको न्यूनतम मूल्य रु. २ सय ५० हुन्थे। कार्कीका अनुसार सिडीबाट गीत कपि गरेर नक्कली सिडीको व्यापार बढेकाले कम मूल्यका सिडी बजारमा ल्याए नक्कल गर्ने प्रवृत्ति कम हुँदै जाने उनको विश्वास छ। कार्कीको एल्बममा समावेश एउटा गीत 'नराख मनमा कुरा' को म्युजिक भिडियो यसै साता विभिन्न टेलिभिजन च्यानलहरूबाट सार्वजनिक गरिएको छ।

**चलचित्र** पत्रकार संघको कल्याण कोषका लागि राष्ट्रिय सरोकार अभियान नेपालले शनिबार राजधानीमा एक सांस्कृतिक कार्यक्रम सम्पन्न गऱ्यो। संघका कोषाध्यक्ष राजन घिमिरेलाई संकलित ३० हजार रुपैयाँ हस्तान्तरण गरिएको उक्त कार्यक्रममा झ्याउरे, लोक, शास्त्रीय, मञ्जुश्री, सोरठी, नेवारी, धिमाल, तामाङ सेलो आदि परम्परागत सांस्कृतिक नृत्यका अतिरिक्त प्रहसन एवं गीत-संगीत प्रस्तुत गरिएको थियो। कार्यक्रममा कवि व्याकुल माइला, विज्ञापन एजेन्सी संघका अध्यक्ष निर्मलराज शर्मा, गीतकार बुद्धवीर लामा आदिलाई सम्मान पनि गरिएको थियो। यसैगरी चलचित्र पत्रकार संघको उक्त कल्याण कोषका लागि शुक्रबार ललितकला इन्द्रायणी समूहले पनि राजधानीमा सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा संघलाई रु. २० हजार प्रदान गरिएको थियो।

**गायक** रामकृष्ण ढकाल, सञ्चारकर्मी भरत शाक्य एवं संगीतकार राजु सिंहले संयुक्त रूपमा गायक प्रमोद खरेलको दोस्रो गीतिसंग्रह 'सेन्टिमेन्ट्स' तथा त्यसको म्युजिक भिडियो सार्वजनिक गरेका छन्। गत सोमबार राजधानीको पुरानो बानेश्वरस्थित गुरुकुलमा आयोजित गीतिसंग्रह तथा म्युजिक भिडियो सार्वजनिक समारोहमा गायक खरेलले एल्बममा समावेश एउटा गीत 'हे माया' गाएर सुनाएका थिए।

**अमेरिकाको** सनफ्रान्सिस्कोस्थित नेपाली संगीतकर्मीहरूको समूह 'द भाइब्ज'ले हालै त्यहाँ एक कन्सर्ट सम्पन्न गरेको छ। उक्त कन्सर्ट नेपालका बाढीपिडितहरूको सहयोगार्थ आयोजना गरिएको हो। ड्रमबादक दिरेक श्रेष्ठ, लिड गीतारिस्ट दीपेन्द्र राई, बेस गिटारिस्ट रूपेश सिंह र रूपक लामाका साथै सुनील गौचन तथा गायक प्रइन सिंह सम्मिलत उक्त समूहले कन्सर्ट र इमेलमार्फत अमेरिकामा रहेका नेपालीहरूलाई बाढीपिडितहरूलाई सहयोग गर्न आग्रह गरेका थिए। द भाइब्ज समूहका सदस्यहरूबाट स्थापना गरिएको शान्ता रोसाका नेपालीहरूको संगठन द एभरेस्ट क्लबले यसअघि नै बाढीपिडितका लागि ३२ हजार ५ सय रुपैयाँ सहयोग गरिसकेको छ।

**अस्ट्रेलियन** बाजा डिजेरिडुलाई नेपाल भित्र्याउने संगीतकर्मी सलिल कनिकाको संयोजनमा गत शनिबार साँझ स्वयम्भूको डाँडामा 'अर्थ बिट वर्ल्ड बेल फेस्टिभल' सम्पन्न भयो। यो विश्वभरि एकै समयमा आयोजना हुने कन्सर्ट थियो। 'अपोल्डा ग्लोबल बेल कन्सर्ट' शीर्षकमा विश्वभरका विभिन्न मुलुकबाट उक्त कन्सर्टमा संगीतकर्मीहरूले एउटै समयमा संगीत घन्काउँछन्। उक्त फेस्टिभलअन्तर्गत जर्मनीका केही सहर, अमेरिको बोस्टन, रसियाको मास्को, स्वीजरल्यान्डको लुजेफ्ल्ह, इटालीको रोम, अर्जेन्टिनाको वियोनोज एरिज र अस्ट्रेलियाको तनुन्डामा संगीतकर्मीहरूले एउटै समयमा संगीत बजाएका थिए। सन् १९९९ देखि आरम्भ भएको एक घण्टाको उक्त उत्सवका बारेमा सलिलले एक विदेशी मित्र मिकी रेमाननमार्फत थाहा पाएका हुन्। उक्त उत्सवमा स्विजरल्यान्डमा रहेका सारंगीवादक श्यामशरण नेपाली तथा तबलावादक नवराज गुरुङले पनि त्यहाँ संगीत बजाएका थिए। स्वयम्भूमा भएको उत्सव बेलुकी ठीक ६ बजे गन्धर्व संगीतबाट आरम्भ भएको थियो। त्यसपछि विभिन्न बौद्ध मन्त्रहरूको जप गरियो भने डिजेरिडुबादक सलिलले डिजेरिडु बजाए। उनलाई विभिन्न घण्टीहरू बजाएर साथ दिइएको थियो।

## अफबिट



**तीन गायक :** पप गायकद्वय अनिल सिंह र प्रनिल तिमल्सेना तथा र्‍याप गायक सुदिन पोखरेल एकसाथ। तस्बिर : फुर्सद डटकम

## लाइभ सो

-भोलि शनिबार राजधानीको पुरानो बानेश्वरस्थित गुरुकुलको हलमा १३ वर्षीय गायक सुशान्त अधिकारीको एकल गायन कार्यक्रम प्रस्तुत हुँदैछ। ठीक २ बजे प्रारम्भ हुने 'सुशान्त संगीतयात्रा' शीर्षकको उक्त कार्यक्रमको आयोजना सुर साधना प्रा.लि.ले गरेको हो।

-चर्चित रक समूह १९७४ एडीले आज शुक्रबार ठमेलस्थित मरुन लञ्जमा आफ्ना गीत-संगीत सुनाउँदैछ। प्रतिव्यक्ति रु. ३ सय तिरेर उनीहरूको गीत-संगीतको प्रत्यक्ष आनन्द लिन पाइने उक्त कार्यक्रमको शीर्षक 'यामाहा ग्लाडिएटर रक्स विद १९७४ एडी' राखिएको छ। फ्राइडे नेपालद्वारा आयोजित यो कार्यक्रम साँझ ६ बजे आरम्भ हुनेछ।

-बर्सात र गर्मीको यो मौसममा पानीमा भिज्दै नाच्न पाउनुको बेग्लै आनन्द हुन्छ। त्यसैले आज साँझ ६ बजेपछि प्रदर्शनीमार्गस्थित महेन्द्र पुलिस क्लबको पौडीपोखरी किनारामा एक डान्स पार्टी आयोजित हुँदैछ। चार जना डिजेले पालैपालै डान्स नम्बरहरू बजाउने उक्त पार्टीको शीर्षक 'मनसुन स्पिञ्ज गेटवेट' राखिएको छ।

## नजिकबाट

## माण्डवी त्रिपाठी



| | | |
|---|---|---|
| जन्ममिति | : | २०३९ भदौ १८ |
| घरमा बोलाउने नाम | : | मैयाँ |
| नामको अर्थ | : | रामायणकी एक पात्र (शत्रुघनकी श्रीमती) |
| परिचय | : | गायिका |
| जन्मस्थान | : | लमजुङ |
| रुचि | : | गायन |
| सांगीतिक गुरु | : | चन्दनकुमार श्रेष्ठ, सिन्धु मल्ल |
| मनपर्ने परिकार | : | नेपाली |
| पकाउन जानेको परिकार | : | सबै प्रकारका |
| मनपर्ने रंग | : | कालो र सेतो |
| मनपर्ने पहिरन | : | कुर्ता-सुरुवाल |
| मनपर्ने मौसम | : | वसन्त ऋतु |
| मनपर्ने खेल | : | फुटबल |
| फुर्सदमा | : | भेटघाट, घुम्ने |
| मनपर्ने गीत | : | तिम्रो जस्तो मुटु |
| रिस उठेको बेला | : | झट्टै प्रतिक्रिया जनाउँछु |
| मनपर्ने आफ्नै बानी | : | धेरै नरिसाउने |
| पहिलो गीत | : | नौ डाँडा पारी छ मेरो दिलको राजा |
| पहिलो चर्चित गीत | : | फूल फुलेको जाई |
| सबैभन्दा बढी माया | : | आमाबाबु |
| पहिलो बाजा | : | हार्मोनियम |
| पहिलो प्रेम | : | आमासँग |
| पहिलो चुम्बन | : | छैन (अहिलेसम्म) |
| गोप्य कुरा | : | शिक्षिका पनि हुँ |
| मनपर्ने म्युजिक भिडियो | : | आभा मुकारुङको कता हिंडेको... |

## दीर्घकालीन शान्तिका लागि पिस फर फन



**धनकुटा-** देशमा दीर्घकालीन शान्ति स्थापना होस् भन्ने चाहना व्यक्त गर्दै 'पिस फर फन' शीर्षकमा सञ्चालन गरिएको खुल्ला नृत्यका प्रतियोगिताले सिधुवाका नृत्य पारखीहरूलाई प्रसस्तै मनोरञ्जन प्रदान गऱ्यो।

लामो द्वन्द्वपश्चात् खुल्ला रूपमा आयोजना गरिएको सो नृत्य प्रतियोगिताका प्रतियोगीहरूले करिब ४ घण्टा दर्शकलाई आफूसँगै नचाएका थिए। प्रतियोगितामा अहिलेका युवापुस्तामा जमेका रिमिक्स गीत देखि लिएर पुराना चलचित्रका गीतमा आफ्नो प्रतिभा देखाएर प्रतियोगीहरूले सिधुवावासीलाई एक दशक लामो द्वन्द्व बिर्साउने प्रयास गरे।

छ वर्षीया एलिजा कटुवालले 'झलझली आँखैमा' रिमिक्स गीतमा नृत्य गर्दा उपस्थित दर्शकहरू पनि सँगै उनलाई नाचेर साथ दिइरहेका थिए। प्रतियोगितामा प्रथम हुने अनु गुरुङले 'मै छोरी सुन्दरी' गीतमा नृत्य गर्दा उपस्थित युवा दर्शकहरू वान्स मोर वान्स मोर भन्दै कराइरहेका थिए। त्यसैगरी अर्का प्रतियोगी राजु खुलालले चर्चित गीत घाँस काट्न खुर्केर ऱ्याप सँगै नृत्य गर्दा युवा दर्शकहरू उफ्री-उफ्री नाचेको देखिन्थ्यो।

छ वर्षदेखि २० वर्षसम्मका युवायुवतीले प्रतियोगितामा भाग लिएको उक्त प्रतियोगीतामा २८ जना सहभागीले नृत्य प्रस्तुत गरेका थिए। द्वन्द्वका कारण १२ वर्षसम्म कुनै मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन नभएको यस क्षेत्रमा लोकतन्त्र स्थापना भएको एक वर्षभन्दा पछि पहिलो पटक गरिएको 'पिस फर फन' कार्यक्रमबाट सिधुवावासीले लामो समयपछि रमाइलो गर्ने मौका पाए।

यो खुला नृत्य प्रतियोगितामा अनु गुरुङ प्रथम, राजु खुलाल द्वितीय, भगवती पौडेल र ज्योति गुरुङ तृतीय भए भने अनिता श्रेष्ठ र सबैभन्दा कम उमेरकी प्रतियोगी एलिना कटुवाले सान्त्वना पुरस्कार पाए।

-भिषा काफ्ले

## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



कुनै पनि काम गतिलो ढंगले नगर्ने विक्रुाम आफ्नो कोठामा एउटा फोटो झुन्ड्याउन खोज्दै थियो। विक्रुाम आफ्नी श्रीमतीलाई बोलाउँदै : सुलोचना, यो तस्बिर झुन्ड्याउनुपर्‍यो, सामानहरू कता छ ?

सुलोचना : घन हाम्रो कोठाको ठूलो दराज तल छ, किला चाहिँ त्यो कालो बट्टामा छ, अनि घाउमा लगाउने औषधी र ब्यान्डेजचाहिँ हाम्रो खाटको मुनि छ है।

०००

एक विद्यालयमा विश्वको जनसंख्या वृद्धि भैरहेको विषयमा पढाइ हुँदै थियो। मास्टरले भनेछन् : विश्वमा प्रत्येक १० सेकेन्डमा कुनै न कुनै ठाउँमा एउटी महिलाले एउटा शिशु जन्माउँदै हुन्छन्। मास्टरको कुरा सुनेर एक विद्यार्थी जुरुक उठ्दै : ओहो। त्यसो भए त ती महिलालाई तुरुन्तै खोजेर शिशु जन्माउन रोक्न लगाउन पर्‍यो सर।

०००

दुई जना मूर्खले बल्लबल्ल प्लेन उडाउन सिकेछन् र अमेरिका घुम्न गएछन्। न्युयोर्कको एयरपोर्टमा पुगेर प्लेन अवतरण गर्न प्लेनको पाङ्ग्राले भुइँमा मात्र के टेकेको थियो अर्को मूर्ख पाइलट चिच्याउँदै– रनवे सकियो ?

प्लेन चलाउने मूर्खले हत्त न पत्त प्लेनलाई हावामा उडाएछ र घुमाएर फेरि अवतरण गर्न खोजेछ। प्लेनको पाङ्ग्राले भुइँ छोएको मात्र के थियो, फेरि दोस्रो मूर्ख पाइलट चिच्याउन थालेछ : मिलेन, मिलेन।

पहिलो पाइलटले फेरि प्लेन हावामा उडाएछ। यसरी गर्दा-गर्दा पाँचौं पटक अवतरण गर्ने प्रयासमा पहिलो मूर्ख पाइलटले भनेछ : हेर, यी मूर्ख अमेरिकीहरूले कस्तो एयरपोर्ट बनाएका होलान् यो। यत्रो ठूलो र भव्य एयरपोर्ट बनाएर पनि रनवेको लम्बाइचाहिँ कति छोटो ?

दोस्रो मूर्ख कुरा थप्दै: हो त, अनि चौडाइ भने कति लामो बनाएका होलान् ?

०००

साँझपख विक्रुामलाई एक मित्रको फोन आएछ : विक्रुाम दाइ मलाई आज सान्है वैराग लागेको छ। आफ्नो जिन्दगी पनि कस्तो अन्धकार देख्छु, म के गरौं ?

विक्रुाम : मोरा। विद्युत प्राधिकरणको नो लाइटलाई फोन गर्ने नि।

## लघुकथा



### तलब

साँझ छिप्पिदैछ। दिनभरिको गर्मी अहिले छैन, चिसो बतास सिरिरि चल्दैछ। रेस्टुराँमा चिसो बियर पिउनेहरूको भीड बढ्दैछ। पृष्ठभूमिमा मीठो संगीतको धुनले टेबुलमा बसेका सबैलाई आनन्दविभोर बनाउँदै गएको छ।

मौसम जस्तै रमाइलो छ रामहरिको मन पनि। उसले आज महिनाभरिका तलब थापेको छ। 'यस्तो आकर्षक मौसम तथा तलब पाएको दिन अलिकति रमाइलो पनि गर्न सकिएन भने जागिरे हुनुको के अर्थ ?' उसलाई यस्तै लाग्यो। ऊ पनि रेस्टेरेन्टभित्र छिर्‍यो।

संगीतको झन्कार र ग्लामरस युवतीको स्टेजमा भएको प्रवेशसँगै रेस्टुरेन्ट गर्माउन थाल्यो। चिसो बियर, चिकेन आइटम तथा चुरोटको सर्कोले वातावरण मात्तिँदै गयो। नृत्याङ्गनाहरूको आकर्षक नृत्यमा नोटको वर्षा हुन थाल्यो। वेट्रेसलाई ख्वाउँदै आफू पनि खाँदै गर्दा कति बोतल रित्तिए पत्तै हुन छाड्यो। रामहरि पनि हृदयभरिको प्यास मेटाउँदै बियर तान्दै थियो। अरूको लहैलहैमा लागेर रामहरि पनि सयका नोट नृत्याङ्गनाको ब्राभित्र हालिँदिदै थियो। रातको दुई बजे उसको टेबुलमा बिल आयो। पर्स टकटक्याएर उसले बिल तिर्‍यो र घरतिर लाग्यो।

भोलिपल्ट १० बजे मात्र उसका आँखा खुले। घरमा हिजो बिहानदेखि खाना पाकेको थिएन। छोरोले पल्लो कोठामा बसेकी महिलाको दयाले खान पाएको थियो। श्रीमती भने लोग्नेको तलबको प्रतीक्षा गरिरहेकी थिइन्।

–दीपक कार्की

## कविता

### म त प्यासी



फूलको पनि फूल
तिमी सुनको पनि सुन
म त प्यासी आकाश
तिमी जूनको पनि जून
मर्दै थिएँ जन्म दियौ
कुन लोककी परी हौ ?
मानवताकी मूर्ति
तिमी गुनको पनि गुन
बगरका काला ढुङ्गा
लाजले राता भए
जब तिनले देखे
तिमी चूनको पनि चून
सौन्दर्यको नाम
कहीं नुन पनि हुन्छ भने
चर्कोभन्दा चर्को
तिमी नुनको पनि नुन
आफ्नो रूपको धारले
रेट्यो जिउँदै मरें म
अपराधको सीमा
तिमी खुनको पनि खुन।

–विरल


# सजिलो काम, सोचेभन्दा राम्रो दाम

ललितपुरकी कुसुम रानाको गर्भमा चार महिनाको शिशु थियो तर पनि उनी बच्चा जन्माउन चाहँदैनथिन्। आर्थिक रूपमा बलियो भएपछि मात्र आमा बन्ने उनको चाहना थियो। कामका लागि इजरायल जान उनले चार महिनाको गर्भ फालिन्। इजरायल जानका लागि उनी खर्च जुटाउँदैछिन्। ५ लाख रुपैयाँ रकम जुटाएपछि मात्र उनी विदेश जान पाउँछिन्। कामका लागि चाहिने आवश्यक सीप तथा ज्ञानको तालिम पनि लिँदैछिन्।

इजरायल जान यतिका तयारी गर्दा पनि घरपरिवारले भने उनलाई अनुमति दिएका छैनन्। यसअघि इजरायल पुगिसकेका आफ्ना तीन दिदी-बहिनीको जीवनस्तरमा आएको परिवर्तनले उनमा इजरायल मोह बढेको हो। त्यहाँ हुने कमाइको सपना पनि देख्न थालेकी छिन् उनले। कुसुम भन्छिन्– 'नेपालमा दस वर्षमा कमाउन नसकिने पैसा त्यहाँ एकै वर्षमा कमाइन्छ, केही वर्ष बसेर फर्किएपछि सुखी घर बसाउँछु।'

उता चितवनकी गंगा सेन नर्सिङ पेसा छाडेर दुई महिनाअघि इजरायल उडेकी थिइन्। दुई वर्षअघि इजरायल पुगेकी ओखलढुङ्गा रावादोलुकी सविता गुरुङको परिवारले उनैले पठाएको पैसाले काठमाडौंमा घर किनेको छ। चार वर्षको इजरायल बसाइपछि नेपाल फर्किएकी लमजुङकी लक्ष्मी गुरुङ सातदोबाटोमा घर किनेर बसेकी छिन्। आफूले व्यवसाय पनि चलाएर बसेकी छिन्। त्यसैगरी एक वर्षअघि केयर गिभरकै निम्ति इजरायल छिरेकी सुनीता लुइँटेलले काठमाडौंमा आफ्ना दुई सन्तानलाई राम्रो विद्यालयमा पढाइरहेकी छिन्।

इजरायल पुगेर फर्किएका धेरै महिलाको यस्तै लोभलाग्दो जीवनशैलीका कारण महिलाहरूमा इजरायल पुग्ने मोह बढ्दै गएको छ। कम्तीमा १ लाखसम्मको मासिक आम्दानी हुने भएपछि महिलाको मन नलोभियोस् पनि किन ? त्यसैले ऋण लिएर होस् वा जायजेथा धितो राखेर ५ लाख रुपैयाँसम्म जम्मा गर्न उनीहरू मरिहत्ते गरेर लाग्छन्। उनीहरू इजरायल जान सिक्नैपर्ने हिब्रु भाषा र दैनिक कामकाज तथा त्यहाँको रहनसहनसम्बन्धी तालिम लिन लाग्ने ४५ हजार रुपैयाँसम्म तिर्न पनि पछि पर्दैनन्। राजधानीमा खुलेका थुप्रै केयर गिभर तथा हिब्रु भाषा सिकाउने सेन्टरले उनीहरूको त्यो इच्छामा सघाउ पुर्‍याएका छन्। उनीहरू राम्रो पालनपोषण र शिक्षादीक्षाले सन्तानको भविष्य उज्ज्वल बनाउने इच्छाका कारण विदेश जान हौसिएका छन्। १८-१९ वर्षका युवतीदेखि ४५ वर्षसम्मका महिलाको 'भविष्य सुरक्षित गर्ने' गन्तव्य बन्दै गएको छ इजरायलको रोजगारी।



गरिबी तथा रोजगारी नपाएका महिलाका लागि राम्रो आम्दानीको बाटो हो वैदेशिक रोजगार। चार वर्ष इजरायलमा केयर गिभरको (घरको हेरचाह गर्ने कामदारको रूपमा) काम गरेर छुट्टीमा घर आएकी झापाकी उमा खनाल सजिलो काम र सोचेभन्दा पनि राम्रो आम्दानीले दङ्ग छिन्। खनाल भन्छिन्, 'अहिले त म एक महिनाको २ हजार डलर (करिब १ लाख ४० हजार रुपैयाँ) बचत गर्छु। त्यहाँको भाषा, रहनसहन सबै बुझें, काम र आम्दानी पनि राम्रो छ, फेरि जाँदैछु।' उनको अनुभवमा इजरायलको रोजगारी महिलाका लागि सुरक्षित र ढुक्कको पनि छ। 'आँटिला तथा जाँगरिला महिलाका लागि त्यो त राम्रो अर्थोपार्जन गर्ने ठाउँ रहेछ,' उनले भनिन्। कामदारको तलबमा वार्षिक ५० डलर थपिँदै जाने इजरायलको सरकारी नीतिले पनि त्यहाँको रोजगारी थप आकर्षक बनेको छ।

महिला मात्र होइन पुरुष पनि पुगेका छन् इजरायल। त्यहाँ केयर गिभर काम गरिरहेका अर्जुन जयसवाल भन्छन्, '६५ भन्दा बढी उमेरका वृद्धवृद्धा, अशक्त र अपाङ्गको हेरचाह गर्नु नै मुख्य काम हो। घरायसी काम पनि मेसिनबाटै गरिने भएकाले नेपालको जस्तो कठिन शारीरिक श्रम गर्नुपर्दैन।' अन्य देशका नागरिकभन्दा नेपालीहरू मायालु तथा सहनशील हुन्छन् भनेर उनीहरू घरको काममा नेपालीलाई नै बढी रुचाउँछन्। इजरायलको सरकारी नीतिअनुसार प्रत्येक वर्ष भिसा नवीकरण गरे पनि ५ वर्ष बसेपछि इजरायल छाड्नुपर्छ। त्यतैबाट अन्य देश पनि जान सकिन्छ। 'त्यसैले अङ्ग्रेजी र हिब्रु भाषा जान्नु अनिवार्य छ।' अर्जुन भन्छन्, 'आफू इमान्दार र सक्षम छ भने त्यति समस्या पर्दैन।'

इजरायल पुगेका नेपाली कामदारमा करिब ७० प्रतिशत विवाहित महिला छन्। यहुदी धर्मावलम्बी बढी भए पनि त्यहाँ नेपालीलाई कुनै कठिनाइ भने हुँदैन। नेपाली कामदार एक-अर्कालाई दुःख र समस्या पर्दा एकजुट हुन्छन्, त्यसलाई सङ्गठित रूप दिने प्रयास पनि सुरु भएको छ। त्यसका लागि नेपाली कामदार सहयोग मञ्च, इजरायल गठन गरिएको छ। वार्षिक शुल्क तिरेर त्यहाँ काम गर्ने नेपाली यसको सदस्य बन्छन्। बिरामी पर्दा सहयोग गर्ने, रोजगार दिलाउने, हकअधिकारका लागि लड्न सहयोग गर्नेजस्ता काम मञ्चले गर्दै आएको छ। गत वर्ष इजरायलमा आत्महत्या गरेकी अनिताको शवलाई नेपाल फर्काउन लाग्ने एक लाख रुपैयाँ पनि मञ्चले खर्च गरेको थियो।

इजरायलमा नेपाली महिला कामदारको ठूलो माग छ। त्यसैले महिलालाई पठाउन म्यानपावर कम्पनीहरू आफैं लागेका छन्। सिग्मा इन्टरनेसनलका निर्देशक लक्ष्मण थापा भन्छन्, 'इजरायल जान खोज्ने महिला थुप्रै छन्, हामीले चाहेजति पठाउन सकेका छैनौं।' श्रम तथा वैदेशिक रोजगार प्रवर्द्धन विभागका अनुसार २०६२-६३ मा १ हजार ७१ महिला इजरायल गएका छन्। वैदेशिक रोजगारीका लागि जान थालेको करिब ६ वर्ष अवधिमा व्यक्तिगत पहलमा जानेहरू पनि थुप्रै छन्। त्यसैले यकिन सङ्ख्या थाहा पाउन अलि कठिन छ। भर्खरै इजरायलबाट नेपाल फर्किएकी देवकी ढकाल इजरायलमा करिब १२ हजार महिला रहेको बताउँछिन्।

वैदेशिक रोजगारीमा महिलाको आकर्षण बढ्न थालेपछि देखा परेका समस्या समाधान गर्न प्रशस्त सरकारी तथा गैरसरकारी संस्था खुलेका छन्। संयुक्त राष्ट्रसंघीय महिला विकास कोष (युनिफेम) नेपालले यससम्बन्धी अध्ययन सुरु गरेको छ। त्यसैगरी वैदेशिक रोजगारीबाट फर्किएका महिलाको संगठन पौरखीले रोजगारीमा जान लागेका तथा फर्किएकाहरूलाई परामर्श दिने, परिवारको हकअधिकार संरक्षण गर्ने काम सुरु गरेको छ। सरकारले वैदेशिक रोजगारीमा जान चाहनेहरूका लागि बैंकबाट ऋण दिने र आवश्यक तालिम उपलब्ध गराउने व्यवस्था पनि गर्न थालेको छ।

केयर गिभरमा जाने धेरैजसो नर्सिङसम्बन्धी काम गरेका महिलाहरू भए पनि अन्य महिलाको सङ्ख्या पनि बढ्दैछ। इजरायलबाट अन्य मुलुक जान सहज भएकाले डाक्टर, पत्रकार र कलाकार पनि त्यसतर्फ आकर्षित छन्। सरकारले महिलाका लागि खुला गरेको रोजगार नीतिले पनि इजरायलजस्ता मुलुकमा जान सघाउ पुर्‍याएको छ। सीप र क्षमताअनुसार राम्रो आम्दानी हुने भएकाले इजरायलमा नेपाली महिलाको संख्या बढेको छ तर उनीहरूको काम व्यवस्थित बनाउन तथा हक-अधिकारका लागि आवश्यक नीति बनाउनेतर्फ सरकारले ध्यान दिनैपर्छ।

–मञ्जु गुरुङ

## सन्देश

बी., तिमीलाई परेको पीडा मैले बुझेको छु। मैले जुन दिन त्यो कुरा तिम्रो मुखबाट सुनें म आफैं आरामले बस्न सकेको छैन। म तिमीलाई माया गर्छु त्यसैले तिम्रा हरेक पाइलामा मेरो साथ रहनेछ।

**वि.**

मलेसियामा बस्दै आएका चित्रसेन, गोविन्द, हरि, श्याम कतारमा बस्दै आएका लक्की, बन्धु, राम, नवराज, श्याम, दुबईमा बस्ने राधेश्याम, अर्जुन, गोकर्ण, मनीष, मनोज, प्रवीण र हङकङमा बस्ने जीवन, पूजा, लक्ष्मी, विक्रम, राजु, मिलन, सुनीता, निशालगायत सबै साथीलाई सम्झना। फुर्सद भयो भने सबैलाई चिठी पठाउन आग्रह छ।

**पशुपति**

कवि व्याकुल माइला, तिमीलाई धेरै-धेरै बधाई छ। खोटाङको निम्नवर्गीय राई परिवारमा जन्मिएको ठिटोले आज आफ्नो नाम राष्ट्रिय स्तरमा चम्काएको छ। हामी खोटाङेहरूले यसमा गर्व महसुस गरेका छौं। तिमीले इतिहास रचेका छौ।

**राम**

शिव, तिमी काठमाडौं आएका रहेछौ, मैले थाहा पाए, तर किन नभेटी फर्किएको? तिमीले मसँग भेट नगरे पनि एकपटक फोनसम्म त गर्न सक्थ्यौ। तिम्रो हेड अफिसबाट फोन गरेको भए पैसा पनि लाग्दैनथ्यो क्यार!



तिमी आफैं सम्झ त, म पोखरा आएका बेला तिमीलाई कहिल्यै फोन नगरी फर्किएकी छु? मैले जसरी साँचो मित्रता देखाएकी थिएँ, तिमीले त्यो देखाउन सकेनौ।

**सु.**

हरि, पछिल्लो अवधिमा धेरै मानिसको मुखमा संविधानसभा भन्ने शब्द झुन्डिएको देख्छु, मैले पनि यस विषयमा धेरै बुझ्ने प्रयास गरेको छु, तर अझै स्पष्ट हुन सकेको छैन। साप्ताहिकबाहेक अरूले यो विषयमा त्यति लेख्ने गरेका छैनन्। तिमी आफैं कानुनको ज्ञाता भएकाले पनि मैले तिमीबाट धेरै जानकारी पाउने आशा राखेर यो सन्देश पठाएको छु। यस विषयमा लेखिएका काठमाडौंका राम्रा लेखकका पुस्तकहरू पठाइदेऊ है।

**भीष्म, अबुधाबी**

**सूचना**

**विजयादशमी तथा दीपावलीको शुभअवसरमा आफ्ना इष्ट-मित्र तथा मान्यजनहरूलाई साप्ताहिकमार्फत् शुभकामना सन्देश पठाउन चाहनुहुने महानुभावहरूले आफ्नो सन्देश असोज १५ गतेसम्ममा साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउनुहोला। सन्देशका साथ रु.२० र कुपन अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ।**

**-सम्पादक**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/- अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..............................................................................

उमेर : ................................ उचाइ : ................................

पेसा : ................................ शिक्षा : ................................

स्वभाव :.............................. वैवाहिक स्थिति : ........................

अभिरुचि : ................................वर्ण : ................................

इमेल : ..............................................................................

ठेगाना :..............................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ?

..............................................................................

..............................................................................

**नोट :** तस्विर र नगद रु. ५०/- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटोमा

### निर्दोष म

उनी रिसाइन् क्यारे मसँग। मेरा दुई शब्दले उनको मन भाँचिदिन्छ। जीवन र प्रेमको मात्र दुई शब्दले तर म निर्दोष छु, म यी दुई शब्दलाई अलग गर्न सक्दिनँ। संघर्षलाई असारको भेलसँगै समेटेर आकाश र बगरको मिलन खोज्दै जीवनको बेसीतिर बगिरहने इन्द्रावतीलाई दोषी नभन। नत्र म पनि भन्छु एउटा सुन्दर फूल पनि दोषी छ, ऊसँग लाखौंलाख हृदय घोचिदिने काँडाहरू छन्। अविश्वास र अहंकारले जितिसकेको यो पापी संसारमा कुनै पनि वस्तु आफैमा पूर्ण छैन तर त्यही अपूर्णतालाई अँगालेर पापीको संज्ञा पनि त दिन मिल्दैन।

आज चित्त दुख्यो नखाएको विष पनि लागे जस्तो भयो। उनको त्यो परिवर्तनले आज म आफैं डुबिरहेको नाउमा कैदी बनेजस्तो लाग्यो। संसार सबै भ्रमजस्तो लाग्यो। उनी भन्छिन्, प्रेम अनि जीवन दुई किनारा हुन्। प्रेम भनेको जीवन होइन, जीवन भनेको बाध्यता हो। बाध्यताभित्र बेरिएर समाजमा घुल्न सिक्नुहोस्। अनि मात्र जीवन र प्रेमको दूरी देख्नुहुनेछ। दाइ चिया आयो! म मज्जाले झस्किएछु। वेटर चिया राख्दै प्रतिप्रश्न गर्छ, दाइ त झस्कनुभयो नि, अँ भन्दै टाउकाले मात्र संकेत दिन्छु। दायाँबायाँ सबै टेबल खाली थिए, शून्यतामा हराएछु, आजभोलि यही नै प्यारो लाग्छ।

सिमसिम पानी परिरहेको थियो। असारको भ्याउँकीरी साँझ, खेतका आलीहरू, हरिया मकै र मोही सम्झँदै रत्नपार्कसम्म पुगेछु। खाना खाएर पढ्ने सुरसार गरें। मोबाइल बज्यो उठाउन मात्र के आँटेको थिएँ उसले काटिदियो। अरे बगाले! कति मिसकल मात्र दिन्छस्। फोन जहाँको तहीं राखिदिएँ। एक दिन उनले एसएमएस गरी सोधिन्- तपाईंलाई कसले बढी छुन्छ? एउटा व्यक्ति जसलाई तपाईं पूरा विश्वास गर्नुहुन्थ्यो उसले तपाईंलाई दिएको धोकाले कि एउटा व्यक्ति जसलाई तपाईंले धोका दिनुभयो र उसको तपाईंप्रतिको विश्वास? एकछिन अलमलिएँ। लाग्थ्यो दोस्रो विकल्प निकै भावनात्मक छ तर मैले पहिलो रोजें। उत्तर फर्काएँ- दुई आत्माबीचको मिलन विश्वासले नै गाँसेको हुन्छ, त्यो विश्वास कसैले मेरो आत्माबाट चुँडाएको छ।

त्यसैले पनि त हाम्रो धेरै वर्षपछि भेट भएको थियो। सानो छँदा एउटै स्कुल पढेको, सँगै खेलेको सम्झँदा म र उनीबीच ती क्षणहरूमा कैद भएजस्तो लाग्थ्यो। उनीसँग अर्कै माया थियो। उनी मेरा लागि पृथक साथी थिइन्, मात्र साथी। मसिनो आवाज, हँसिलो मुहार र त्योभन्दा बढी मीठो उनको मुस्कान थियो। उनलाई समय-समयमा फोन गर्दा पनि निकै रमाइलो लाग्थ्यो। साथीहरूको भीडमा उनलाई पाएर म आफूलाई भाग्यमानी मान्थें। उनी अनुमान लगाउँथिन्- म उनीसँग प्रेम गर्छु। भन्थिन् पनि, केही सहयोग गरूँ कि? मेरो परिवारमा पनि उनीसँग विवाह प्रस्ताव राख्नेसम्म कुरा चलेको थियो। एक दिन सानो कुरालाई लिएर



तपाईंलाई जीवन र प्रेमको अर्थ थाहा छैन। तपाईं जस्ता मानिसले गर्दा त आज सच्चा प्रेमको पनि हार भएको छ। प्रेमको अर्थ नबुझ्दा कैयौं जीवन अन्त्य भएको छ। उनले मलाई लगाएका यी आरोप बुझ्न निकै गाह्रो भयो। त्यस दिनपछि साथीको साइनो चुँडाएर उनी मबाट टाढिइन्। म स्वयम्लाई थाहा छैन केले गर्दा उनको मनमा चोट लाग्यो, उनलाई मदेखि वितृष्णा जगायो।

म आज तिमीलाई भन्छु- मैले कसैलाई मेरो मन, मुटु सुम्पिसकेको छु। मेरो यो जीवन सच्चा प्रेममा समर्पित छ। प्रेममा दूरी अनि समयको हिसाब हुँदैन भन्ने त्यही सोचेर विगत पाँच वर्षदेखि म आफ्नो सच्चा प्रेमको प्रतीक्षामा छु।

**जीवन**

### मेरो प्रेम

हामीबीच मनमुटाव भयो तर भोलिपल्टै उनी मेरो घर आइन्, हिजोको गल्ती स्वीकार गर्दै माफ मागिन् अनि हामीबीचको सारा रिस पानी भैहाल्यो।

फेरि अर्को दिन उनी मेरो घर आइन्, उनलाई मैले एसएमएस पठाएँ, आज हुतिपा मेरो घरमा आएकी छिन्। उत्तर फर्काइन् रमाइलो भयो होला नि त! उनी भोलिपल्ट बिहानै गइन्। साँझमा उनलाई पुन: एसएमएस गरे, उनी आइन् तर पहिलेजस्तो रमाइलो भएन। जुन व्यक्तिलाई मुटुको गहिराइमा लुकाएर राखिन्छ र त्यही व्यक्तिले नै घायल बनी लढाउँछ भने कसरी रमाइलो भयो भनूँ...।

## साप्ताहिक साथी

स्नातक तह पार गरेका रमेशचन्द्र भट्टराई ५ फिट ५ इन्च अग्ला छन्। सत्य एवं यथार्थपरक ढंगले समाजको विश्लेषण गर्ने रमेश विवाहित हुन्। जीवनयापनका लागि नोकरी गरिरहेको बताउने रमेश ३१ वर्षका भए। गहुँगोरो वर्णका रमेश विकृतिप्रति असन्तोष जनाउनु आफ्नो कर्तव्य रहेको बताउँछन्। आफूजस्तै साथी खोजिरहेका रमेशलाई ramesh_chandra @hotmail.com तथा अर्मला गाविस वडा नम्बर-६ कास्कीमा पत्राचार गर्न सकिन्छ।



राजधानी आई उच्च शिक्षा अध्ययन गरिरहेका सुवास श्रेष्ठ १८ वर्षका छन्। हँसिलो अनुहारका धनी सुवास नयाँ साथी बनाउने तथा संगीत सुन्ने कुरामा रुचि राख्छन्। अविवाहित सुवास दुख-सुखमा साथ दिने, धनको घमन्ड नगर्ने एवं मिलनसार साथीको खोजीमा छन्। उनलाई खोटाङ, दिक्तेल, संगम पार्क वडा नम्बर-४ मा पत्राचार गर्न सकिन्छ।



बीबीएस प्रथम वर्षमा अध्ययन गरिरहेका सुभाष तिमिल्सिना क्षितिज'को उचाइ ५ फिट ४ इन्च छ। भावुक स्वभावका सुभाष हालसम्म अविवहित छन्। उनी १९ वर्षका भए। पत्रमित्रता गर्ने, एफ एम रेडियो सुन्ने, खेलकुदमा रुचि राख्ने सुभाष नि:स्वार्थी, रगतको नाताभन्दा भावनाको नातालाई महत्त्व दिने साथीको खोजीमा छन्। उनलाई सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुर-१० चितवनमा पत्राचार गर्न सकिन्छ।

# महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?

उचित हो, महिलाहरूले पनि आफ्नो प्रतिभा एवं क्षमताको बलमा देश विकासमा सहयोग गर्न सक्छन् ।

**टीकाराम राई, जनकपुर**

जनसंख्याको आधारमा होस् वा महिला-पुरुष बराबरी भन्ने नाराका आधारमा होस् जुनसुकै पक्षबाट पनि महिलाहरूले पचास प्रतिशत आरक्षण पाउनुपर्ने हो ।

**ज्योति सुब्बा**

३३ प्रतिशत आरक्षण दिएर महिलाहरू कमजोर छन् भन्ने सावित गर्न खोजेको होला तर हामी त्यतिसारो कमजोर छैनौं, आफ्नो स्थान आफै सुरक्षित गर्न सक्छौं ।

**हर्षल कुशल** (१७)

उचित होइन, किनकि महिला कुल जनसंख्याको ५० प्रतिशत छन्, त्यसैले ५० प्रतिशत नै चाहिन्छ बरु ३३ प्रतिशत आरक्षणले महिलाको प्रतिभाको अपमान गर्छ ।

**रोशन पुन** (१७), **पाल्पा**

ठीकै जस्तो लाग्छ । धेरै दियो भने त उनीहरूले त्यसलाई थेग्न पनि सक्दैनन् ।

**केशव परियार** (१७), **चितवन**

एकदमै उचित तर निजी संस्थाहरूमा पनि यो कुरा लागू हुनुपर्छ ।

**गजेन्द्र थापा** (२१), **बेताली, रामेछाप**

बराबर हैसियतका नागरिक भएकाले महिला र पुरुष दुवैलाई उत्तिकै हक-अधिकार दिनुपर्छ । पुरुषले जति नै महिलाले पनि काम गर्न सक्छन् ।

**अनु**

३३ प्रतिशत थोरै भयो, ५१ प्रतिशत आरक्षण गरौं उचित हुन्छ ।

**सम्पूर्ण प्रजापति, मध्यपुर, ठिमी**

ठीकै हो, बढी दिने हो भने त पुरुषको टाउकोमा टेक्छन् त्यसैले ३३ प्रतिशत नै उचित हुन्छ ।

**प्रवीण ज्ञवाली** (२०), **काठमाडौं**

म त भन्छु महिलाहरूलाई ३३ प्रतिशत होइन ५० प्रतिशत नै दिएर प्रधानमन्त्री पनि महिला नै बनाउनुपर्छ अनि मात्र देश विकास हुन्छ ।

**मोदक राई** (२६), **काठमाडौं**

महिला र पुरुष एकै सिक्काका दुई पाटा हुन् । महिला बिना पुरुष अधुरो छ भने पुरुष बिना महिला । यदि कुनै घरमा पुरुष मात्र शिक्षित छ भने त्यो घरमा पुरुष मात्र शिक्षित हुन्छ तर पुरुष र महिला दुवै शिक्षित छन् भने त्यो घरका सबै सदस्य शिक्षित हुन सक्छन् । यदि महिलाले आत्मनिर्भर हुन पाउँछ भने उसले आफ्नो हक-अधिकार पनि पाउनुपर्छ अनि मात्र देश स्वावलम्बी बन्छ ।

**सोनिका अधिकारी** (१५), **धापासी**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
२. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
३. बुद्धि ठूलो कि बल ? किन ?
४. देशभक्ति के हो ?
५ देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
६. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
७. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
८. प्रेममा धोका हुने कारण के हो ?
९. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
१०. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
११. दसैं र तिहारको परम्परालाई समय सुहाउँदो बनाउन के गर्नु पर्ला ?

# हेल्थ प्याकेजका रूपमा सहवास

दुई वर्षदेखि एकाएक मोटाएका रामेश्वरको तौल ६० किलोग्रामबाट ८० किलोग्राम पुगेको छ । कसरी घटाउने तौल ? परामर्शका लागि चिकित्सककहाँ पुगेका रामेश्वरलाई चिकित्सकले दैनिक यौनसम्पर्क गर्ने सल्लाह दिए । एकपटकको सहवासमा झन्डै आधा घन्टा तीव्र गतिले गरिने मर्निङवाकमा खर्च हुने क्यालोरी खपत हुन्छ । त्यो झन्डै १ सय ५० क्यालोरीभन्दा माथि हुन्छ । यौनसम्पर्कलाई खासै महत्त्व नदिने रामेश्वरले चिकित्सकको परामर्शपछि आफ्नो तौल घटेको महसुस गरेका छन् । अब यौनसम्पर्क आनन्दको पर्यायमात्र रहेन, यो उपचारको एउटा पद्धति नै भैसकेको अनुसन्धानले प्रस्ट पारिसकेको छ । यो थुप्रै रोगको उपचारको साधन बनिसकेको छ ।

जसलाई भित्रैदेखि प्रेम गरिन्छ ऊसँगको हल्का स्पर्शले नै दिनभरको थकान वा तनावबाट मुक्त भएको महसुस गर्न सकिन्छ । त्यसमाथि पनि आफ्नो यौनसाथीसँगको सन्तोषजनक सम्बन्धले त दिनभरको थकान, तनावग्रस्त शरीर तथा मनिस्थितिलाई नै उल्लासमय एवं रोमाञ्चक तुल्याइदिन्छ ।

आजको प्रतिस्पर्धी समयमा तनाव छ, रातमा निद्रा छैन, कतिपयका लागि त स्लिपिङ ट्याबलेट नै निद्राको साथी बनेको छ । सधैं कति स्लिपिङ ट्याबलेट प्रयोग गरिरहने ? अनुसन्धानले स्पष्ट पारिसकेको छ– अब त्यस्ता व्यक्तिले औषधी खाइरहनु पर्दैन । आफ्नो यौनसाथीसँगको सन्तोषजनक सम्बन्धले जो-कोहीलाई पनि मीठो निद्रा लगाउँछ ।

अनुसन्धानकर्ताहरूका अनुसार यौनसम्पर्कका कारण शरीरमा अक्सिटोसिन हार्मोन तथा एन्ड्रोफिन्स हार्मोन सञ्चार हुन्छ जसले सम्पूर्ण अंगमा पीडानाशक औषधीले झैं काम गर्छ, आराम महसुस हुन्छ, निद्रा लाग्छ तथा टाउको दुखेको छ भने पनि राहत महसुस हुन्छ । यदि शरीरमा कुनै सानोतिनो इन्फेक्सन छ भने पनि ती हार्मोनहरूले सजिलै लड्न सक्छन् ।

केही वर्ष पहिले अमेरिकाको क्विन्स विश्वविद्यालयमा एउटा अध्ययन गरिएको थियो, जसमा हृदयको स्वास्थ्यमा सहवासले के प्रभाव पर्छ ? भन्ने प्रश्नको उत्तर खोजिएको थियो । अध्ययनले सातामा तीन वा त्योभन्दा बढी सहवास गर्ने व्यक्तिलाई हार्टअट्याक वा स्ट्रोकको खतरा घटेर आधा नै हुन्छ भन्ने निष्कर्ष निकाल्यो । यौनसम्पर्कका बेला वृद्धि हुने हृदय स्पन्दनको दर तथा गहिरो श्वासप्रश्वासले रक्तसञ्चारलाई अझ प्रभावकारी बनाउँछ ।

चिकित्साशास्त्रले यौनलाई कसरत नै भनिसकेको छ । जहाँ आधा घन्टाको योगमा मात्र एक सय चौध क्यालोरी खर्च हुन्छ, नृत्यमा एक सय उनन्तीस, तीन किलोमिटर वाकिङमा एक सय त्रिपन्न तथा सन्तोषप्रद यौनसम्पर्कको एक सत्रमा एक सय पचासभन्दा बढी क्यालोरी खर्च हुन्छ । सेक्सका क्रममा पल्स रेट सत्तरी प्रतिमिनेटबाट बढेर एक सय पचास हुन्छ, जुन एक धावक मैदानमा अधिकतम दौड्दा हुन्छ ।

एक ब्रिटिस अनुसन्धानकर्ताका अनुसार सहवासका दौरानमा शरीरका सबै मांसपेशीको कसरत हुन्छ जुन अन्य कुनै पनि किसिमका व्यायामले पनि पूरा गर्न सक्दैन । सहवासकै कारण टोस्टोस्टिरोन हार्मोन उत्पादनमा वृद्धि हुन्छ । जसले हाड तथा मांसपेशी मजबुत हुन्छ । त्यसैले मेन्स हेल्थ पत्रिकाले बिछ्यौनालाई व्यायामको सबैभन्दा महान् उपकरण बताएको छ । विशेषज्ञहरू भन्छन्– यौन इच्छा व्यक्तिगत चयनको विषय हो । केही व्यक्ति दिनमा एकपटक यौनसम्पर्क गरेर खुसी रहन्छन् त कोही महिनामा एकपटक गरेर यो कुरा व्यक्तिको व्यस्तता तथा स्वस्थ शरीरमा पनि निर्भर हुन्छ ।

केही विशेषज्ञहरूको सल्लाह छ– जोडीले आपसी सहमतिमा जति पटक चाह्यो त्यति नै पटक सहवास गर्न सक्छन् । यसले सम्बन्धलाई अझ प्रगाढ बनाउँछ । भित्री इच्छाले लिएको आनन्दले सबैलाई सदैव ताजा एवं रोमाञ्चक राख्छ ।

**– महेशकुमार सिलवाल**

## यौन जिज्ञासा र समाधान

डा. राजेन्द्र भद्रा



**प्रश्न : म १८ वर्षीया युवती हुँ । पाँच महिनाअघि एक युवकसँग मेरो प्रेमविवाह भयो । केही समय म ऊसँग सन्तुष्ट नै थिएँ तर पछि आएर उसमा एउटा समस्या देखियो । त्यो के हो भने जब ऊ उत्तेजित भएर सम्बन्ध राख्न खोज्छ तब शारीरिक सम्पर्क नभै उसको वीर्य स्खलन भैसक्छ । म उसको यो समस्याबाट ज्यादै चिन्तित छु । उसले के गरे मलाई चाहिएजति सन्तुष्टि दिन सक्ला ? यस्तो हुनुको कारण के होला ?**

**– मि.**

**उत्तर : शीघ्र स्खलन के हो ?**

मानव यौन प्रतिक्रियाचक्रको कुरा गर्दा हामीहरू मुख्यतया चार चरणमध्ये 'चरमसुख'को चरणमा पुगेको हाराहारीमै वीर्य स्खलन पनि हुन्छ । यौन सुख शारीरिक तथा मानसिक दुवै प्रक्रियाको जटिल सम्मिश्रणबाट प्राप्त हुन्छ भन्ने कुरा त थाहा भैसक्यो होला । यौन उत्तेजनामा आउने र विभिन्न चरणमा अघि बढ्दै जाने कुरा बाह्य तथा आन्तरिक कतिपय कुरामा भर पर्छन् । यी कुरा शारीरिक सम्पर्कपछि मात्र सुरु हुने होइन । प्रायः सबैजसो व्यक्तिले आफ्नो जीवनको कुनै बेला वीर्य स्खलन चाँडो भएको अनुभव गरेका हुन्छन् । किन्सेले गरेको अध्ययनमा योनिमा लिङ्ग प्रवेश गराएको २ मिनेटभित्रै ७५ प्रतिशत पुरुषको चरमसुख पाएको कुरा देखिएको थियो । शीघ्र स्खलनलाई कसरी परिभाषित गर्ने भन्ने बहस पनि वैज्ञानिकहरूमा नभएको होइन । ३० सेकेन्डमै वा एक मिनेटभन्दा कम समयमा वा ५ देखि १० धक्कामा नै वीर्यस्खलन भए छिटो स्खलन भएको भनेर परिभाषित गर्ने प्रयास पनि भए तर अहिले आफू तथा आफ्नो यौनजोडीले चाहेको समयभन्दा निरन्तर रूपमा चाँडो वीर्यस्खलन भए त्यसलाई छिटो वीर्यस्खलन भएको स्थिति अर्थात् शीघ्रस्खलन मान्न थालिएको छ ।

**वीर्यस्खलन किन ?**

प्रायः सबैजसो पुरुषले आफ्नो जीवनको कुनै न कुनै बेला वीर्य स्खलन चाँडो भएको अनुभव गरेका हुन्छन् । घर्षण नै गर्न नपाई वीर्यस्खलन हुने समस्या पुरुषहरूमा देखिने यौनसम्बन्धी समस्याहरूमध्ये सबैभन्दा बढी पाइने समस्या हो । सजिलो भाषामा भन्नुपर्दा वीर्य स्खलन चाँडो हुनु नै शीघ्र वीर्य स्खलन हो । कतिपयले सामान्य समयसीमामा नै वीर्य स्खलन हुने भए पनि चाँडो भएको मान्छन् भने कसैले धेरै समय लागे पनि सामान्य । महिलालाई एकदमै धेरै समय लाग्ने अवस्थामा पनि पुरुषको वीर्यस्खलन चाँडो भएजस्तो लाग्छ । तपाईंको पत्रमा उल्लेख भएअनुसार वीर्यस्खलन हुन्छ भने त्यसलाई शीघ्र स्खलनको समस्या नै मान्नुपर्छ ।

यसको पक्का कारण यही नै हो भनेर भन्न सकिने अवस्था नभए पनि अहिले शीघ्र स्खलनको मूल कारण मानसिक नै भएको पाइन्छ । कतिपय मानिसमा यौनसम्पर्क वा क्रियाकलापमा 'राम्रो' गर्न नसक्नु गम्भीर चिन्ताको कारण हुनसक्छ । आफ्नो यौन जोडीलाई सन्तुष्ट पार्न सक्दिनँ कि भन्ने चिन्ताले समस्या बढाउँछ । विरलै भए पनि केही psychotropic drug कतै यस्तो समस्याको कारण त होइन भनेर केलाउन पनि बिर्सनु हुँदैन । आक्कल-झुक्कल यस्तो शीघ्र स्लखन हुनु अस्वाभाविक होइन । त्यसैले यस्तो स्थितिमा खासै चिन्ता गर्नु आवश्यक छैन । अनावश्यक रूपमा चिन्ता गरे समस्या बढ्न सक्छ । शीघ्र स्खलनको समस्या नियमित रूपमा हुन थाल्यो भने पक्कै नै तपाईंले समाधानको उपाय खोज्नुपर्ने हुन्छ । यो समस्यालाई कम गर्न आफैंले गर्न सकिने केही उपाय छन् त्यसका बारेमा छोटकरीमा चर्चा गरौं ।

**यौनसम्पर्क रोक्ने-सुरु गर्ने** : यौनसम्पर्क गरिरहँदा स्खलन होलाजस्तो भएपछि तुरुन्तै लिंङ्ग योनिबाट बाहिर झिकेर केही वेर यौन क्रीडालाई नै रोक्ने र यौन उत्तेजना केही कम भएपछि पुनः सुरु गर्ने ।

**आसन परिवर्तन गर्ने** : लोग्ने मानिस माथितिर र महिला तलको सट्टा महिला माथितिर बसेर सक्रिय भै सम्पर्क गरेमा पनि शीघ्रस्खलनलाई कम गर्न मद्दत पुग्छ ।

**लिङ्ग अँठ्याउने** : यौनसम्पर्क गरिरहँदा स्खलन होलाजस्तो भएपछि तुरुन्तै लिंग बाहिर झिकेर लिङ्गको फेदलाई बेस्सरी अठ्याउने र वीर्य स्खलन हुन नदिने । उत्तेजना केही कम भएपछि पुनः यौनक्रीडा सुरु गर्ने ।

**कन्डम प्रयोग गर्ने** : कन्डमको प्रयोगबाट पनि कतिपयलाई शीघ्र स्खलनको समस्या कम गर्न मद्दत पुगेको छ । यस्तो बेलामा चिप्लो पदार्थ कम भएको तथा बाक्लो किसिमको कन्डमले बढी फाइदा पुऱ्याउँछ ।

**मांसपेशीको प्रयोग** : पिसाब आउँदा रोक्न प्रयोग हुने मांसपेशीको कसरत गरेर वीर्य स्खलनलाई रोक्ने अभ्यास गर्न सके फाइदा पुग्छ ।

**वीर्य स्खलन नियन्त्रणको अभ्यास** : दीर्घकालीन उपचारका लागि हस्तमैथुन गर्ने र वीर्य स्खलन होलाजस्तो भएपछि रोक्ने र उत्तेजना केही कम भएपछि पुनः हस्तमैथुन सुरु गर्ने र वीर्य स्खलन होलाजस्तो भए रोक्ने र यो प्रक्रिया दोहोऱ्याउने । वीर्य स्खलनलाई राम्रोसँग नियन्त्रण गर्न सक्छु जस्तो लागेपछि आफ्नो यौनसम्पर्करहित यौन क्रियाकलापमा संलग्न हुने तर यौन सम्पर्क भने नगर्ने । वीर्यस्खलन होलाजस्तो भए पनि क्रियाकलाप रोक्ने र उत्तेजना केही कम भएपछि पुनः सुरु गर्ने । आफ्नो यौन साथीसँग पहिले कुनै चिप्लो पदार्थ प्रयोग नगरी र पछि चिप्लो पदार्थ प्रयोग गरेर यस्तो क्रियाकलापमा संलग्न हुने ।

अब वीर्यस्खलनमा पर्याप्त नियन्त्रण भयो जस्तो लागेपछि लिङ्गलाई बिस्तारै भगक्षेत्र (योनिक्षेत्र) मा स्पर्श वा हल्का घर्षण गर्ने तर यौनसम्पर्क भने नगर्ने । यसो गर्दा वीर्य स्खलन होलाजस्तो भए यी क्रियाकलाप गर्न रोक्ने र उत्तेजना केही कम भएपछि पुनः सुरु गर्ने । वीर्य स्खलनलाई पर्याप्त नियन्त्रण गर्न सक्छु जस्तो लागेपछि माथि भनिएजस्तै पहिले यौनसाथी बढी सक्रिय हुने अनि वीर्यस्खलन नियन्त्रण गर्न सकिने स्थिति वा क्षमतालाई हेर्दै विविध उपाय अवलम्बन गर्दै सम्पर्कलाई अघि बढाउने । समय र धैर्यता निकै खर्च हुने भए पनि वीर्य स्खलन नियन्त्रणमा यो अभ्यास निकै लाभदायक हुनसक्छ ।

## खोज खबर

### मानिसको उत्पति स्थल



रोमानियाँमा हालै प्राप्त मानिसको एउटा खप्परले युरोपमा आधुनिक मानिसको उद्गमस्थल नेदरल्यान्ड भएको कुरालाई प्रमाणित गरेको छ। २४ हजार वर्ष पुरानो उक्त मानवखप्पर वर्तमान नेदरल्यान्डवासी (डच) हरूसँग मिल्दोजुल्दो भएकाले युरोपमा आधुनिक मानिसको उत्पत्ति स्थल नेदरल्याडलाई नै मान्नुपर्ने अनुसन्धानकर्ताहरू बताउँछन्।


### अस्ट्रेलियनका पुर्खा

अस्ट्रेलियाका आदिवासीहरूमा हालै गरिएको डीएनए परीक्षणमा उनीहरूको आदिम पुस्ता अफ्रिकी महादेशका बासिन्दा भएको पत्ता लागेको छ। अनुसन्धानकर्ताहरूले गरेको परीक्षणबाट अहिले अस्ट्रेलियामा रहेका आदिवासीहरू ५० हजार वर्षपहिले अफ्रिकाबाट अस्ट्रेलियामा आएका हुन् भन्ने तथ्य फेला परेको छ। अस्ट्रेलियाका आदिवासीहरूको पुराना अस्थिपञ्जर तथा उनीहरूले प्रयोग गरेका हतियारहरू तथा अफ्रिकाबाट बसाइँसराईका क्रममा सामूहिक तटवर्ती इलाकामा पाइएका अस्थिरपञ्जर एवं हतियारहरू समान किसिमका भएको अनुसन्धानकर्ताहरूले पत्ता लगाएका थिए।



### विशाल मुसाको अवशेष फेला पर्‍यो


अनुसन्धानकर्ताहरूले दक्षिण अमेरिकाको एक ओसिलो जंगलमा



लाखौं वर्ष पुरानो १ हजार ५ सय ४५ पाउन्ड वजनको भीमकाय मुसाको अवशेष फेला पारेको दाबी गरेका छन्। राजधानी क्याराकासदेखि करिब २ सय ५० माइल पश्चिममा पर्ने भेनेजुएलाको अर्धमरुभूमि क्षेत्रमा भेटिएको उक्त अवशेषलाई गोया नाम दिइएको छ। रौंले भरिएको गोयाको चिप्लो टाउको स-साना आँखा, कान तथा सिकार खोज्ने क्रममा अगाडिका दुईवटा खुट्टालाई नियन्त्रण गर्ने एउटा लामो पुच्छर भएको परिकल्पना गरिएको छ। गोयाले अहिले पनि मांसाहारी बिरालो र फोर्राकइनस नामक पन्छीको खतरा महसुस गरिरहेको बताइएको छ।

## जानकारी

### रक्त क्यान्सरको कारण



बालबालिकाहरूमा रगतमा श्वेत कोष बढी हुने रोग (ल्युकोमिया) को उपचार गरेकाहरूमा जीवनको पछिल्लो चरणमा धेरै प्रकारका क्यान्सर लाग्ने खतरा भएको कुरा हालै अमेरिकामा सार्वजनिक गरिएको एक अध्ययनमा उल्लेख छ। केटाकेटीका लागि सामान्य रोगका रूपमा देखिने ल्युकोमियाको उपचारको ३० वर्षपछि क्यान्सर लाग्ने गरेको निष्कर्ष अध्ययनको छ। सन् १९६२ देखि १९९८ सम्ममा ल्युकोमिया रोग लागेका २ हजार १ सय ६९ जनामध्ये १ सय २३ जना अर्थात ९ दशमलव ५ प्रशिशतमा क्यान्सर लागेको यथार्थता पत्ता लागेपछि वैज्ञानिकहरू उक्त निष्कर्षमा पुगेका हुन्।

## जन्मदिनको शुभकामना



विशेष राजभण्डारी २०६० साउन ३२ | साम्बी शर्मा २०६१ साउन ३२ | लेबिस्का थापा २०६२ भदौ १ | रेसिका बुढाथोकी २०५६ भदौ १

अनिसा दाहाल २०५८ भदौ २ | उजन सैंजू २०६२ भदौ ३ | एकृश आचार्य २०६० साउन ३२ | सिद्धार्थ पौडेल २०६२ भदौ ४

**फा र म** जन्मदिनको शुभकामना

नाम :....................................................

जन्म मिति :..............................................

स्कुल :..................................................

ठेगाना : ..............................................

तस्बिर अनिवार्य


तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## अब स्वस्थ पानी खान नपाइने



जीवनका लागि आवश्यक पर्ने सफा र स्वस्थ पानी अब केही वर्षपछि पृथ्वीमा बस्ने मानिसहरूका लागि बहुमूल्य बन्ने भएको छ। फ्रान्सका वैज्ञानिकहरूले यो चेतावनी दिएका हुन्। विश्वमा बढ्दै गएको तापमान, जनसंख्या वृद्धि र पृथ्वीको प्राकृतिक सम्पदाको भयानक क्षतिका कारण त्यो अवस्था आउने वैज्ञानिकहरूको निष्कर्ष छ। त्यसो त संयुक्त राष्ट्रसंघले सन् २०२५ पछि उत्तरी अफ्रिका, मध्यपूर्व र पश्चिम एसियामा बसोबास गर्ने दुईतिहाई मानिस स्वच्छ पिउने पानीको अभावबाट प्रताडित हुने कुरा औंल्याइसकेको छ। विश्वको तापमान वृद्धिका कारण हाल हिमशृंखलाहरूमा हिउँ नजाम्ने हुँदा हिमालयबाट बग्ने खोलानाला एवं त्यसबाट बग्ने पोखरी र तालहरू सुक्ने तथा कतिपय क्षेत्रमा अधिक वर्षा हुने त कतिपय ठाउँमा आँधीबेहरी चल्ने र बाढी आउने भएकाले स्वच्छ पानीको अभाव हुने ठहर वैज्ञानिकहरूको छ।

## साप्ताहिक रंग भर प्रतियोगिता – ४



**प्रतियोगीको नाम :**

**कक्षा :**


**विद्यालयको नाम :**

माथि दिइएको चित्र हाब्रेको हो। अंग्रेजीमा यसलाई रेड पाण्डा भनिन्छ। नेपालमा मुख्यगरी कञ्चनजंगा संरक्षण क्षेत्र, लामटाङ राष्ट्रिय निकुञ्ज र त्यसको वरिपरि पाइने रेड पाण्डाको मुख्य वासस्थान नेपाल, सिक्किम, भुटान तथा दक्षिणी तिब्बत हो। नेपालमा रेड पाण्डालाई संरक्षित जनावरका रुपमा मान्यता दिइएको छ। रेड पाण्डाको शरीरमा रातो, कालो तथा सेतो रंगको बाहुल्यता हुन्छ।

**नियमहरू :**


१. यो प्रतियोगितामा कक्षा ५ देखि १० सम्मका भाइ-बहिनीहरूले भाग लिन सक्नेछन्।
२. पुरस्कृत चित्र साप्ताहिकमा प्रतियोगीको तस्बिरसहित प्रकाशित हुनेछ।
३. प्रतियोगीले आफ्नो नाम, विद्यालयको नाम, कक्षा, उमेरसहित रंगीन तस्बिर पनि पठाउनुपर्नेछ।
४. पुरस्कृत चित्रलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ।

## दुई हजार सात सय वर्ष पुरानो कात्रो




ग्रीसका भूगर्भविद्हरूले तामाको भाँडामा राखिएको मानिसको शवमा ओढाइएको २ हजार ७ सय वर्षपहिलेको रेसमी कपडा फेला पारेका छन्। सजिलैसँग नष्ट हुने पहेंलो रंगको रेसमी कपडा यति लामो समयसम्म कसरी सुरक्षित रहन सक्यो भन्ने कुरा अहिले जिज्ञासाको विषय बनेको छ। तामाको भाँडाबाट उत्पन्न हुने कम्परअक्साइड नामक रसाइनले रेसमी कपडालाई सहजै नष्ट पार्ने भए पनि उक्त रेसमी कपडा भने जस्ताको तस्तै रहनुको कारण पत्ता लगाउन वैज्ञानिक अनुसन्धान गरिने भएको छ।

**तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?**



लुकेका समानहरू : काइँयो, कैची, सिसाकलम, कापी, चक्कु।

## बिरुवाले पनि आत्महत्या गर्छ



मानिसले मात्र आत्महत्या गर्थे, तर बोटबिरुवाले पनि आत्महत्या गर्छन् भन्ने कुरा अमेरिकी वैज्ञानिकले पत्ता लगाएका छन्। सिकागो विश्वविद्यालयका वैज्ञानिक वाल्ट गेरिसरले बिरुवामाथिको लामो अनुसन्धानपछि उक्त निष्कर्ष निकालेका हुन्। गेरिसर भन्छन्– टेफी बर्सिकोलर यस्तो बिरुवा हो जुन उम्रिएको १ वर्षभित्रै ५ मिटरसम्म हुर्की बढेर, फुलेर अन्त्यमा ढलेर मर्छ। यिनीहरूलाई सूर्यको प्रकाश बढी मात्रामा चाहिने भएकाले खुला ठाउँ चाहिन्छ, तर सँगै अन्य बिरुवा पनि उम्रने भएकाले पर्याप्त खुला ठाउँको अभावमा जरैदेखि सुकेर प्रत्येक वर्ष आत्महत्या गर्न बाध्य हुन्छन् अनि खाली ठाउँमा नयाँ बिरुवा उम्री पर्याप्त प्रकाशका साथ हुर्कन्छ।

मरुभूमिमा पाइने भिक्टोरिया वनस्पति पनि दुई वर्षभित्रमा १० मिटरसम्म हुर्की बढेर सुकेर मर्छ। वैज्ञानिक गेरिसरका अनुसार उक्त बिरुवाले अन्य वनस्पतिसँग पानीका लागि युद्ध नै गर्छ। मरुभूमिमा पानीको अभाव हुनाले पनि यसले अन्य बिरुवासँग प्रतिस्पर्धा गरी बढी पानी संकलन गर्छ तर उक्त बिरुवाका जरा छोटा र बढी फैलिन नसक्ने हुनाले अन्य बिरुवाले आक्रमण गरेर मलखाद र पानीसमेत खोसेर लिन्छन्। परिणामस्वरुप भिक्टोरियालाई पानीको अभाव हुन थाल्छ र अन्त्यमा उसको मृत्यु हुन्छ।

# किशोरवस्थामा कनफ्युजनको कारण



किशोरावस्था अर्थात् जीवनको त्यो महत्त्वपूर्ण मोड जहाँ व्यक्ति बाल्यावस्थालाई पार गरेर अगाडि बढ्छ जुन अवस्थामा न ऊ बालक रहन्छ न त वयस्क नै भैसकेको हुन्छ र त्यहीं उत्पन्न हुन्छन् अधिकतर दुविधाका स्थिति एवं समस्याहरू।

**हार्मोनको प्रभाव**

बाल्यावस्था पार गर्नेबित्तिकै बालबालिकामा कैयन किसिमका शारीरिक परिवर्तन देखा पर्छन्। त्यस्ता परिवर्तनसँगै हार्मोनमा परिवर्तन आउँछ जसले गर्दा व्यक्तिको शरीरसँगै मानसिक परिस्थिति पनि प्रभावित हुन पुग्छ। यस्तो अवस्थामा अधिकांश किशोरकिशोरी भावुक एवं संवेदनशील हुन्छन्। कुनै पनि निर्णय मस्तिष्कबाट नभई मनबाट लिइन्छ र त्यही कारणले गर्दा किशोरावस्थामा लिइएका अधिकतर निर्णय गलत हुन्छन्।

**आफ्नो पहिचानका सम्बन्धमा दुविधा**

प्रायः किशोरवस्थामा एक किसिमको दुविधा रहन्छ। जब किशोरकिशोरीहरू आफ्ना अग्रजका साथमा बस्छन् तब तिनलाई अग्रजका साथमा बस्ने अवस्था नभएको भनेर बुझाइन्छ भने जब तिनीहरू आफूभन्दा कम उमेरकासित खेल्छन् तब पनि उनीहरूलाई अब बालकजस्तै खेल्ने उमेर रहेन भनेर गाली गरिन्छ। यस किसिमबाट किशोरवस्थाका केटाकेटीमा आफ्नो पहिचानको विषयलाई लिएर दुविधा उत्पन्न हुन्छ।

**उपेक्षित महसुस गर्नु**

यस अवस्थाका केटाकेटीले आफ्ना इच्छा अनुसार कुनै काम गर्न लागे अभिभावकबाट रोकटोक हुन्छ जसले गर्दा आफूलाई बुझ्ने परिवारमा कोही नभएको भावना उत्पन्न हुन्छ। स-साना कुरामा पनि आमाबाबुको हस्तक्षेपले तिनीहरूको परिवारसितको सम्बन्धमा नजानिदो ढंगले टाढापन सिर्जना गर्छ। सही सल्लाह पनि तिनलाई गलत प्रतीत हुन्छ र यसका कारण उनीहरू घर बाहिरका व्यक्तिप्रति झुकाव राख्न थाल्छन् जसले गर्दा बाटो बिराउने सम्भावना बढ्छ।

**विपरीत लिंगीप्रतिको आकर्षण**

विपरीत लिंगीप्रतिको आकर्षण स्वाभाविक तथा प्राकृतिक भए पनि किशोरावस्थामा हार्मोन परिवर्तनको प्रभावले बढी नै सताउँछ। त्यो आकर्षण यति हदसम्म पनि बढ्न सक्ने सम्भावना रहन्छ जहाँ सही एवं गलतबीचको दूरी समाप्त हुने परिस्थिति सिर्जना हुन्छ।

**समान उमेरका बीच आफ्नो प्रभाव जमाउने प्रवृत्ति**

किशोरवस्थामा समान उमेरबीच आफ्नो प्रभाव जमाउने प्रवृत्ति पाइन्छ। जसका लागि व्यक्ति कुनै पनि कदम उठाउन पछि पर्दैन। उदाहरणका लागि यदि समान उमेर समूहमा कोही सिगरेट पिउँछ भने कैयनले आफूलाई उक्त व्यक्तिभन्दा कम प्रभावशाली महसुस गर्दै आफू पनि सिगरेट पिउन थाल्छन्। यो परिस्थितिमा आफ्नो प्रभाव देखाउने लहर बढी हावी हुने भएकाले कुन कुराले हानि वा फाइदा पुऱ्याउँछ भन्ने धारणा कमैमा देखा पर्छ।

**पारिवारिक दबाब**

अधिकतर आमाबाबुले आफ्ना छोराछोरीबाट थुप्रै कुराको अपेक्षा गरेका हुन्छन्। जुन कुरा आफूले सकिएन त्यो आफ्ना सन्तानबाट पूरा हुने चाहना अधिकांश मातापितामा पाइन्छ। आफ्ना छोराछोरीको चाहना एवं इच्छा नबुझी आफ्नो इच्छा उनीहरूमा थोपर्ने प्रयास मातापिताहरूबाटै हुन्छ। यस्तो परिस्थितिमा किशोरकिशोरीहरू आफ्ना चाहना मनमै दबाउन बाध्य हुन्छन्। एकातिर आफ्नो सपना अर्कातिर आमाबाबुको इच्छा, आकांक्षा एवं अपेक्षा। यी दुई कुराबीच किशोर-किशोरीहरू दुविधामा फस्न पुग्छन्।

**क्यारियरका सम्बन्धमा दुविधा**

प्रत्येक युवामा आफ्नो भविष्यलाई लिएर केही सपना रहन्छ, केही इच्छा, आकांक्षा हुन्छन्। परन्तु कहिले समाजिक त कहिले पारिवारिक परिस्थितिका कारण तिनका आकांक्षाले पूर्णता प्राप्त गर्दैनन्। जब तिनका सपनाले वास्तविकताको सामना गर्छन् तब तिनीहरू असमञ्जस परिस्थितिमा पुग्छन्।

**बढ्दो प्रतिस्पर्धा एवं महत्वाकांक्षा**

बदलिंदो युगसँगै आज सबै कुरा परिवर्तन हुँदै गएको छ। प्रतिस्पर्धी जीवनशैली, बढ्दो प्रतिस्पर्धा र हाइटेक जीवनशैलीको चाहनाले टिनएजरहरूलाई प्रबल महत्त्वाकांक्षी बनाएको छ। समाजमा हुने परिवर्तनले पहिलो प्रभाव नयाँ पुस्तालाई नै पार्छ। सञ्चार क्षेत्रमा आएको क्रान्तिले आज जीवनशैली निकै प्रभावशाली पनि देखिन्छ। फेसन र स्टाइलको मामिलामा यो अझ बढी पाइन्छ। फेसनका नाममा आधुनिकता अँगाल्ने प्रवृत्ति जहाँ हावी देखिन्छ त्यहीं समाजिक मूल्य, मान्यता एवं सांस्कृतिक आधारमा समेत नकरात्मक प्रभाव बढ्दै गएको देखिन्छ।

किशोरावस्थामा उल्लेखित समस्याहरूलाई उमेरको प्रभाव भनेर आँखा चिम्लनु ठीक होइन। यसको परिणाम सोचेभन्दा नराम्रो अर्थात् नकारात्मक हुने सम्भावना रहन्छ। त्यसैले किशोरावस्थाको दुविधा समस्या बन्नु अगावै समाधान गर्नु आवश्यक छ।

**समाधानका उपाय**

- सबैभन्दा अहम कुरा उनीहरूलाई बुझ्न सक्नुपर्छ। उनीहरूको भावनाको सम्मान गर्नुपर्छ। यो उमेर अतिभावुक हुने भएकाले कुनै कुरा भन्नुपूर्व त्यसको परिणामका सम्बन्धमा विचार पुऱ्याउनु आवश्यक छ।
- किशोर-किशोरीहरूका कुरालाई ध्यान दिएर सुन्नु आवश्यक छ, जसले गर्दा अभिभावकलाई तिनका कुरा महत्त्वपूर्ण छन् भन्ने उनीहरूलाई महसुस होस्।
- उनीहरूका साथीभाइको वातावरण एवं संगत बुझ्नु आवश्यक छ जसले गर्दा उचित मार्गनिर्देशन दिन सकियोस्।
- उनीहरूको भविष्यको योजनालाई गम्भीरतापूर्वक लिनु आवश्यक छ। आफ्नो इच्छा, आकांक्षा उनीहरूमाथि थुपार्ने काम नगर्नु नै राम्रो हो।
- कुनै पनि कुरामा गाली गर्नुभन्दा राम्रो-नराम्रोबीचको अन्तर र परिणाम स्पष्ट बताउनुपर्छ।
- अनावश्यक नियन्त्रणमा राख्ने प्रयत्न गर्नुहुँदैन, साथै स्वतन्त्रताका नाममा अनुशासनहीनतातर्फ उन्मुख नहोस् भन्ने कुरामा ध्यान पुऱ्याउनु आवश्यक छ।
- आवश्यकता अनुसार मनोवैज्ञानिक ढंगले काउन्सिलिङ पनि गर्नुपर्छ। टिनएजर्सका समस्या गम्भीर भए पनि निराकरण जटिल छैन, मात्र तिनका समस्यालाई बुझ्नु आवश्यक छ। समझदारीपूर्वक प्रयास गरे समाधान अवश्य पनि सम्भव छ तर उचित मार्गनिर्देशन तथा समयसापेक्ष कदम उठाउन सक्नुपर्छ।

**–रोजिन शाक्य**

# महामारीका रूपमा हैजा

**डा. बालकृष्ण साह**

नेपाल र नेपालीहरूका लागि हैजा नयाँ रोग होइन। सन् १९६१ मा हैजाको जीवाणु 'भिब्रियो कोलेरा' पत्ता लागे पनि नेपालमा यो रोग बंगलादेश अनि भारत हुँदै सन् १९७० पछि मात्र भित्रिएको हो। पहिलो विश्वयुद्धको बेलामा यो रोगको प्रभाव नेपालमा थियो भनिए पनि त्यसको कुनै अधिकारिक तथ्यांक उपलब्ध छैन। मुख्यरूपले पानीको प्रदूषणबाट सर्ने यो रोगले पुनः महामारीको रूप लिएको छ। नेपाल बाहेक हाम्रा छिमेकी मुलुक भारत, पाकिस्तान र बंगलादेशमा पनि यो रोगको प्रभाव तीव्र छ।

**के हो हैजा ?**

हैजा एक किसिमको झाडा पखाला जस्तै हो। भिब्रियो कोलेरा नामक ब्याकटेरिया यो रोगको कारण हो। खासगरी गर्मी र जाडो मौसमको सुरुवातमा महामारीको रूप लिन सक्ने हैजाका जीवाणु सानो आन्द्रामा संक्रमण गर्छन्। यो रोगका जीवाणुले उत्पादन गर्ने विषाधी टक्सिनले सानो आन्द्राको भित्री तहमा असर गर्छ। संक्रमण भएको १ देखि ५ दिनभित्रै रोगका लक्षणहरू देखापर्छन्।

**कसरी थाहा पाउने ?**

हैजाले सानो आन्द्रामा संक्रमण गर्ने भएकाले यसले पाखाला लगाउनु स्वाभाविक हो। सुरुवातमा चौलानी जस्तो पात्तलो दिसा जान्छ। चौबीस घन्टामा चालीस पटक वा त्यसभन्दा बढी पटक दिसा लाग्न सक्छ। हैजा लागेका बेला सामान्यता पेट दुख्दैन। धेरै पटक पातलो दिसा गएका कारण बिरामी तुरुन्तै थला पर्छ। आँखा गाडिनु, मुख सुक्नु, शरीरको तापक्रम असमान्य हुनु, श्वासप्रश्वासको गति तीव्र हुनु, हातखुट्टा चिसो हुनु तथा रक्त सञ्चारमा कमी हुनु आदि हुन सक्छ।

बिरामीको पिसाब बन्द हुनु, धेरै तिर्खाएको महसुस गर्नु, हात-गोडा बाङ्गिनु खतराको संकेत हो। त्यस्तो अवस्थासम्म पनि उपचार सुरु नगर्ने हो भने वा शरीरबाट खेर गएको पानी र लवणको पूर्ती नगर्ने हो भने बिरामीको मृत्यु निश्चित हुन्छ। हैजा नै भएको निश्चित गर्न दिसा परीक्षण गर्नु पर्ने हुन्छ। त्यस बाहेक केही रगत परीक्षण पनि गर्न सकिन्छ।

**कसरी बच्ने ?**

केही महत्त्वपूर्ण बानीमा सुधार ल्याउन सके हैजा मात्र होइन झाडा पखाला जस्ता अन्य रोगहरूबाट पनि सजिलै बच्न सकिन्छ। खाना खानुअघि राम्रोसँग हात धुने, खाना पकाउनु तथा पस्कनुअघि हात धुने, चर्पी प्रयोग गर्ने, शौचालय गएर आइसकेपछि राम्रोसँग हात धुने, पानीका मुहान फोहर नगर्ने र खानेपानीको शुद्धतामा ध्यान पुऱ्याउने आदि सामान्य सजगताले हैजा जस्तो प्राणघातक रोगबाट बचाउन मद्दत गर्छ।

हैजा लागेको व्यक्तिको दिसामा रोगका जीवाणु हुन्छन् जुन विभिन्न माध्यमबाट हाम्रो खाना वा पानीको माध्यमबाट हाम्रो शरीरमा प्रवेश गरेपछि हामीमा रोग लाग्छ। त्यसैले हैजाको महामारीका बेला विशेष ध्यान पुऱ्याउनुपर्छ। हाल यो रोगबाट बच्ने भ्याक्सिन पनि आएको छ तर यसको प्रभाव कम भएका कारण राम्रो बजार पाउन सकेको छैन।

यो रोगका जीवाणु भिब्रियो कोलेरालाई ५६ डिग्री सेन्टिग्रेटमा तत्ताउँदा आधा घन्टामा तथा केही सेकेन्ड उमाल्दैमा मर्छ। त्यस्तै पानीलाई केही घन्टा घाममा राखेर तथा क्लोरिनयुक्त रसायन पियुष, वाटरगार्ड जस्ता रसायन प्रयोग गरेर पनि मार्न सकिन्छ।

**उपचार छैन ?**

हैजाको उपचार नभएको होइन। समयमै उपचार सुरु गरे बिरामीलाई सजिलै बचाउन सकिन्छ। यो रोगको मुख्य उपचार नै शरीरमा पानी र लवणको मात्रा कम हुन नदिनु हो। त्यसका लागि जीवनजल पिउन थालिहाल्नुपर्छ। जीवनजलबाट नपुगे नशाबाट पानी र लवण सलाइन दिनुपर्छ। त्यसबाहेक रोगको संक्रमण कम गर्न एन्टिबायोटिक्स चाहिन्छ। सयममा उपचार गरे पूर्णरूपले निको हुने तथा उपचार नगरे मृत्यु निश्चित हुने भएकाले यो रोगको उपचारमा ढिलाइ गर्नुहुँदैन।

# युवापुस्ता, प्रेम र पागलपन

**दीपेन्द्र काफ्ले**

प्रेम आफैंमा राम्रो र आकर्षक शब्द हो। प्रेमको सामान्य अर्थ माया, दया, प्राप्ति, त्याग र समर्पण भन्ने बुझिन्छ। प्रेम मानवजीवन होस् वा अन्य प्राणीको जीवन, सबैमा लागू हुने आनन्ददायी शब्द हो। मानवजीवनको इतिहास र प्राणीजीवनलाई हेर्दा, प्रेमविना कोही र केही पनि बाँच्न सकेको छैन। जनावरहरू आफ्ना शिशुलाई जन्मदेखिनै कसरी माया गर्छन् ? उनीहरू पनि जन्मनेबित्तिकै आफ्नी आमाप्रति प्रेम राख्छन्। त्यसो त प्रेम निर्जीव वस्तुमा पनि हुन्छ। ढुङ्गा र माटोलाई हेर्नुहोस्, एकको अभावमा अर्काको कल्पना गर्नै सकिँदैन।

बालकले जन्मनेबित्तिकै आफ्नी आमासँग प्रेममय व्यवहार गर्छ। उसले वाक्य फुटाउन नसके पनि आफ्नो रुवाइबाट त्यसलाई प्रस्फुटन गरेको हुन्छ। यसरी प्रेम जन्मदेखि नै सुरु हुन्छ। त्यसपछि उसले घरका अन्य परिवारसँग प्रेम गर्छ, साथीहरूसँग प्रेम गर्छ, विद्यालयमा शिक्षक/शिक्षिकाहरूसँग। त्यस्तै अन्य साथी आफ्नो देश र जीवनसाथीसँग गरिने प्रेमलाई स्वाभाविक रुपमा लिईन्छ।

बाल्यजीवन मनोरञ्जनले भरिपूर्ण हुन्छ। जब कोही किशोरावस्थामा प्रवेश गर्छ, उसले प्रेमलाई अलि फरक ढङ्गले परिभाषित गर्छ। ऊ त्यसबेला प्रेममा पागल हुन सक्छ। एक युवकले युवती र युवतीले युवकप्रति आकर्षण र माया बाँढ्न प्रेमलाई प्रयोग गर्छन्। उनीहरू यति संकुचित धारणामा फस्छन् कि प्रेम भनेको उनीहरू एक-अर्कालाई गरेको माया मात्रै हो भन्ने मान्छन्। सामान्य जीवनमा जो-कोहीले बोलचालमा पनि यही सिद्धान्त प्रयोग गर्छन। 'त्यो केटा त त्यो केटीसँग प्रेम गर्छ रे ?' यसरी प्रेमलाई साँघुरो घेरामा राखिन्छ। दिदीभाइ, दाजुबहिनीहरू प्रेम गर्छन् भन्यो भने त्यो स्वीकार्य हुँदैन र नकारात्मक सोच राखिन्छ। प्रेम युवायुवतीबीच हुने माया हो भन्ने सोचाइले किशोरावस्था र यौवनावस्थाका युवा-युवतीको धारणालाई प्रभाव पारेको हुन्छ।

उक्त अवस्थामा एक किशोर-किशोरी प्रेमबाट यति प्रभावित हुन्छ कि ऊ पागल नै हुन सक्छ। उसले अरू केही नभै प्रेम नै मेरो जीवन हो भन्ने सोच्छ। यस्तो प्रेममा परेको व्यक्तिमा एक प्रकारको नसा हुन्छ जसको अभावमा उसले जे-जस्ता घटनाहरू पनि घटाउन सक्छ। त्यो समाजमा हानिकारकदेखि लिएर आत्महत्या र परहत्या पनि हुन सक्छ।

प्रेमले बेहोसी र परम तापमा पुगेर मानव मगजलाई प्रभावित तुल्याउन सक्छ अनि त्यही बेहोसीका कारण सम्बन्ध एक्कासि टुक्रन सक्छ, यसको प्रभाव भने जटिल हुन्छ। प्रेमलाई यौनसँग पनि जोडिन्छ। व्यक्तिले प्रेमको अन्तिम विन्दु सहवासलाई लिन सक्छ। प्रेमलाई यौनसँग जोड्नेहरूको पनि कमी छैन। प्रेमको अन्धो भएर रमाइलोका लागि वा अति विश्वास गरेर प्यास मेटाउन शारीरिक सम्पर्क गरी त्यसको नकारात्मक परिणामले जीवन झन् अन्धकारमय भएका उदाहरण धेरै छन्।

मानवजीवन मिलन, विछोड, प्राप्ति र त्यागमै अडेको हुन्छ। यो जगत्कै युद्ध हो, संघर्ष हो। मिलनपछिको विछोड र प्राप्तिसँगैको त्याग यो द्वन्द्वका मुख्य पात्र हुन। निरन्तर रूपमा चलिरहेको यो द्वन्द्वको निकास छैन। यसलाई प्रेमको भावुकताले अझ द्वन्द्वमय बनाएको छ।

मानिस प्रेममा परेपछि भावुक बन्न थाल्छ, उसलाई प्रकृतिले मोह लगाउँछ, एकान्तले आफ्ने जालमा पार्न कुरिरहेको हुन्छ। उसका चिन्तनका नसाहरूबाट प्रेमरूपी रगत बहन थाल्छन् र दार्शनिक, कवि वा साहित्यकारको प्रभाव उसमा पर्छ।

प्रेममा डुब्नेहरू एउटा छुट्टै संसारको कल्पना गर्छन्, हाम्रा लागि अर्कै ठाउँ भए हुन्थ्यो भन्छन्। उनीहरू सामान्य जीवनबाट अर्कै जीवन भोगाइको सोच राख्छन्। सुन्दर, श्रेयष्कर र एकान्त ठाउँको खोजी उनीहरूको लक्ष्य हुन्छ। प्रेम एउटा सीमाभित्र बाँधिएको आभास उनीहरूलाई हुन्छ।

सच्चा प्रेम त्यहाँ हुन्छ जहाँ त्याग, समर्पण र निष्ठा हुन्छ। प्रेममा सरलता, इमान्दारिता एवं निरन्तरता हुनुपर्छ। भूत, वर्तमान आफ्ना भविष्य सोच्नुपर्छ र आफ्नो प्रेमीप्रति विश्वास गर्नुपर्छ। आफूले प्राप्ति गर्न नसके पनि कुभलो र अनैतिक नगर्नु उसको धर्म हुन्छ। पागलपनमा डुबेर चिन्ता गर्नु, प्रेमीको आकर्षणमा रमाउनु वा अप्रिय घटनाहरू सोच्नु उचित हुँदैन। प्रेमको दुरुपयोग युवापुस्ताबाट बढी भएको देखिन्छ, यही कारणले आफ्नै जीवन बर्बाद हुनसक्छ। सुन्दर पति/पत्नी, सुन्दर शिशु आदिको कल्पनामा डुबेर आधारातमा आफ्नै श्रीमतीको वा श्रीमान्को घाँटी थिच्ने, प्राप्ति हुन सकेन भनेर परहत्या गरी आत्महत्या गर्ने, अङ्गभङ्ग गर्ने आदि क्रियाकलाप प्रेमका नकारात्मक परिणाम हुन्। जन्मको अन्त्य मृत्यु हो, यसको चिन्तामा आत्मग्लानि गरेर चेतन-अचेतन तृष्णामा विलीन हुनु राम्रो होइन र महत्त्वकांक्षी भएर स्वार्थ पूर्ति गर्नु पनि उपयुक्त हुँदैन, यसले क्षणिक आनन्द एवं सन्तुष्टि प्राप्त होला तर भावी जीवन कष्टकर र दुःखमय बन्छ। सीमा र बन्धनभित्र बसेरै प्रेम गर्नु ठीक हुन्छ।

प्रेमलाई क्षणिक यौनतृष्णाका रूपमा लिइएन भने त्यो नै प्रेमको



साधना हुन्छ। एक शिशु र आमाबीचको, साथी र गुरुबीचको, आफ्नो परिवारसँगको र एक प्रेमी जोडीको आत्मादेखिको माया नै प्रेमको पूर्णता हो। जन्मदेखि मृत्युपर्यन्त गरिने क्रियाकलापहरू प्रेममय छन्। प्रकृति प्रेम, आदर्श प्रेम आदि जगत्का अमर प्रेम हुन्। जो प्रेममा पागल हुँदैन ऊ नै सक्कली प्रेमी हुन्छ।



# नेपाली फुटबलको विश्वकप तयारी

काठमाडौं- नेपालले दुई दशकपछि विश्वकप फुटबल प्रतियोगिताको छनौट प्रतियोगिता आयोजना गर्ने भएको छ। अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) एवं एसियाली फुटबल महासंघ (एएफसी) का सेफ्टी तथा सेक्युरिटी इन्स्पेक्टर सलमान अलले गत शनिबार राजधानीका विभिन्न फुटबल मैदानको भौतिक पूर्वाधार निरीक्षण गरेर नेपालले छनौट प्रतियोगिता आयोजना गर्नसक्ने कुरा बताएका छन्।

हालै मलेसियाको राजधानी क्वालालम्पुरमा सन् २०१० मा दक्षिण अफ्रिकामा आयोजना हुने विश्वकप फुटबल प्रतियोगिताको छनौटका लागि भएको गोलाप्रथामा नेपालले आफ्नो प्रतिद्वन्द्वीमा ओमानलाई पाएको थियो। होम एन्ड अवेका आधारमा हुने पहिलो चरणको खेल आगामी असोज २१ गते तथा कात्तिक ११ गते हुनेछ, जसमा नेपालले उक्त प्रतियोगिताको एक खेल आफ्नै मैदानमा आयोजना गर्नेछ।

सन् २०१० को विश्वकप छनौटका लागि भएको एसियाको वरियताक्रममा नेपाल ३९ औं स्थानमा छ भने नेपालको प्रतिद्वन्द्वी ओमान १४ औं स्थानमा छ, फलस्वरूप नेपाल पहिलो चरणमै कठिन समूहमा परेको ठहर फुटबल विश्लेषकहरूले गरेका छन्। यो वरियताक्रममा एसियाका ४३ राष्ट्रको सहभागिता थियो, जसमा दक्षिण एसियाका भारत २८ औं, श्रीलंका ३० औं, बंगलादेश ३३ औं, पाकिस्तान ३५ औं, अफगानिस्तान ३६ औं तथा भुटान ४१ औं स्थानमा छन्।

वरियताक्रममा शीर्ष पाँच स्थानमा रहेका राष्ट्रमध्ये पहिलो स्थानमा अस्ट्रेलिया, दोस्रो स्थानमा दक्षिण कोरिया, तेस्रो स्थानमा साउदी अरेबिया, चौथो स्थानमा जापान तथा इरान पाँचौ स्थानमा छन् र यी राष्ट्रले सोझै तेस्रो चरणमा प्रवेश पाउनेछन्। बाँकी रहेका ३८ राष्ट्रले होम एन्ड अवेका आधारमा प्रतिस्पर्धा गर्नुपर्नेछ। यो चरणबाट छनौट भएका १९ राष्ट्रलाई शीर्ष ११ स्थानको वरियताक्रम गरी तेस्रो चरणमा प्रवेश गराइनेछ भने बाँकी रहेका ८ राष्ट्रलाई चार समूहमा विभाजन गरेर होम एन्ड अवेका आधारमा पुन: खेल खेलाइनेछ।

यो प्रतियोगितापछि शीर्ष पाँच स्थानमा रहेका, पहिलो चरणबाट शीर्ष ११ वरियताक्रममा परेका तथा दोस्रो चरणका ४ विजेता राष्ट्रसहित कुल २० राष्ट्रलाई पाँच समूहमा विभाजन गरेर तेस्रो चरणको प्रतिस्पर्धामा सहभागी गराइनेछ। यो प्रतियोगितामा प्रत्येक समूहमा विजेता रहेका १० टिमलाई अर्को चरणमा दुई समूहमा विभाजन गरेर प्रतियोगिता गराइनेछ। उक्त प्रतिस्पर्धामा शीर्ष दुई स्थानमा रहेका राष्ट्रले विश्वकप फाइनल खेल्न पाउनेछन् भने तेस्रो हुने राष्ट्रले ओसियानाको विजेतासँग प्लेअफ प्रतियोगिता खेलेर विश्वकप फुटबलको फाइनलको टिकट सुरक्षित गर्नुपर्नेछ।

यसपटकको पहिलो चरणको छनौटमा नेपालको प्रतिद्वन्द्वी ओमानसँग नेपालले पछिल्लो पटक सन् २००४ को एसिया कपको छनौट प्रतियोगिता भेटेको थियो। दक्षिण कोरियाको इन्चेनमा सम्पन्न छनौटमा नेपाल

योजना बनाएको हो।

नेपालले आगामी विश्वकपको प्रशिक्षण भदौ १ गतेदेखि प्रारम्भ गर्ने योजना बनाएको थियो तर अहिले अधिकांश खेलाडी पोखरामा आयोजना भैरहेको अन्तरनगरपालिका फुटबल प्रतियोगितामा व्यस्त रहेका कारण यो प्रतियोगिताको समाप्तिपछि मात्र



## एन्फाको नयाँ लोगो

पहिलेको श्रीपेच अंकित लोगो हटाएर अखिल नेपाल ... नयाँ लोगो निर्माण गरेको छ। जनआन्दोलन भाग-२ को मर्मअनुरूप संस्थालाई लोकतन्त्रअनुकूल बनाउन नयाँ लोगो निर्माण भएको हो। एन्फाको नयाँ लोगोमा सर्वोच्च शिखर सगरमाथामा नेपालको नक्सामाथि पट्टी नेपालको राष्ट्रिय झन्डाको बीचमा फुटवल राखिएको छ। आइतबार पोखरामा बसेको एन्फाको बैठकले त्यही मितिदेखि नयाँ लोगो प्रयोग गर्ने निर्णयसमेत गरेको छ।

यसै गरी एन्फाबाट सञ्चालित गोल प्रोजेक्टलाई पाँच जिल्लामा अघि बढाउन सम्भाव्यता अध्ययनको प्रक्रि... अर्को निर्णय पनि एन्फाको बैठकले गरेको छ। गोल प्रोजेक्ट... लागि आठ जिल्लाको सम्भावित अध्ययनका लागि प्राविधिक ... जिल्लाको भ्रमणमा जाने भएको छ। गोल प्रोजेक्टअन्त... ललितपुरको च्यासल, धरान र रूपन्देहीमा पूर्वाधार निर्माण ... त्यसैगरी राष्ट्रिय महिला फुटबल प्रतियोगिता नेपालगन्ज ... एक ठाउँमा हुने भएको छ। 'ती दुई स्थानको स्थलगत अ... पनि टोली जानेछ। एन्फाका प्रवक्ता ललितकृष्ण श्रेष्ठले ब...

यसबीच पश्चिमाञ्चलस्तरीय रेफ्री प्रशिक्षण क... आइतबारदेखि पोखरामै सुरु भएको छ। एन्फाको आयो... कास्कीद्वारा सञ्चालित उक्त प्रशिक्षणमा पश्चिम क्षेत्रका ९ ... गरी २७ रेफ्रीसहभागी छन्। तालिमको उद्घाटन ... थापाले गरेका थिए भने फिफा रेफ्री श्रीराम र... इन्स्ट्रक्टरका रूपमा संलग्न छन्।

– शिव...

## भोलिदेखि राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता

चितवनमा भोलि (भदौ १) देखि ३१ औं राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता सुरु हुँदैछ। ३१ औं राष्ट्रिय ब्याडमिन्टनमा पहिलो पटक आयोजकले अनुमान गरेको भन्दा धेरै प्रतियोगीले सहभागिता जनाउनेछन्। प्रतियोगिताकै लागि राजधानीबाट आएका ब्याडमिन्टनका राष्ट्रिय प्रशिक्षक मेघराज कठायतका अनुसार गत वर्षको प्रतियोगितामा संघ गठन भएका जिल्लाहरूलाई मात्र आमन्त्रण गरिन्थ्यो र तिनीहरू नै प्रतियोगितामा सहभागी हुन्थे, तर यसपालि संघ गठन नभएका जिल्लाहरूलाई पनि सहभागी गराइने भएको छ। संघ नभएका जिल्लाहरूमा अछाम, रोल्पा र संखुवासभाबाट प्रतियोगीहरू आउने निश्चित भएको छ। यस बाहेक प्रहरी, सशस्त्र प्रहरी, हिमालयन ब्याटमिन्टन क्लब र पहिलो पटक आर्मी क्लब पनि प्रतियोगितामा सहभागी हुनेछन्।

राष्ट्रिय प्रशिक्षक मेघराज कठायतका अनुसार नेसनल र्‍याङ्किङका ३२ पुरुष र १६ जना महिलाले स्वत: खेल्न पाउनेछन् भने प्रत्येक जिल्लाबाट १२ वटा इभेन्टका लागि १४ जना खेलाडीको कोटा तोकिएको छ, तर एउटै जिल्लाबाट २२ जनासम्म खेलाडी आउने भएकाले यस पटकको प्रतियोगिता निकै प्रतिस्पर्धा हुने उनले बताए। दुई वर्षअघि धनगढीमा भएको प्रतियोगितामा २५ जिल्लाका १ सय ५० खेलाडीले सहभागिता जनाएका थिए। यसपालि नियमित ११ बाहेक भेट्रान्स इभेन्टस थप गरिएका कारण पनि सहभागी वृद्धि भएका हुन।

–प्रवीण दत्त

# नेपाली खेलाडीलाई अन्तर्राष्ट्रिय छात्रवृत्ति



काठमाडौं- विश्वको सर्वाधिक भव्य खेलकुद प्रतियोगिता ओलम्पिकमा आफ्नो देशको झन्डा फहराउन अहिले अधिकांश राष्ट्रका खेलाडीहरू कम्मर कसिसकेका छन् तर नेपालको परिप्रेक्ष्यमा हेर्ने हो भने आगामी वर्ष छिमेकी मुलुक चीनको बेइजिङमा आयोजना हुने ओलम्पिक प्रतियोगिताका लागि कुनै किसिमको तयारी प्रारम्भ भएको छैन ।

राष्ट्रिय खेलकुद परिषद्ले आगामी ओलम्पिक प्रतियोगिताका लागि तयारी प्रारम्भ गर्न नसकिरहेको परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले नेपालका चार जना खेलाडीलाई आगामी ओलम्पिक प्रतियोगितामा सफलता पाऊन् भनेर छात्रवृत्ति दिएको छ । नेपाल ओलम्पिक कमिटीसँग भएको छात्रवृत्ति सम्झौतामा एथलेटिक्सका एक तथा तेक्वान्दोका तीन जना खेलाडी आबद्ध छन्, जसमा म्याराथन धावक अर्जुनकुमार बस्नेत छन् भने तेक्वान्दोबाट दीपक विष्ट, मनिता शाही तथा आयषा शाक्य छिन् ।

दीपक विष्ट तेक्वान्दोका सर्वाधिक सफल खेलाडी मानिन्छन् । उनले दक्षिण एसियाली खेलकुद प्रतियोगितामा लगातार तेस्रो पटक नेपाललाई स्वर्ण पदक दिलाएका थिए भने पछिल्लो पटक कतारको दोहामा सम्पन्न एसियाली खेलकुद प्रतियोगितामा नेपाललाई कांस्य पदक दिलाएका थिए । यसैगरी मनिता शाहीले श्रीलंकाको राजधानी कोलम्बोमा सम्पन्न सागमा स्वर्ण पदक जित्नुका साथै एसियाडमा कांस्य पदक जितेकी थिइन् ।

तेक्वान्दोबाटै आगामी ओलम्पिक प्रतियोगिताका लागि छात्रवृत्ति पाएकी आयुषा शाक्यले पनि १० औं सागमा स्वर्ण पदक जित्नुका साथै दोहा एसियाडमा कांस्य पदक जितेकी थिइन् । यी तीन खेलाडीले मात्र नेपाललाई गत एसियाडमा पदक दिलाएका थिए । दोहा एसियाडको म्याराथन खेल २ घन्टा २३ मिनेट ५५ सेकेन्डमा पूरा गरेर एघारौं स्थान हासिल गरेका अर्जुनकुमार बस्नेतले तेक्वान्दोबाहेकको खेलमा एक मात्र छात्रवृत्ति पाएका छन् ।

मासिक १ हजार डलरको उक्त छात्रवृत्तिअन्तर्गत उनीहरूको अभ्यास र तयारी गरिनेछ । म्याराथन धावक अर्जुनकुमार बस्नेत बेइजिङ ओलम्पिक छनौट प्रक्रियाअन्तर्गत नभएर अन्तर्राष्ट्रिय एमेच्योर एथलेटिक्स फेडेरेसनको वैकल्पिक उपायबाट सहभागिता जनाउने तयारीमा छन् भने तेक्वान्दो खेलाडीलाई छनौट प्रतियोगितामा सहभागी गराइनेछ ।

छात्रवृत्ति पाएका तेक्वान्दो खेलाडीहरू सेप्टेम्बर महिनामा इङ्ल्यान्डको म्यानचेस्टरमा आयोजना हुने विश्व तेक्वान्दो छनौट प्रतियोगितामा सहभागी हुनेछन् भने त्यसपछि उनीहरूले नेभेम्बर महिनामा भियतनाममा हुने एसियाली राष्ट्रको छनौट प्रतियोगिताबाट गुज्रिनुपर्ने हुन्छ । यो प्रतियोगितामार्फत छात्रवृत्ति पाएका खेलाडीहरूले ओलम्पिक प्रतियोगितामा सहभागिता गर्न पाए उनीहरूको छात्रवृत्तिलाई निरन्तरता प्रान गरिनेछ । अहिले एक महिनाका लागि छात्रवृत्ति पाए पनि नेपालका तीन जना तेक्वान्दो खेलाडी दक्षिण कोरियाको इन्चेनमा प्रशिक्षण लिइरहेका छन् ।

## आदिवासी खेलकुद प्रतियोगिता

बुटवल- विश्व आदिवासी दिवसका अवसरमा आयोजित विभिन्न खेलकुद प्रतियोगिता अन्तर्गत पुरुष भलिबलमा फन टिम ड्राइभरटोल रूपन्देही प्रथम भएको छ । देशभरका २१ टिमले भाग लिएको प्रतियोगिताको फाइनलमा फन टिमले थारु कल्याणकारिणी सभा बुटवललाई बेस्ट अफ फाइभको खेलमा ३-१ ले जितेको हो । प्रतियोगितामा तमु छोंज धि बुटवल तृतीय भयो । त्यस्तै ९ टिमले भाग लिएको महिला भलिबलतर्फ नेपाल मगर संघ बुटवल प्रथम भयो । बेस्ट अफ फाइभका आधारमा खेलाइएको फाइनल खेलमा मगर संघले सुनवल युवा परिवार, नवलपरासीलाई ३-० ले जितेको थियो । महिला भलिबलमा रोहिणी युवा क्लब, देवदह, रूपन्देही तृतीय भयो । पुरुष र महिला दुवैतर्फका प्रथम, द्वितीय र तृतीय हुने टिमले क्रमशः रु १० हजार, ७ हजार र ५ हजार नगद पुरस्कार हात पारे ।

उक्त अवसरमा खेलाइएको तारो हान्ने खेलमा छन्त्याल समाज काठमाडौं प्रथम भयो । ९ टिमले प्रतिस्पर्धा गरेको यो खेलमा थकाली सेवा समिति काठमाडौं ए द्वितीय तथा नेपाल मगर संघ म्याग्दी तृतीय भए । तारो हान्नमा प्रथम हुनेलाई १२ हजार, द्वितीयलाई १० हजार र तृतीयलाई ८ हजार नगद पुरस्कार प्रदान गरियो । उता १६ जनाले प्रतिस्पर्धा गरेको लोपोन्मुख छेलो फाल्ने प्रतियोगितामा काठमाडौंका नवीन शेरचन प्रथम भए ।

## युवा दिवसको दौड



धनकुटा- आठौं अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा धनकुटा नगरपालिकाको सहयोग एवं नेपाल परिवार नियोजनको आयोजनामा धनकुटामा खुला दौड प्रतियोगिता सम्पन्न भएको छ । उक्त खुला दौड प्रतियोगितामा धनकुटा, तेह्रथुम, संखुवासभा तथा भोजपुरका गरी जम्मा ४९ जना युवाले भाग लिएका थिए । जम्मा ४९ जना प्रतियोगीमध्येमा धनकुटा-७ की संगीता बान्तवा एक मात्र युवतीले दौडमा भाग लिएकी थिइन् ।

गर्मीको मौसम भए पनि सिम-सिम पानी परेका कारण दौडमा सहभागीहरूलाई निकै सजिलो भैरहेको थियो । धनकुटाको मदनचोकबाट सुरु भएको उक्त खुला दौड प्रतियोगितामा धनकुटाका विभिन्न चोकहरू भीमनारायण चोक, माथिल्लो कोप्चे, तल्लो कोप्चे हुँदै धनकुटा टुँडिखेलमा आएर दुई राउन्ड लगाएर सकिएको थियो ।

प्रतियोगितामा धनकुटा नगरपालिका- २ निगालेका जिद्धसिं ठकुरी प्रथम, धनकुटा-२ निगालेकै खेम थापा द्वितीय तथा धनकुटा-७ हुलाकटोलका कविर राई तृतीय भए । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीयलाई क्रमशः १ हजार २ सय, ८ सय, र ६ सय नगद तथा प्रमाणपत्र प्रदान गरिएको थियो । त्यसैगरी एक मात्र महिला प्रतियोगी संगीता राईलाई प्रोत्साहनस्वरूप सान्त्वना पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो ।

भिषा काफ्ले

**अनुयाज गौतम, तेक्वान्दो खेलमा तेस्रो डन र अन्तर्राष्ट्रिय रेफ्री । गौतमले हालै दक्षिण कोरियामा आयोजित अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदकसमेत पाए । १२ वर्षको उमेरदेखि तेक्वान्दो खेलमा प्रवेश गरेका गौतमले यो क्षेत्रमा करिब २ दशक बिताइसकेका छन् तर उनी महासचिव भएको अखिल नेपाल तेक्वान्दो संघलाई राष्ट्रिय खेलकुद परिषद्ले अझै मान्यता दिएको छैन तर उक्त संघ विश्व तेक्वान्दो महासंघसँग आबद्ध छ । नेपालका १४ जनाले अन्तर्राष्ट्रिय रेफ्रीको मान्यता पाए पनि नेपालभित्र अहिले ४ जना मात्र छन् । जसमध्ये तीन जना राष्ट्रिय खेलकुद परिषद्सँग आबद्ध छन् भने गौतम राष्ट्रिय खेलकुद परिषद्भन्दा बाहिर छन् । गत साता नेपालमा ३५ हजार व्यक्ति र खेलाडीले नक्कली तेक्वान्दोको प्रमाणपत्र प्रयोग गरिरहेको तथ्य सार्वजनिक गरेर चर्चामा आएका गौतमसँग साप्ताहिकले राखेको पाँच प्रश्न :**

## ५ प्रश्न



**यत्रो तथ्य तपाईंले किन अहिले सार्वजनिक गर्नुभयो ?**

मैले पहिलेदेखि नै यो कुरा उठाउँदै आएको हुँ तर कसैले सुनेनन् । अहिले मिडियाले कभरेज गरेका कारण चर्चामा आएको हो । मेरो अभिप्राय यसलाई चर्चामा ल्याउनेभन्दा पनि खेलाडीको क्षमताले अन्तराष्ट्रिय मान्यता पाउनुपर्छ भन्ने नै हो ।

**त्यो तथ्य केका लागि सार्वजनिक गर्नुभयो ?**

नेपालमा हजारौं व्यक्तिले आफ्नो युवा समय तेक्वान्दोमा खर्चिए । केही गर्ने समय तेक्वान्दो खेलमा बिताएपछि यो खेलबाट उनीहरूले आफ्नो भविष्य सुनिश्चित गर्न पाउनुपर्छ । यसका लागि ती खेलाडीहरूले नेपालमै वर्ल्ड तेक्वान्दो फेडेरेसनबाट डनको प्रमाणपत्र लिन पाउनुपर्छ । यो विषयमा नेपाली तेक्वान्दोको जिम्मेवार निकायले सोचोस् भन्ने मेरो आशय हो ।

**यो विषयको जानकारी तपाईंले वर्ल्ड तेक्वान्दो फेडेरेसनलाई पनि गराउनुभयो, होइन ?**

केही अन्तर्राष्ट्रिय तेक्वान्दो प्रशिक्षणका क्रममा मसँग डन भैसकेका व्यक्तिहरू पनि सहभागी हुनुभएको थियो तर उक्त प्रशिक्षणमा उहाँहरू अनुत्तीर्ण हुनुभयो । जसका कारण मलाई यो तथ्य सार्वजनिक गर्न थप प्रेरणा जाग्यो र मैले नेपालको वास्तविकता उनीहरूसमक्ष राखे ।

**स्वदेश र विदेशबाट कस्तो किसिमको प्रतिक्रिया आयो ?**

अव वर्ल्ड तेक्वान्दो फेडेरेसनले नेपाल तेक्वान्दो संघलाई अवगत गराउने हो । यदि यो विषयमा राष्ट्रिय खेलकुद परिषद् र तेक्वान्दो संघले पहल गरे समस्या समाधान हुनुका साथै हजारौं नेपाली खेलाडी अन्तर्राष्ट्रिय क्षेत्रको ढोका खोलिन्छ तर सम्बन्धित निकाय त्यसो गर्न चाहिरहेको छैन । उनीहरूले खेलाडीहरूले चर्को शुल्क तिर्नुपर्ने कारण अघि सारेका छन् । मेरो जानकारीमा अन्तर्राष्ट्रिय मान्यता पाउन ७० डलर बुझाउनुपर्छ जसमा सरकारको सिफारिस भए ६० प्रतिशत शुल्क मिनाह हुन्छ । यस विषयमा राष्ट्रिय खेलकुद परिषद् र संघले नै पहल गर्नुपर्ने हुन्छ ।

**यसरी डन भएकाहरूको भविष्य के हुन्छ ?**

नेपालमा डनको प्रमाणपत्र लिएपछि उसको क्षमता नेपालमात्र सीमित हुन्छ भन्ने कुरा कतिपयले अझै बुझेका छैनन् वा उनीहरूलाई बुझाइएको छैन । यो कुरा बुझे उनीहरू अन्तर्राष्ट्रिय क्षेत्रमा अमान्य हुन्छन् भन्ने डर धेरैलाई छ जस्तो लाग्छ । तेक्वान्दोलाई शिक्षा र खेलका रूपमा बुझेका धेरै राम्रा खेलाडीहरू अन्तर्राष्ट्रिय क्षेत्रमा प्रशिक्षकका रूपमा कार्य गरिरहेको तथ्य नेपालको खेलकुद क्षेत्रलाई राम्रोसँग अवगत छ ।


## बुद्धिचालमा विवाद

भर्खरै राष्ट्रिय खेलकुद परिषद्ले सीताराम अग्रहरीको अध्यक्षतामा रहेको बुद्धिचाल संघलाई विघटन गर्दै हीराबहादुर स्थापितको अध्यक्षतामा तदर्थ कमिटी गठन गरेपछि विवादले नयाँ रूप लिएको हो । बुद्धिचाल खेलको विवाद नौलो भने होइन, तथापि एकपछि अर्को मोड लिँदै आएको बुद्धिचाल विवादमा यो प्रकरण थप अध्यायका रूपमा देखा परेको छ । विवादले सबैभन्दा प्रभावित तेस्रो अन्तर्राष्ट्रिय बुद्धिचाल प्रतियोगिता बन्यो । अग्रहरीको अध्यक्षतामा रहेको संघ विघटन गरिए पनि बुद्धिचालको अन्तर्राष्ट्रिय प्रतियोगिता जारी नै रह्यो र त्यसको नेतृत्व अग्रहरीले नै गरिरहे । प्रतियोगिताको घोषणा भैसकेपछि संघ विघटन भए पनि अग्रहरीले आफ्नो कार्यलाई निरन्तरता दिँदै आए । यता असन्तुष्ट पक्षले प्रतियोगितामा अग्रहरीलाई बारम्बार असहयोग गरिरह्यो ।

एउटा अचम्मको घटना पनि देखिएको छ यही विवादमा । परिषद्ले अग्रहरीको अध्यक्षतमा रहेको संघ विघटन गरेपछि सदस्य-सचीव जीवनराम श्रेष्ठ विदेश प्रस्थान गरेका छन् । यता, अग्रहरीले संघको अध्यक्षकै रूपमा सञ्चालन गरेको कार्यक्रममा परिषद्का कोषाध्यक्ष अजर मानन्धरले उपस्थित जनाएर उनलाई नैतिक बल दिए । बुद्धिचाल विवादको यो श्रृंखला भने धेरै लामो हो । दुई वर्षअघि तत्कालीन बुद्धिचाल संघको ठूलो समूह अध्यक्ष सीताराम अग्रहरिको विरुद्धमा रहेपछि संघलाई पुनर्गठन गरिएको थियो । पुर्नगठनपछि हटाइएका पूर्वसचीव नवीन तण्डुकार तथा सन्देश प्रधानले बुद्धिचाल समन्वय परिषद् नामक समानान्तर संस्था गठन गरेका थिए ।

त्यसको लगत्तै सम्पन्न संघको साधारण सभाले अग्रहरीलाई अध्यक्षमा निर्वाचित गरे पनि केही महिनाअघि निर्वाचित ११ मध्येका आठ जनाले राष्ट्रिय खेलकुद परिषद्मा राजीनामा दिएका थिए । समन्वय परिषद् र यी आठ जनाको समूहले कार्यगत एकता गर्दै अग्रहरीको कमिटी विघटन हुनुपर्ने माग गर्दै आएका थिए ।

## मौन प्रेमका खेलाडी



गत महिना सम्पन्न विम्बल्डन टेनिस प्रतियोगिताको मिक्स डबल उपाधि सर्बियाकी जेलिना जान्कोभिच तथा ब्रिटेनका जेमी मुर्रेले हात पार्दा उपस्थित दर्शकले मुस्किलले भेउ पाएका थिए- उनीहरूबीच मायापिरती गाँसिन लागेको छ । यो कुराको झनक स्वयं यो प्रेम कथाकी नायिका जेलिनालाई पनि थाहा थिएन, तर अहिले उनी प्रतियोगिताका आफ्ना सहकर्मी जेमीले गरेको व्यवहार सम्झँदा लाजले भुतुक्कै हुन्छिन् । सेमिफाइनलमा फ्रान्सका सान्टोरो र ब्रेमोण्डको जोडीलाई पराजित गर्ने क्रममा जेमी र जेलिना विम्बल्डनमा आदर्श जोडीका रूपमा स्थापित भैसकेका थिए । जेलिना अहिले त्यो क्षण सम्झन्छिन्- 'म सिंगल खेल्न चाहनेलाई उसले कर गरेर डबल्समा ल्यायो । कोर्टमा पनि उसले मेरो मन जित्न ज्यान दिएर खेल्यो । कोर्टमा मैले गल्ती गरें भनेर कहिल्यै रिसाएन,' ऊ भन्थ्यो- 'मतिर हेरेर मुस्कुराऊ है ।' म टिम स्पिरिटका लागि उसको प्रत्येक सफलतामा उसलाई चुम्बन गर्थे । यही चुम्बन पाउन उसले दिलो ज्यान दिएर खेल्यो र हामी पहिलो पटक मिक्स डबल्सको फाइनलमा सफल भयौं । यो सफलतापछि उसले मलाई आगामी क्रिसमस उसको घर स्कटल्यान्डमा मनाउन निम्ता गऱ्यो । उसको प्रस्तावमा म मुस्कुराएकी मात्र छु, स्वीकार गरेकी छैन ।

## अमेरिकीहरूको मनमा बस्दै



कुनै समय विश्वका लाखौं युवाको मनमा कामोत्तेजना जगाउन सक्ने क्षमता भएकी भिक्टोरिया तथा उनीभन्दा बढी युवतीको सपनाको राजकुमार डेभिड बेकह्यामबीचको जोडी अहिले अमेरिकामा पनि जमिरहेको छ । म्यानचेस्टर युनाइटेडबाट खेल्दै इङ्ल्यान्डको फुटबल टिमका कप्तान रहँदादेखि स्पेनको रियल म्याड्रिडबाट खेल्ने क्रममा बेकह्याम जोडीको चर्चा सधैं युरोपका सञ्चार-माध्यममा हुने गर्थ्यो । अहिले अमेरिका बसाइँ सरेका बेकह्याम जोडीको चर्चा बसाइँ-सराइसँगै अमेरिकी छापामा हुने गरेको छ । श्रीमतीको करमा परेर अमेरिका बसाइँ सरेका बेकह्याम एलए ग्यालेक्सी क्लबसँग अनुबन्धित भएका छन् । बेकह्यामले आफ्नो देशमा आएर व्यावसायिक फुटबल खेलेको देखेर अमेरिकीहरू पनि दंग छन् । फुटबल म्याच कमै हेर्न रुचाउने अमेरिकीहरू अहिले डेभिडको उपस्थितिका कारण रंगशालामा प्रवेश गर्ने होडमा हुन्छन् । त्यसो त बेकह्यामको चर्चा मैदानमा जति हुन्छ त्योभन्दा बढी मैदानबाहिर नै हुन्छ । स्वयं डेभिड पनि यो कुरा स्वीकार गर्दै भन्छन्- 'कसरी ग्ल्यामरस देखिने भन्ने कुरामा श्रीमतीले मलाई सधैं दबाबमा राख्छिन्, जसका कारण मेरो हाउभाउ बाहिर चर्चित हुने गरेको छ । फुटबल खेलेर मात्र अमेरिकीको मन जित्न सकिने नदेखेपछि बेकह्याम जोडीले अमेरिकाको एक म्यागजिनका लागि कामोत्तेजक तस्बिरहरू खिचाएका छन्, जसमा भिक्टोरिया र डेभिडले बेड सिनका साथै आफ्नो शरीरको टाटु पनि प्रस्तुत गरेका छन् ।

पृष्ठ १ बाट जारी

# रमझम डिजाइनर प्रतिस्पर्धाको



अन्ततः गुलमोहर डिजाइनिङ संस्था, पोखराकी रजनी गुरुङ र प्रीति गुरुङद्वारा तयार पारिएको पहिरन सर्वोत्कृष्ट ठहरियो । मोडल सृष्टि श्रेष्ठद्वारा प्रस्तुत गरिएको उक्त उत्कृष्ट पहिरनमा कलर कम्बिनेसन सबैभन्दा आकर्षक पक्ष थियो । पिङ्क कलरको साटन कपडासहित सिफनमा येलो-अरेन्जजस्ता कलरको टाई एन्ड डाई मिश्रण प्रयोग गरिएको उक्त पहिरनमा कम्मरतिर गरिएको प्लिट्स शैली अर्को आकर्षक पक्ष देखियो । सितारा र स्टोन वर्कसहितको उक्त स्लिभलेस हल्टर शैलीको इभिनिङ गाउनमा फ्लावरी डेकोरेसनले अझ शोभा बढाएको थियो ।

उक्त प्रतिस्पर्धामा फस्ट रनरअप विजेता एनईएफटीका नवीना मानन्धर भएकी थिइन् । मानन्धरद्वारा सृजित पहिरन पनि मोडल सृष्टि श्रेष्ठले नै प्रस्तुत गरेकी थिइन् । सेकेन्ड रनर-अप भने डिजाइनर बेबिना श्रेष्ठ बनिन् । मोडल सुहानीद्वारा प्रस्तुत गरिएको बेबिनाको पहिरन भने रातो मखमलको साडी थियो । प्रतिस्पर्धाको वातावरणमा गायकद्वय भरत सिटौला र जविकले आफ्ना चर्चित गीतहरूबाट कार्यक्रममा सांगीतिक शीतलता प्रदान गरे ।

अन्य उपाधितर्फ साफ्ट बुटवलका पूनम र प्रमिलाको जोडी थर्ड रनरअप, सकुन्तला थापा फिफ्थ रनरअप, योजना र कमलाको जोडी सेभेन्थ रनरअप तथा अरुणा नाइन्थ रनरअप घोषित भए । यसैगरी गुलमोहर, पोखराकी सुखी लामा फोर्थ रनरअप भइन् । एनईएफटी काठमाडौंका शारदा लामा टेन्थ रनरअप, कृपा महर्जन एट्थ रनरअप तथा गीता शाही सिक्स रनरअप घोषित भए ।

–रोजिन शाक्य

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल ।**